# अपाङ्गता सम्बन्धी

# राष्ट्रिय नीति तथा कार्ययोजना

## २०६३

# अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३

## भूमिका

१. संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा गरे पश्चात सुस्त्मनःस्थितिका भएका व्यक्तिहरु लागि सन् १९७१ मा र अपााङ्गका भएका व्यक्तिहरुका लागि सन् १९७५ मा मानव अधिकारको प्रत्याभूति हुने दस्तावेजको घोषणा गरेको पाइन्छ । नेपालमा वि.सं. २०२१ देखि दृष्टिविहिनहरुका लागि, २०२३ देखि सुस्त श्रवणका लागि र २०२६ देखि शारीरिक अपाङ्गका लागि शिक्षाको थालनी भएको पाइन्छ । वि.सं. २०३० मा विशेष शिक्षाको विकास एवं विस्तार गर्ने उद्देश्यले विशेष शिक्षा परिषद्को गठन भए पश्चात अपाङ्गहरुको शिक्षाको विकासका निमित्त कार्य प्रारम्भ भई यसैताका तत्कालिन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को पनि गठन लगायत अपाङ्ग तथा निसहाय व्यक्तिहरुको उत्थान तथा विकासको क्षेत्रमा विभिन्न कार्यहरुको थालनी भएको हो ।

२. सन १९८१ मा अन्तराष्ट्रिय अपाङ्ग वर्ष मनाउने क्रममा सर्वप्रथम नेपालमा अपाङ्गको नमूना सर्वेक्षण पनि भयो । यसबाट कुल जनसंख्याको ३ प्रतिशतमा अपाङ्गता रहेको तथ्यांक प्रकासमा आयो । राष्ट्रसंघले अपाङ्गहरुको विकासका लागि कार्य गर्न सन् १९८२ मा अपाङ्ग सम्वन्धी विश्व कार्य योजना (The World Program of Action Concerning Disabled Persons) र विश्व अपाङ्ग दशक (१९८३-१९९२) मनाउन विभिन्न कार्यक्रमहरु सिफारिस गऱ्यो । सन् १९८९ को बाल अधिकार सम्वन्धी महासन्धिले अपाङ्गता भएका बालबालिकाको अधिकार, सन् १९९० को जोमटिएन र सन्न २००२ को डाकार घोषणाले "सबैका लागि शिक्षा" घोषणापत्र जारी गरेर अपाङ्ग बालबालिका समेतको शिक्षाको अवसरलाई सुनिश्चित गरेको छ ।

३. नेपाल अधिराज्यको संविधान २०४७ को निर्देशक सिद्धान्तमा अपाङ्गको हक हित तथा संरक्षणको प्रत्याभूति गरेको छ भने अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ ले अपाङ्गको विकास र हित संरक्षणको निमित्त विभिन्न प्रावधानहरुको व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुका निमित्त अवसर समानीकरण सम्वन्धी संयुक्त राष्ट्र संघीय प्रामाणिक नियम १९९३ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ ले मुलकमा अपाङ्ग व्यक्तिका निमित्त निरन्तर कार्य गर्न ध्यानाकर्षण गरेको छ । एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको विस्तारित दशक (२००३-२०१२), विवाको सहश्राब्दी कार्य योजना समेतका आधारमा मुलुकमा समयबद्ध राष्ट्रिय नीति तथा कार्ययोजना तयार गरी कार्यान्यवयन गर्नु आवश्यक भएको हुँदा विभिन्न मन्त्रालय र सम्वद्ध निकाय, नागरिक समाज, अपाङ्ग व्यक्ति र यिनका संस्थाहरुको राय, सुझाब समेटी प्रस्तुत अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति ता कार्ययोजना २०६३ तयार गरिएको हो ।

४. अपाङ्ग व्यक्तिहरुले प्रजातन्त्रको पुर्नवहाली पश्चात् संघ संस्था खोल्ने र संगठित हुने पर्याप्त अवसर पाए । यसै क्रममा मुलुकमा अपाङ्गहरुका कैयन संघ संस्था खुली कार्यरत छन् । जिल्ला देखि केन्द्रसम्म खुलेका अपाङ्गका संघ संस्थाको प्रतिनिधित्व गर्न, उनीहरुको हक हितका लागि समन्वयात्मक रुपमा संगठित भइ अधिवाचन लगायत नेतृत्व गर्ने उद्देश्यले छाता संस्थाको रुपमा राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल वि.सं.

२०५० मा स्थापित भइ कार्यरत छ । मुलुकमा रहेका अपाङ्ग व्यक्तिहरुका लागि अधिकारमुखी राष्ट्रिय नीति तथा कार्यक्रम तय गरी यस्ता समुदायहरुलाई विकासको मूलधारमा समावेश गर्न गराउन सरकारद्वारा राष्ट्रिय कार्यक्रमहरुको पनि थालनी भयो, तथापी अपाङ्ग व्यक्तिहरुको सहज एवं सम्मानपूर्ण जीवनयापनको आवश्यकता पूरा हुन नसकेको अवस्था विद्यमान छ । यी विषयहरुलाई मध्यनजर राखी अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरण, आर्थिक एवं सामाजिक सशक्तिकरणका निमित्त प्रस्तुत राष्ट्रिय नीति तथा कार्ययोजनाको तर्जुमा गरिएको हो । कार्य समितिले नेतृत्व तहमा अपाङ्गहरु, अभिभावकहरु, समाजसेवीहरु सरकारी निकाय तथा गैर सरकारी (अपाङ्गसंग सम्वन्धित) संस्थाहरु, विशेषज्ञहरुको सहभागितामा पटक पटक संचालित छलफल, गोष्ठिबाट प्राप्त पृष्ठपोषणलाई महत्वपूण् सुझाव र मार्ग दर्शनको रुपमा ग्रहण गरेको छ ।

५. कार्ययोजनाले तोकेको सत्रवटा प्राथमिकताका विषय क्षेत्र प्रत्येकमा पृष्ठभूमी, वर्तमान अवस्था, मुद्दाहरु, उद्देश्य, नीति, रणनीति कियाकलापहरुको कार्यान्वयन गर्ने जिम्मेवारी निकाय संस्था, समन्वय, कार्यान्वयन अवधि, अनुगमन सूचक आदि उल्लेख छन् । राष्ट्रिय नीति तथा कार्ययोजनाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारित समाजको स्थापना गर्दै राष्ट्रिय विकासको मूल धारमा समाहित गर्ने दीर्घकालीन लक्ष्य लिएको छ । यस अनुरुपका कार्यहरु निरन्तर एवं समन्वयात्मक रुपमा कार्यान्वयन हुँदा अपाङ्गता भएका व्यक्तिहरुको जीवन निश्चय नै सहज र सम्मानित हुने विश्वास लिएको छ ।

६. कार्ययोजना निर्माण गर्ने क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष स्व. मुनिश्वर पाण्डे, वर्तमान अध्यक्ष श्री वीरेन्द्रराज पोखरेल, श्री माधवप्रसाद अर्याल र श्री राजेन्द्र कार्कीले पुर्‍याउनु भएको योगदान, राष्ट्रिय नीति तथा कार्ययोजना तर्जुमा प्रक्रियामा संलग्न भई महत्वपूर्ण योगदान पुर्‍याउने निर्देशक समिति, कार्य समिति र विषयगत समूह लगायत सम्पूर्ण निकाय, संस्था तथा महानुभावहरुलाई समिति धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष
अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति तथा कार्य योजना, २०६३
तर्जुमा कार्य समिति

# सार संक्षेप

क. अपाङ्गका भएका व्यक्तिहरुको हक अधिकारका लागि पारित अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धि, घोषणा मुलुकले प्रतिवद्धता अनुरुप अनुसरण, सम्पादन गर्नु पर्ने राष्ट्रिय दायित्व हुन्छ। नेपालले अपाङ्गताको क्षेत्रमा पारित सन्धि, महासन्धिमामा हस्ताक्षर गरेको भएपनि अपाङ्गको हक अधिकारको स्थापना र विकासमा अपेक्षित उपलब्धी हुन नसकिरहेको अवस्था विद्यमान छ । यसै सन्दर्भलाई दृष्टिगत गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि शिक्षा, स्वास्थ्य, तालिम, रोजगार, पुनर्स्थापना लगायत सार्वजनिक स्थल, सेवा र संचारमा पहुँच स्थापित गरिनु आवश्यक रहेको छ । अपाङ्गप्रति विभेदपूर्ण जनिने कानूनमा संशोधन गरी यस्ता समुदायको हक अधिकारको संरक्षण गर्दै सम्मानपूर्ण सामाजिक पुनर्स्थापना गरिनु आवश्यक भएको छ। यसै परिप्रेक्ष्यमा अपाङ्ग सम्वन्धी रार्षट्रिय नीति तथा कार्ययोजना - २०६३ तयार गरिएको हो ।

ख. निर्देशक समितले सिफारिश गरेका कार्यनीति, रणनीति एवं कार्ययोजना सम्वन्धी मुख्य मुख्य वुंदाहरु सहितको सार संक्षेप देहाय बमोजिम रहेकाछन् :

(१) अपाङ्गको हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न मौजुदा "अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति" को भूमिकालाई प्रभावकारी बनाइने छ। समन्वय समितिलाई स्वायत्त, अधिकार सम्पन्न तुल्याउन समितिको सदस्यता अपाङ्गहरु, यिनका संस्थाहरुको उपयुक्त संख्यामा प्रतिनिधित्व गराइने छ। समितिलाई सुदृढ बनाई यसको परामर्श, समन्वय र अनुगमन, मूल्याङ्कनको भूमिकालाई प्रभावकारी तुल्याईने छ ।

अपाङ्गको मानव अधिकार, आधारभूत सेवा र कार्यक्रम लगायत नीतिगत सरोकारका विषयका लागि राष्ट्रिय अपाङ्ग आयोग गठन गर्ने दीघृकालीन सोचँ रहेको छ । सरकारी, गैरसरकारी संस्था लगायत अपाङ्गहरुका लागि संचालित सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिबाट समेत गरिनेछ।

(२) अन्तरराष्ट्रिय मान्यता र अभ्यास अनुसार अपाङ्गताको परिभाषा र वर्गीकरण पुनरावलोकन गरिने छ। अपाङ्गहरुप्रति विभेद जनिने ऐन, नियमलाई समसामयिक र अपाङ्गता अनुकूल हुने गरी संशोधन गरिने छ।

(३) राष्ट्रियस्तरमा अपाङ्गता सम्वन्धी विषयको सूचना आदान प्रदान तथा अनुसन्धान गर्न एक केन्द्र स्थापना गरी अपाङ्गता विषयमा व्यवस्थित सूचना प्रणालीको विकास लगायत सूचनामा उनीहरुको सहज पहुंच स्थापित गर्ने संयन्त्रको विकास गरिने छ। अपाङ्गहरुको आवधिक तथ्याङ्क संकलन गरिनेछ।

(४) परिवार र समुदायमा अपाङ्ग प्रति सकारात्मक धारणा अभिबृद्धिका लागि समन्वयात्मक ढंगले सरकारी, गैर सरकारी र निजी क्षेत्र समेतको सहयोगमा राष्ट्रिय अभियानकै रुपमा जनचेतनामूलक लक्षित कार्यक्रम संचालन गरिने छ। कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अपाङ्गहरुका स्वयंसेवी संस्थाको सुदृढीकरण एवं संस्थागत विकास गरिने छ।

(५) हाल मुलुकमा सरकारी, गैर सरकारी र निजी क्षेत्रमा अपाङ्ग व्यक्तिको न्यून रोजगारीको विद्यमान स्थितिमा सुधार ल्याउन सरकारी निकाय र गैर सरकारी संघ संस्थाहरुमा अपाङ्गहरुका निमित्त तालिम र रोजगारको सुनिश्चि गर्न सकारात्मक विभेदको नीति लिईने छ । रोजगारीको लागि सरकारी गैर सरकारी तथा निजी क्षेत्र लगायतका हरेक क्षेत्रमा ५ प्रतिशत र तालिमको लागि दश प्रतिशत कोटा आरक्षणका गरिने कानूनी व्यवस्था प्रभावकारी बनाइने छ। अपाङ्गहरुको व्यावसायिक प्रवर्द्धनका निमित्त व्यावसायिक एवं सीपमूलक तालीम लगायत सहज लघु ऋणको प्रवाह गरी उद्यमशीलता एवं स्वावलम्विपनाका लागि कार्य गरिनेछ ।

(६) अपाङ्गको पहुंचलाई सुगम र सरल तुल्याउन सार्वजनिक महत्वका भौतिक (ठूला भवन, चलचित्र हल, बैंक, विद्यालय, अस्पताल, कार्यालय, सडकपेटी ट्राफिक चिन्ह, बस आदि) निर्माणको लागि नक्सांकन गर्दा, स्वीकृति दिदां अपाङ्गहरुको सहज पहूँच/अपाङ्ग मैत्री (Disabled Friendly) हुने किसिमले निर्माण मापदण्ड निती अवलम्बन गरिने छ ।

(७) अपाङ्गता भएका व्यक्ति र सहयोगीलाई सार्वजनिक यातायात साधनहरुमा हाल भैरहेको भाँडा निःशुल्क, छुट र स्थान सुरक्षाको नितीलाई कार्यान्वयन गरिने छ ।

(८) अपाङ्गका प्रकृति अनुरुप सरकारी र निजी क्षेत्रका संचार माध्यम (रेडियो, टेलिभिजन, छापा र इन्टरनेट) वाट अपाङ्गलाई सूचना दिने लगायत जनचेतना अभिवृद्धि गर्न अपाङ्गता सम्वन्धी विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ। दृष्टिविहिन र वहिराहरुको संचारका लागि सांकेतिक भाषा एवं ब्रेललिपीको विकास गर्दै यसलाई कानूनी मान्यता प्रदान गरिने छ ।

(९) अपाङ्ग वालवालिकाहरुका लागि सुलभ र अपाङ्गता अनुकुल हुने गरी शिक्षा प्रदान गरिने छ । अपाङ्गलाई पूर्व प्राथमिक तहदेखि उच्च तह सम्म गुणस्तरयुक्त निःशुल्क शिक्षा प्रदान गर्ने लिइने छ । यस्ता बालबालिकाहरुका लागि प्रत्येक जिल्लामा क्रमशः आवाशिय सुविधा सहितको माध्यमिक विद्यालय एकृकित, समाहित वा विशेष) पूर्वाधार तयार गरिने छ । पाठ्यपुस्तकहरुलाई पुनरावलोकन गरी अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक धारणा विकास गराउने किसिमका विषयवस्तुलाई समावेश गरिने छ ।

(१०) अपाङ्ग व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकासको लागि खेलकूद, सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गरिने छ। अपाङ्गताको विषयका निमित्त आवश्यक सबै प्रकारको जनशक्ति विकास गरिने छ ।

(११) अपाङ्गपन हुने कारणबारे जनचेतना जगाउने, अपाङ्गपन न्यूनीकरणका वा हुनै नदिन उपाय गरिने छ। अपाङ्गपनको पूर्व पहिचान गर्न र अपाङ्गहरु समेतको सहभागितामा विशेष कार्यक्रम संचालन गरिने छ। विभिन्न प्रकारका खोपहरु, भिटामिन-ए, आइरन चक्की र आयोडिनयुक्त नून सर्वसुलभ तरिकाले वितरण गर्ने कार्यक्रम निरन्तर रुपमा संचालन गरिने छ ।

(१२) आपाङ्गको स्वास्थ्योपचारको अधिकार सुनिश्चित गर्न वर्तमान ऐन नियममा संशोधन गरी सबै सरकारी अस्पताल एवं स्वास्थ्य केन्द्रमा निःशुल्क आधारभूत स्वस्थ्योपचारको व्यवस्था गरिने छ। केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरका अस्पतालमा अपाङ्गलाई छुट्टै शैयाको व्यवस्था गरी सेवा प्रदान गरिने छ। निःशुल्क उपचार र स्वास्थ्य परीक्षणको लागि स्वास्थ्य नीति, कार्यक्रम तयारी एवं बजेट सम्बन्धि विशेष व्यवस्था गरिने छ। नीजि एवं संस्थागत स्वास्थ्य केन्द्र, नर्सिङ्ग होममा अपाङ्ग व्यक्तिहरुका लागि सहुलियतमा स्वास्थोपचार प्रवन्ध गर्न गराउनका लागि नितीगत व्यवस्था लगायत उपयुक्त श्रोत साधनको प्रवन्ध गरिने छ।

(१३) अपाङ्गहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको विस्तार गरिनेछ। यस सम्बन्धी जनशक्तिको विकास एवं विस्तार गर्ने नीति लिइने छ। अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली २०५१ संशोधन गरी अपाङ्गहरुको सशक्तीकरणका लागि मेसिन, औजार एवं संरचना विकासका लागि सहुलियत दरमा ऋण उपलब्ध गराई प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था गरिने छ। सशक्तिकरण (सामाजिक, आर्थिक र राजनैतिक) को उपयुक्त कार्यक्रम तय गरी प्रभावकारी कार्यान्वयन गरिने छ। अपाङ्गको सामाजिक सुरक्षा र आर्थिक सम्वर्द्धनका लागि राष्ट्रियस्तरमा एक अपाङ्ग संरक्षरण कोष स्थापना गरिने छ।

(१४) सहायक सामाग्री स्थानिय श्रोत साधनको उपयोग गरी निर्माण गरिने र यस विषयमा सुधार , अनुसंन्धान गर्न उपयुक्त संयन्त्रको विकास गरिने छ । अपाङ्गका लागि आबश्यक पर्ने सहायक साधन निःशुल्क उत्पादन र वितरण गर्ने व्यवस्था गरिने छ ।सम्बन्ध अस्पतालहरुमा अर्थोपेडिक वर्कशप स्थापना गरिने छ । सहायक सामाग्री उत्पादन एवं वितरण गर्ने पाँच विकास क्षेत्रका यस्ता संस्थाहरुको सुढृदीकरणका लागि कार्यक्रम संचालन गरिने छ।

(१५) अपाङ्गका स्वावलम्वी संस्थाहरुको संस्थागत विकास र सुदृढीकरण गरिने छ। केन्द्रदेखि स्थानीय तहसम्मका विकास योजना, कार्यक्रम कार्यान्वयन एवं अनुगमन मूल्यांकनमा स्वावलम्वी संस्थाहरुलाई सहभागी गराइने छ। स्वावलम्वी संस्थाहरुको क्षमता विकास हेतु कार्यक्रम संचालनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाजलाई परिचालन गरिनेछ।

(१६) अपाङ्ग महिला र वालिकाको विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ। अपाङ्ग महिला र बालिकाहरुलाई लैङ्गिक समताको मूल प्रवाहिकरणमा समाहित गर्ने गरी लक्षित कार्यक्रम संचालन गरिने छ।

(१७) अपाङ्गपन निरोध, न्यूनीकरण, उपचार लगायत सशक्तिकरणका लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग विस्तार र संवर्धन गर्ने नीति लिईने छ। अन्तराष्ट्रिय संस्थाहरुका कार्यक्रममा आवश्यकतानुसार अपाङ्गहरुलाई पनि समावेश गरिने छ।

(ग) यी माथिका प्रावधानहरु अपाङ्ग व्यक्तिका मानव अधिकारको सुनिश्चिता, सामाजिक समावेशीकरण सम्मानपूर्ण पुनर्स्थापनना र सेवाहरुको विस्तारका लागि आधारभूत तत्वका रुपमा लिइएको छ ।

यसको सफल कार्यान्वयनबाट हाल विद्यमान अवस्थाको सहज रुपमा समाधान हुने विश्वास गरिएको छ। मुलुकको नवौं र दशौं पञ्चवर्षीय योजनाले परिलक्षित गरेको "गरीबि निवारण" को लक्ष्य हासिल गर्नका लागि पनि अपाङ्गलाई शिक्षा, स्वास्थ्य, तालिम, रोजगार, पुनर्स्थापना, आधारभूत सेवा र अवसर उपलब्ध गराउन नितान्त आवश्यक छ। यसर्थ मुलुकले अपाङ्गताका क्षेत्रमा पारित अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धि र महासन्धि, अन्तर्राष्ट्रिय घोषणा, प्रतिवद्धता जनाए अनुरुपका कार्य गर्दै जान प्राथमिकता कायम गर्नु जरुरी ठानिएको छ। यसका लागि मुलुकको आवश्यकता र अनुकूलतालाई मध्यनजर राखी दीर्घकालिन योजना एवं अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट उचित निकास लिन सकिने विश्वास गर्न सकिन्छ।

# अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३

**प्रारम्भिक**

पृष्ठभूमि

विश्व मानचित्रमा एशियाका दुई ठूला देश चीन र भारत वीच अवस्थित नेपाल, तेश्रो मुलुकको कम विकसित देश हो । दक्षिण एशियाली क्षेत्र मध्येको १४७१८१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको नेपाल भूपरिवेष्ठित देश हो । वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार २ करोड ३१ लाख ५१ हजार यस मुलुकको जनसंख्या रहेको छ । नेपालमा उमेर अनुसार ०-१५ वर्ष उमेर समूहका ४१.७ प्रतिशत १६-४९ उमेर समूहका ४५.८ प्रतिशत, ५०-५९ उमेर समूहका ६.० प्रतिशत र ६० वर्ष र माथि उमेर समूहका ६.५ प्रतिशत जनसंख्याको बनोट रहेको पाइन्छ । नेपाल मानव विकास प्रतिवेदन १९९८ र २००१ अनुसार साक्षरता दर ४९.२ प्रतिशत र औषत आयु ६१.९ वर्ष पुगेको पाइएको छ । नेपाल जीवनस्तर मापन सन् २००४ ले कुल जनसंख्या मध्ये गरिवीको रेखामुनि ३२ प्रतिशत जनसंख्या रहेको देखाएको छ ।

सामाजिक, आर्थिक, भौगोलिक विविधता र कठिन परिस्थितिमा रहनु परेको, राष्ट्रिय विकासको मूल प्रवाहबाट अलग रहेका अपाङ्गता भएका व्यक्तिको संख्या, स्थितिबारे सही रुपमा अध्ययन अनुसन्धान गर्ने, सूचना आदान प्रदान तथा सम्प्रेषण गर्ने निकायको अभावका कारण अपाङ्ग सम्वन्धी विश्वासनिय तथ्याङ्कको अभावले गर्दा दीर्घकालीन योजना तर्जुमा र नीति निर्माणका लागि सम्वन्धित सबै पक्षहरुलाई कठिनाई भएको महशुस भएको छ । हालको सन्दर्भमा विश्व स्वास्थ्य संगठनले विकासोन्मुख देशमा अनुमान गरेको अपाङ्गहरुको जनसंख्या ७ देखि १० प्रतिशतलाई नै नेपालको सन्दर्भमा पनि आधार मान्नुपर्ने बाध्यात्मक यथार्थता छ ।

वि.सं. २०१३ देखि योजनाबद्ध विकासको क्रम शुरु भएता पनि नवौं पञ्चवर्षिय योजना २०५८/०५९ सम्पन्न हुँदासम्म दक्षिण एशियाली देशहरु मध्ये नेपालको आर्थिक र सामाजिक विकास उत्साहजनक देखिन्दैन । यस मध्ये पनि अधिकाश अपाङ्गता भएका व्यक्ति गरिवीको सिमान्त अवस्थामा रहेको पाइन्छ । देश विकासको मूल प्रवाहबाट बञ्चित भएका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारमुखी अवधारणामा आधारित यो कार्ययोजना तर्जुमा गरिएको छ । यो राष्ट्रिय नीति तथा कार्ययोजना अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना, २०६० को परिमार्जित रुप हो । अपाङ्ग सम्वन्धी सबै जसो राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता, नीति, योजनाका आधारभूत विषयहरु समेटी प्रस्तुत राष्ट्रिय नीति तथा कार्ययोजना तर्जुमा गरिएको हुँदा यो लागू हुने सरकारी निर्णय पश्चात यस अघिको राष्ट्रिय कार्य योजना, २०६० स्वतःरद्द हुनेछ ।

कार्ययोजनाको बनोट

अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति तथा कार्ययोजनामा उल्लेख भएका विषयमा प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार पारिएको छ । उपर्युक्त विषयहरुमा सम्वद्ध मन्त्रालय, निकाय, नागरिक समाज, राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी एवं गैरसरकारी संघ संस्थासित समन्वय एवं श्रोत परिचालन गरी कार्यक्रम संचालन गर्न प्रत्येकको उद्देश्य, कार्यक्रम विवरण, क्रियाकलाप, कार्यान्वयन जिम्मेवारी, समयावधि र मापन सूचकसमेत निर्धारण गरिएको छ । कार्ययोजनामा भएका प्रत्येक विषयमा वर्तमान स्थिति, मुद्दा तथा समस्या, उद्देश्य, नीति,

रणनीति, सरोकारको क्षेत्र कार्यक्रम संचालन गर्ने निकाय, समयावधी, अनुगमन सूचक समेत औल्याइएको हुँदा यसको कार्यान्वयनबाट अपाङ्गता भएका समुदायको अधिकारको संरक्षण भई समग्र पक्षको विकास हुने विश्वास लिइएको छ । यो कार्ययोजनालाई बृहत सोँच तालिका (Log Frame) को ढाँचामा प्रस्तुत गरिएकोले यसमा आवश्यक प्राविधिक र आर्थिक श्रोतको किटाण गरिएको छैन । लोकतान्त्रिक सरकार र सरोकारवालाहरुको प्रत्येक्ष सहभागिता एवं सुशासनको अवधारणामा चल्ने हुँदा कार्ययोजनाको कार्यान्वयन प्रभावकारी हुने देखिन्छ । कार्ययोजनाको उद्देश्य अनुरुप सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक एवं अन्य विकासका कार्यमा पहुँच पुऱ्याउन नसकि विकासको मूल प्रवाहबाट बञ्चित रहेका गरिवीको रेखामुनि रहेका, भौगोलिक विकटतामा रहेका परिवार, जनजाति एवं पिछडिएको विपन्न ग्रामिण समुदाय आदि सबैले अर्थपूर्ण सहभागिता जनाएमा अपाङ्गता भएका व्यक्तिहरुको गरिवी निवारण र सामाजिक समाशीकरण कार्यमा प्रभावकारीता आउने कुरामा सन्देश रहने छैन ।

प्रस्तुत अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ तयार गर्दा सम्बन्ध मन्त्रालयहरु, राष्ट्रिउ अपाङ्ग महासंघ, नागरिक समाज, अपाङ्ग सम्बन्धी संघ संस्थाहरु, विकासका साझेदारीहरुसंग सहकार्य गरिएको छ । एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्ग व्यक्तिको दशक १९९३-२००२ ले निर्धारण गरेका प्राथमिकताका १२ क्षेत्र, अपाङ्ग सम्बन्धी विश्व कार्य योजना१९८२, अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धी संयुक्त राष्ट्र संघिय प्रमाणिक नियमहरु १९९३ ले निर्धारण गरेका २२ क्षेत्र र विवाको सहश्राब्दी कार्य योजना २००२ ले निर्धारण गरेका ७ वटा प्राथमिकताका क्षेत्र लगायत राष्ट्रिय नीति तथा योजनालाई आधार मानी अपाङ्ग व्इक्तिहरुको सर्वोपरि विकासका लागि १७ विभिन्न क्षेत्रको पहिचान गरी प्रस्तुत नीति तथा कार्य योजना तयार पारिएको हो । यिनै दस्तावेज एवं अपाङ्ग सेवा राष्ट्रिय नीतिलाई आधार मानी पहिचान गरिएको १७ वटा प्राथमिकताका क्षेत्रमा विस्तृत छलफल गरी राष्ट्रिय नीति तथा कार्य योजना तर्जूमा गर्न राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. युवराज खतिवडाको अध्यक्षतामा २८ सदस्यीय निर्देशक समितीको गठन भयो । यिनै सदस्यहरु मध्येबाट विभिन्न क्षेत्रलाई समेटी ४ वटा क्षेत्रगत समूह (Thematic Group) गठन भई कार्य भयो । प्रस्तुत दश वर्षे अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजना तयार गर्न निर्देशक समितीद्वारा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलका उपसचिव श्री गणेश प्रसाद उपाध्यायको संयोजकत्वमा ५ सदस्यीय कार्य समिती तोकिई बिज्ञहरुको सहयोगमा अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्य योजना, २०६३ तयार गरिएको हो ।

यी माथी उल्लेखित मुद्दा तथा अन्य आधारभूत सेवा सुविधा समान अवसर, सहभागिता तथा पहुँच सुनिश्चित गर्न गराउन यस अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाले देहायका विषय क्षेत्रहरुलाई प्राथमिकताका क्षेत्र मानी यो दश वर्षे राष्ट्रिय नीति तथा कार्य योजना कार्यान्वयन ढाँचा तयार गरिएको हो ।

१. राष्ट्रिय समन्वय
२. कानून विधायन
३. सूचना र अनुसन्धान
४. जनचेतना र अधवाचन
५. तालिम र रोजगारी
६. पहुँच
७. संचार
८. यातायात
९. शिक्षा
१०. खेलकुद, साँस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलाप
११. अपाङ्गपनको निरोध
१२. स्वास्थ्योपचार

१३. पुनर्स्थापना, सशक्तिकरण र गरिबी निर्वारण
१४. सहायक साधान र सहायता सेवाहरु
१५. स्वावलम्बी संस्थाहरु
१६. महिला र अपाङ्गता
१७. अन्तराष्ट्रिय तथा क्षेत्रिय सहयोग

कार्ययोजना कार्यान्वयन व्यवस्था

यो कार्य योजनाले समष्टिगत रुपमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, मानविय संशाधन विकास प्राथमिक स्वस्थ्य सेवा, सामाजिक, आर्थिक विकासका विषयहरु समेटेको छ । कार्य योजनाले समष्टिगत रुपमा सबै क्षेत्र र विधाहरुलाई समेटेका कारण यसले यी समुदायको सर्वोपरि विकास लागि कार्य गर्नेछ । यसर्थ यो अपाङ्गता सम्बन्धी बृहत कार्ययोजना हो । साथै प्रस्तुत राष्ट्रिय नीति तथा कार्य योजनाका आधारमा विषयगत मन्त्रालय, निकायले छुट्टै कार्ययोजना वा कार्यक्रमका आधारमा कार्य गर्न सक्नेछन् । यो राष्ट्रिय नीति तथा कार्य योजना समष्टि रुपमा राष्ट्रिय कार्यक्रमका लागि मार्ग दर्शनका रुपमा तयार गरिएको हो । प्रस्तुत कार्ययोजना अनुसारको कार्यक्रम सरकारले मात्र कार्यान्वयन गर्ने नभई सरोकारवाला गैर सरकारी संस्थाहरु, स्थानीय निकाय, संयुक्त राष्ट्रिसंघिय प्रणाली, बहुपक्षिय तथा द्विपक्षिय दातृ निकाय, नागरिक समाज, अपाङ्गता भएका व्यक्तिको समन्वय तथा सहकार्यबाट समेत संचालन गरिने हुँदा कार्ययोजना अवधिका लागि अनुमानित बजेट प्रस्तुत गरिएको छैन । प्रस्तुत कार्ययोजनाको कार्यान्वयनका लागि कार्यक्रम अनुरुप सम्बन्ध सरकारी निकाय लगायत सबै जिम्मेवारी संस्थाहरुबाट आर्थिक तथा अन्य आवश्यक श्रोत लगायत योगदान प्रवाह हुनेछ ।

कार्ययोजनाको कार्यान्वयन एवं अनुगमन

कार्य योजनाको कार्यान्वयनमा सम्बन्ध सरकारी निकाय, गैर सरकारी संस्था, संयुक्त राष्ट्रिसंघिय विकास प्रणाली, द्विपक्षिय एवं बहुपक्षिय दातृ निकाय, नागरिक समाज समेतको सहभागिता हुनेछ । संस्थागत रुपमा कार्य योजनाको समन्वय एवं अनुगमनका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई तोकिएको छ । समन्वय एवं अनुगमनका लागि राष्ट्रियस्तरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मातहत रहेको अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिती समेतलाई तोकिएको छ । उक्त, समितीमा सम्बन्ध मन्त्रालयहरु अपाङ्ग सम्बन्धी संघ संस्था बिशेषज्ञ र नागरिक समाजबाट प्रतिनिधित्व रहने प्रावधान रहेको छ ।

कार्य योजना कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा अवरोधहरु

यो कार्ययोजनामा साझा रुपमा सबै निकाय, क्षेत्र र पक्षले कार्यान्वयन गर्नुपर्ने गरी जिम्मेवारी तोकिएको छ । तथापी मुलुकमा उपलब्ध श्रोत साधनको कमी, कानूनी आधारभूत संरचनाहरुको उपयुक्त र पर्याप्त व्यवस्था नहुनु, अपाङ्गता भएका व्यक्ति, तिनका परिवार तथा समाजमा जनचेतनाको अभाव जस्ता कारण केहि आधारभूत जोखिम र अवरोधहरुको सामना गर्नुपर्ने अवस्था देखिन सक्छ । यसर्थ  कार्ययोजनाको प्रभावकारी एवं समयमै कार्यान्वयनका क्रममा देहायका अवरोध एवं जोखिमहरु देखिन सक्ने सम्भावनाहरु रहन्छ । यिनै अवस्था र विषयले कार्ययोजनाको  सफल एवं प्रभावकारीतामा असर पुऱ्याउने देखिन्छ ।

- आवश्यक आर्थिक श्रोत साधनको कमी,
- आवश्यक रुपमा ऐन कानूनमा संशोधन र नयाँ कानून, नीति नियम निर्माण लगायत संस्थागत संरचना र व्यवस्थामा ढिलाई ।
- उपयुक्त पारदर्शिता र जिम्मेवारीमा कमी ।

- आधारभूत सेवा प्रवाह, मानव संशोधन प्रविधि विकास र व्यवस्थापनमा कमी ।
- संस्थागत समन्वय एवं गैरसरकारी संस्था तथा नागरिक समाजको उपयुक्त परिचालन ।
- देशमा आन्तरिक द्वन्द्व र प्राकृतिक प्रकोप ।
- अन्तर्राष्ट्रिय सहयोग समन्वय र अनुभव आदान प्रदानमा कमी ।
- अपाङ्गता भएका व्यक्तिमा आत्मविश्वासको कमी ।

# खण्ड ख

## १. राष्ट्रिय समन्वय

### १.१. भूमिका । वर्तमान स्थिति

१.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीयको प्रमाणिक नियमहरु १९९३ नियम १७ मा र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नियम १ मा अपाङ्गका विषयमा कार्यक्रमहरुको समन्वय गर्न राष्ट्रिय समन्वय समितिको स्थापना गर्नु राज्यको दायित्व हुने कुरा उल्लेख छ ।

१.१.२. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा १८ र नियमावली, २०५१ को नियम १४ मा नेपाल सरकारले अपाङ्गता सम्बन्धी कल्याणकारी कार्यमा संलग्न गैरसरकारी एवं निजी स्तरमा संचालित संघ संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने प्रावधान उल्लेख गरेको छ ।

१.१.३. दशौं योजनाले "अपाङ्गताको क्षेत्रमा काम गर्ने सम्वन्धित निकायहरु वीच समन्वयको अभाव" भएको महसुस गरी राष्ट्रिय कार्ययोजना तयार गर्ने र जिल्लास्तरसम्म समन्वयात्मक तथा एकिकृत रुपमा कार्य गर्न संजालको विकास गर्ने नीति लिएको छ ।

१.१.४. नेपाल सरकार महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतका विभागिय मन्त्रीको अध्यक्षतामा अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको गठन भइ कार्यरत छ । समन्वय समितिको कार्य देहाय बमोजिम तोकिएको छ :–

क) अपाङ्ग सम्बन्धी योजना र नीतिगत विषयमा सरकारलाई सल्लाह दिने ।

ख) अपाङ्गपन विषयमा सम्बद्ध निकाय, संस्थाहरु बीच नीति, योजना र कार्यक्रमगत समन्वय गर्ने ।

ग) अपाङ्ग सम्बन्धी कार्यक्रमको अनुगमन एवं मूल्यांकन गर्ने ।

समन्वय समितिमा सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

- ❋ सम्बद्ध सरकारी निकाय र गै.स.सं., समाजसेबी - १० जना सदस्य
- ❋ अपाङ्ग व्यक्ति र अपाङ्ग सम्बन्धी संस्थाको प्रतिनिधित्व - १२ जना "
- ❋ अपाङ्गता विषयसम्बन्धी विज्ञ - २ जना "

समन्वय समितिद्वारा अन्य कार्यका अतिरिक्त सम्बद्ध संस्था एवं कार्यक्रमको नियमित अवलोकन, अनुगमन एवं मूल्यांकन हुने गरेको पाइन्छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल पनि सरकारी र गैरसरकारी निकाय वीच समन्वयको कार्यमा संलग्न रहदैं आएको पाइन्छ ।

### १.२. मुद्दा तथा समस्या

१.२.१. नेपाल सरकार महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत गठित अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति पर्याप्त स्वायत्त र अधिकार सम्पन्न रहेको पाइदैन, समितीले गरेका निर्णयहरुको कार्यन्वयन पर्याप्त र समयवद्ध रुपमा सम्बद्ध निकायहरुले कार्यान्वयन गरेको पाइएको

छैन । यस समितिको लागि छुट्टै सचिवालय र जनशक्ति व्यवस्था रहेको छैन । समितीमा अपाङ्ग सम्बन्धी संस्थाको प्रतिनिधित्व कम रहेको पाइन्छ ।

१.२.२. अपाङ्ग हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न र उनीहरुको विकासका सवै क्षेत्रमा उनीहरुको पहुंच पुर्‍याई राष्ट्रिय मूल धारमा ल्याउन वकालत गर्ने छुट्टै र अधिकार सम्पन्न स्वतन्त्र राष्ट्रिय निकायका रुपमा कार्य गर्न सक्ने अपाङ्गहरुको बाहुल्यता रहेको स्वायत्त निकाय हालसम्म स्थापना हुन सकेको छैन ।

**१.३. उद्देश्यः** अपाङ्गताको क्षेत्रमा दिगो विकासका लागि अपाङ्ग सम्वन्धी विषयमा सरकारी, गैरसरकारी, सामुदायिक संस्था एवं नागरिक समाज वीच समन्वय गरिने छ ।

## १.४. नीति

१.४.१. अपाङ्ग हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न र विकासका सवै क्षेत्रमा उनीहरुको पहुंच स्थापित गरी राष्ट्रिय मूल धारमा समाहित गर्न लक्षित कार्यक्रम संचालन गरिने छ ।

१.४.२. अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिमा ५१ प्रतिशत अपाङ्ग र अपाङ्ग सम्बन्धी संस्थाको प्रतिनिधित्व गराउँदै यसलाई स्वायत्त र अधिकार सम्पन्न तुल्याइने छ ।

१.४.३. अपाङ्ग सम्वन्धी नीति कार्यक्रम संचालन गर्न सम्बद्ध हरेक मन्त्रालय र जिल्लास्तरमा अपाङ्ग सम्बन्धी समन्वय समिती शाखा/इकाई वा सर्म्पक विन्दु Focal Point स्थापना गरी कार्य संचालन गरिनेछ ।

## १.५. रणनीति

१.५.१. अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको छुट्टै सचिवालयको स्थापना गरी कार्य सम्पादन गरिने छ । समन्वय समितिले गरेको निर्णयको प्रभावकारी कार्यान्वयनको प्रबन्ध मिलाइने छ ।

१.५.२. सरकारी र गैर सरकारी संस्था लगायत अपाङ्गताका लागि संचालित सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिले पनि गर्ने छ ।

१.५.३. हरेक मन्त्रालयमा अपाङ्ग सम्बन्धी शाखा/इकाई/सर्म्पक विन्दु (Focul Point) स्थापना गरी कार्य संचालन गरिने छ ।

१.५.४. जिल्ला स्तरमा अपाङ्गता विषय समन्वय कार्यान्वयन सर्म्पक सुत्रको कार्य जिल्ला अपाङ्ग समन्वय समितीले गर्ने छ ।

## १.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | स्वायत्त, अधिकार सम्पन्न र ५१ प्रतिशत अपाङ्गको प्रतिनिधित्व भएको अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको पुर्नगठन एवं यसको छुट्टै सचिवालय स्थापना गर्ने । | महिला, बालबालिका र समाज कल्याण मन्त्रालय | महिला, वालवालिका, समाज कल्याण मन्त्रालय मन्त्री, प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय | दुई वर्ष भित्र | ● अपाङ्ग सेवा राष्ट्रि समन्वय समितिको पुर्नगठन<br>● समितिमा आपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व |
| २. | सरकारी र गैरसरकारी संस्थाद्वारा अपाङ्गका लागि संचालित कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने । | महिला, बालबालिका र समाज कल्याण मन्त्रालय, अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति | सम्बन्ध मन्त्रालयहरु राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सम्बद्ध निकायहरु | दशौं योजना अविधि | ● संचालित कार्यक्रमको विवरण<br>● समन्वयको अवस्था<br>● प्रतिबेदन |
| ३. | कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक समन्वय गर्न नियमित अनुगमन गर्ने । | अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति | सम्बन्ध सबै मन्त्रालयहरु, जिल्लास्तरिय अपाङ्ग समन्वय समिति | दशौं योजना अविधि | ▪ समन्वय समितिको गठन<br>▪ कार्यान्वयन भएका कार्यक्रमको विवरण<br>▪ उपलब्धी विवरण |
| ४. | सम्बन्ध मन्त्रालयहरुमा अपाङ्ग सम्बन्धी शाखा। इकाई (focul point) खोली कार्य गर्ने । ७५ जिल्लामा सर्म्पक निकाय तोक्ने । | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय | दशौं योजनाको अन्तिम वर्ष देखि | ▪ स्थापित शाखा इकाई (focul point)<br>▪ ७५ जिल्लामा सर्म्पक निकायको व्यवस्था । |

# २. कानून ⁄ विधायन

## २.१. भूमिका । वर्तमान स्थिति

२.१.१. ` अपाङ्गहरुका लागि औसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघका प्रामाणिक नियमहरु १९९३ नियम १५ ले  अपाङ्गहरुको पूर्ण सहभागिता तथा समानताको उद्देश्य प्राप्त गर्ने व्यवस्थाको लागि अपाङ्ग सम्वन्धि छुट्टै कानूनको व्यवस्था र खास खास विषयका कानूनी प्रावधानमा अपाङ्गताको विषय समावेश गरी कानूनी आधार सृजना गर्न सरकारलाई  उत्तरदायित्व दिएको छ ।

२.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति नं. २ अपाङ्गहरुलाई अपहेलना र भेदभाव निषेध गर्ने, उनीहरुलाई आर्थिक, सामाजिक सुरक्षा प्रदान गर्ने र समान अवसर प्रदान गर्ने कानून वनाउने लगायत मौजादा कानूनका वारेमा वकालत गरी जानकारी गराउनु पर्ने आवश्यकता औल्याइएको छ ।

२.१.३. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको हकमा शारीरिक र मानसिक अपाङ्गको हित एवं संरक्षण तथा कल्याणका लागि विशेष कानूनी व्यावस्था गर्न  सकिने व्यवस्था गरेको र धारा २६ (क) मा राज्यले अनाथ तथा असक्षम भएका व्यक्तिहरुको संरक्षण तथा कल्याणका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका नीतिहरु अवलम्वन गर्न सकिने व्यवस्था गरेको छ ।

२.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐण २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ जारी गरेको छ । अपाङ्गहरुको कानूनी संरक्षण र विकासका लागि अन्य देहायका ऐन नियम, निती कार्यान्वयनमा रहेको छ ।

(क) मुलुकी ऐन २०२०,
(ख) शिक्षा ऐन २०२८,
(ग) श्रम ऐन २०४८,
(घ) वालवालिका सम्वन्धी ऐन २०४८,
(ङ) समाज कल्याण ऐन २०४९,
(च) स्थानीय स्वायत शासन ऐन २०५५,
(छ) शिक्षा नियमावली, २०५९
(ज) विशेष शिक्षा नीति २०५३,
(झ) अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५३

२.१.५. नेपाल सरकारले २०५६ सालमा अपाङ्गता निर्धारण (वर्गीकरण) सम्वन्धमा मापदण्ड तोकेको । परिभाषा नेपाल रानपत्रमा सूचना प्रकाशित गरी जारी गरेको छ ।

२.१.६.  अपाङ्ग संरक्षण तथा कल्यांण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्यांण नियमावली २०५१,  शिक्षा ऐन २०२८ (संशोधन) र शिक्षा नियमावली २०५९ मा उल्लेख भए अनुरुप सेवा, सुविधा र अवसरका क्षेत्रमा केही कार्यहरु भइरहेको छ। २०५२ सालदेखि अपाङ्ग भत्ता प्रति महिना रु. १७५ का दरले वितरण भइरहेको छ। अपाङ्गका लागि स्पष्ट पहिचान दिन जिल्ला प्रशासन कार्यालयबाटै स्थानिय स्तरमा परिचय पत्र वितरण भइरहेको छ ।

## २.२. मुद्दा तथा समस्या

२.२.१. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ जारी भएपनि सो ऐन कार्यान्वयन गर्नको लागि १२ वर्षपछि २०५१ मा नियमावली वन्यो । तथापि ऐन र नियमावलीमा भएका कैयन प्रावधानहरु अफसम्म पूर्णरुपमा कार्यान्वयन भएका छैनन् । यस्तै प्रकारले नवौं योजनामा अपाङ्ग प्रवर्द्धनका लागि लक्षित गरिएका नीति र कार्यक्रम मध्ये कैयन विषय प्रभावकारीढगंले कार्यान्वयन हुन सकेन ।

२.२.२. गा.वि.स. र नगरपालिकाहरुले आफ्नो क्षेत्रभित्रका असहाय, अनाथ, अपाङ्गता भएका बालवालिकाहरु समेतको लगत राख्ने र तिनीहरुकलाई उपयुक्त ठाउंमा राख्नु पर्ने कानूनी (स्थानीय स्वायत शासन ऐन २०५५) व्यवस्था भएपनि हालम्म केहीको लगत राख्ने वाहेकको अन्य कार्य भएको छैन् । श्री ५ को सरकार (मन्त्रीपरिषद) ले २०५८ सालमा पास गरेको सामाजिक सुरक्षा कार्यक्रम सन्चालन निर्देशिकाको दफा ४ ग ले दुवै आंखा नदेख्ने (नेत्रहीन), दुवै हात नभएको वा काम लाग्ने नभएको, दुवै गोडा नभएको वा काम लाग्ने नभएका १६ वर्ष उमेर पुगेका अशक्तहरुलाई भत्ता वा वृत्ति दिने भनी उल्लेख भएता पनि दुवै कान नसुन्ने (वहिरा), सुस्तमनस्थिति, वहु अपाङ्ग र १६ वर्ष उमेर नपुगेका अपाङ्गलाई भत्ता दिने आधार भित्र अफै पर्न सकेका छैनन ।

२.२.३. अपाङ्गका हकमा केही ऐन नियमका प्रावधानहरु विभेदपूर्ण छन् र ती ऐन नियमलाई समयानुकूल बनाइनु पर्ने आवश्यकता छ ।

३.३.४. नेपालको अपाङ्गताको परिभाषा र वर्गिकरणले विश्व स्वास्थ्य संघ र अन्तरराष्ट्रिय प्रचलन अनुरुपको मापडण्दलाई समेट्न सकेको छैन ।

**२.३. उद्देश्यः** अपाङ्गकाअधिकारसम्वन्धी ऐन नियमहरुको पुनरावलोकन गरी समायानुकूल सुधार गरिने छ।

## २.४. नीति

२.४.१. अपाङ्गहरु विरुद्ध भेदभावपूर्ण ऐन नियममा संशोधन गरी समसामयिक र अपाङ्गता अनुकूल बनाइनेछ ।

२.४.२. सुस्त मनस्थितिका अपाङ्गता भएका व्यक्तिलाई अंश प्रदान गरिने नीतिगत व्यवस्था गरिनेछ ।

## २.५. रणनीति

२.५.१. अपाङ्ग वर्गीकरण र परिभाषलाई समायानुसार अन्तरराष्ट्रिय मान्यता र अभ्यास अनुकूल बनाईने छ ।

२.५.२. अपाङ्गहरु विरुद्धका भेदभावपूर्ण ऐन नियमको अध्ययन गरी समसामयिक र अपाङ्गता अनुकूल हुने गरी संशोधन गरिनेछ ।

२.५.३. अपाङ्गता भएका महिला र वालिकाको अधिकार सुनिश्चित गर्न ऐन र नियममा व्यवस्था गरिनेछ ।

## २.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्ग वर्गिकरण र परिभाषालाई समायानुकूल बनाईने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, गैर सरकारी संस्थाहरु | दुई वर्ष भित्र | • अपाङ्गताको फराकिलो वर्गीकरण र परिभाषा । |
| २. | अपाङ्गविरुद्धका भेदभावपूर्ण ऐन नियमको अध्ययन गरी समसामयिक र अपाङ्गको मानव अधिकार र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुकूल हुने गरी संशोधन गर्ने । | महिला, बालबालिका र समाज कल्याण | कानून, न्याय तथा संसदीय मन्त्रालय मन्त्रालय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु | दशौं योजना अवधि | • संशोधित र नयां कानूनी व्यवस्था ।<br>• अन्तर्राष्ट्रिय प्रतिवद्धता र कानूनी प्रावधान वीचको तादाम्यता । |
| ३. | अपाङ्गता भएका महिला र वालिकाको अधिकार सुनिश्चित गर्न ऐन र नियममा सकारात्मक विभेदको व्यवस्था गरिने । | महिला, बालबालिका र समाज कल्याण, कानून, न्याय तथा संसदीय मन्त्रालय मन्त्रालय, | सम्बद्ध मन्त्रालयहरु, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि | • सकरात्मक विभेदका प्रावधानहरु । |

# ३. सूचना तथा अनुसन्धान

## ३.१.१. भूमिका । वर्तमान स्थिति

३.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघको प्रामाणिक नियमहरु १९९३ नियम १३ मा सरकारले अपाङ्गहरुको सामाजिक र आर्थिक अवस्था, रोजगार र अवसरहरुका बारे जानकारी संकलन गर्ने र प्रचार प्रसार गर्ने तथा अपाङ्गहरुका जीवनमा प्रभाव पार्ने बाधकहरु सहित सबै पक्षको अनुसन्धान गर्ने अन्तिम उत्तरदायित्व बहन गर्नुपर्ने औल्याएको छ ।

३.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति नं. ३ अनुसार अपाङ्गहरुको अवस्थाबारे व्यापक एवं यर्थाथ तथ्याङ्क संकलन र विश्लेषण; फ्लपी डिस्केट, ठूलो अक्षरको छापा, ब्रेल, श्रव्य र दृष्य क्यासेटको ढांचा सूचना सामग्रीहरुको वृद्धि; चलचित्र र टेलिभिजन कार्यक्रमका साथै दृष्य क्यासेटको ढांचामा आदि संचालन गर्न भनी उल्लेख गरेको छ ।

३.१.३. संयुक्त राष्ट्रको विवाको सहश्राब्दी कार्ययोजना २००० को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य नं. डि (२) को १२ मा अपाङ्गहरुका लागि रोजगार र स्वरोजगारको दरको मापनको लागि भरपर्दो तथ्यांक सूचना सन् २०१० सम्ममा सवै राष्ट्रहरुले राख्नु पर्ने भन्ने व्यवस्था गरेको छ ।

३.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा १८ मा अपाङ्गलाई पर्याप्त एवं उपयुक्त सुविधा पुऱ्याउने तथा आत्मनिर्भर बनाउने विषयमा विभिन्न प्रविधिको अनुसन्धान मन्त्रालयले गर्न गराउन सक्ने उल्लेख छ ।

३.१.५. दशौं योजनाले सूचनामा अपाङ्गता भएका व्यक्तिहरुको आवश्यक पहुंच हुने छ भनी अपेक्षित उपलब्धिका रुपमा राखेको छ ।

३.१.६. अपाङ्गताको क्षेत्रमा कार्य गर्ने सरकारी गैरसरकारी संघ संस्थाहरुको कार्य क्षेत्र र विवरण समेत उल्लेख भएको डाइरेक्टरी प्रकाशन एवं अद्यावधिक गर्ने व्यवस्था रहेको छ ।

३.१.७. विभिन्न प्रकारका अपाङ्गताको क्षेत्रमा कार्य गर्ने सरकारी र गरै सरकारी संघ संस्थाले आ-आफ्नो संस्थाको कार्य प्रयोजनको लागि केही अनुसन्धान गरेको पाइन्छ ।

३.१.८. केन्द्रिय तथ्याङ्क विभागले सन् २००१ को राष्ट्रिय जनगणनामा अपाङ्गताबारे समावेश गरेको तथा अपाङ्गता स्थिति विश्लेषणबारे विभिन्न अध्ययन अनुसन्धान भै रहेको पाइन्छ ।

## ३.२. मुद्दा तथा समस्याहरु

३.२.१. अपाङ्गताका प्रकृति अनुरुप सूचना र संचारमा क्षेत्रमा सरकारको स्पष्ट नीति र कार्यक्रम नभएको र भएका सूचना र संचारका माध्यममा अपाङ्गता भएका व्यक्तिहरुको पर्याप्त पहुंच पुग्न सकेको छैन । व्यवस्थित र उपयुक्त सूचना प्रणालीको अभावले गर्दा अपाङ्गले राष्ट्रिय नीति तथा कार्यक्रममा उल्लेख भएका पर्याप्त सुविधाहरुपनि पाउन नसकेको अवस्था छ ।

३.२.२. अपाङ्गता सम्वन्धी अनुसन्धान पर्याप्त नभएको, भएका अध्ययन, अनुसन्धान र तथ्याङ्क विवरण अपाङ्गताको क्षेत्रको पर्याप्त ज्ञान नभएकाहरुबाट अपाङ्गहरु र यिनका संस्थाहरुको सहभागिता वेगर तयार भएको कारण सही र विश्वनीय तथ्यांक प्राप्त हुन सकेको अवस्था विद्यमान छ ।

३.२.३. अपाङ्गता सम्वन्धी वर्गीकरण र परिभाषा श्री ५ को सरकारले तयार गरी कार्यान्वयन गरेको छ । तथापी वर्गिकरण र परिभाषामा संघ संस्थाहरु बीच एकरुपा नहुँदा सूचना र अनुसंन्धान यर्थाथपरक हुन सकेको छैन ।

**३.३. उद्देश्यः** अपाङ्गताका विषयमा व्यवस्थित सूचना प्रणालीको विकास गरी सम्बन्धीत सरोकारवालालाई विश्वसनीय एवं अद्यावधिक सूचना उपलब्ध गराइने छ ।

## ३.४. नीति

३.४.१. अपाङ्गता विषयका विज्ञद्वारा सहभागितात्मक विधि अपनाई अध्ययन अनुसन्धान गराइने छ ।

३.४.२. एकिकृत सूचना प्रणालीको विकास गरिने छ ।

## ३.५. रणनीति

३.५.१. राष्ट्रियस्तरमा अपाङ्गता सम्वन्धी विषयको सूचना संकलन तथा अनुसन्धान गर्न राष्ट्रिय अपाङ्ग सूचना तथा श्रोत केन्द्र स्थापना गरिने छ ।

३.५.२. अपाङ्गताको वर्गिकरण र परिभाषालाई फराकिलो बनाउँदै अपाङ्गताका विषयमा व्यस्थित सूचना प्रणाली विकास गरी सूचनामा उनीहरुको सहज पहुँच स्थापित गर्ने संयन्त्रको विकास गरिने छ ।

३.४.३. जिल्लास्तरसम्म स्थायी रुपमा अपाङ्ग सर्म्पक विन्दु र स्रोत केन्द्रको स्थापना गरिने छ ।

३.४.४. राष्ट्रिय सूचना नीतिमा अपाङ्ग सम्बन्धी विषय समावेश गर्ने ।

३.४.५. अपाङ्गता भएका व्यक्तिहरुको सही तथ्याङ्क विवरण तयार गरी यसलाई अद्यावधिक गरिने छ ।

## ३.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गताको प्रकृति अनुरुप उनीहरुको स्वास्थ्य, शिक्षा, तालिम, रोजगार र अपाङ्गपन हुने कारणको वारेमा अनुसन्धान गरी तथ्यांक वैंक (Information Database) विकास गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, स्थानिय विकास, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभाग र स्वास्थ्यअनुसन्धान केन्द्र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल । | स्थानिय निकाय, WHO, ILO, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौ योजना अवधि | • सूचना प्रणालीको स्थापना<br>• संकलित सूचनाको प्रकार<br>• अध्ययन अनुसन्धान प्रतिबेदन |
| २. | जिल्लामा अपाङ्ग सर्म्पक/ निकाय विन्दु (focul point) स्थापना गरी कार्य गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा तथा खेलकूद र स्वास्थ्य तथा जनसंख्या, स्थानिय विकास मन्त्रालय । | स्थानिय निकाय WHO, ILO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र योजना अवधि | जिल्ला सर्म्पक/ निकाय विन्दुको स्थापना |
| ३. | जिल्लामा एक एक श्रोत केन्द्र स्थापना | महिला, बालबालिका तथा समाज कल्याण, | स्थानिय निकाय WHO, ILO, | एघारौ योजना अवधि | जिल्ला श्रोत केन्द्रको स्थापना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | शिक्षा तथा खेलकूद र स्वास्थ्य तथा जनसंख्या, स्थानिय विकास मन्त्रालय । | राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | | |
| ४. | राष्ट्रिय सूचना नीतिमा अपाङ्ग सम्वन्धी विषय समावेश गर्ने । | सूचना तथा संचार मन्त्रालय | राष्ट्रिय योजना आयोग महिला, बत्रालबालिका तथा समाज कल्याण मन्त्रालय, गै.स.स.हरु | २ वर्ष | राष्ट्रिय सूचना नीतिमा अपाङ्गता सम्वन्धी विषय समावेश व्यवस्था |
| ५. | अपाङ्गहरुको तथ्याङ्क विवरण तयार गर्ने र अद्यावधिक गर्ने | केन्द्रिय तथ्याङ्क विभाग | राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरु | एघारौ र दशौ योजना अवधि | अपाङ्गता सम्वन्धी तथ्याङ्क प्रतिवेदन |

# ४. जनचेतना र वकालत

## ४.१.१. भूमिका

४.१.१. अपाङ्गताहरुका लागि अवसर समानिकरण सम्वन्धी संयुक्त राष्ट्र संघियको प्रामाणिक नियमहरु १९९४ नियम १ मा अपाङ्गहरुको अधिकार, आवश्यकता, यिनको अन्तर्निहित क्षमता तथा देनबारे समाजमा जनचेतना जगाउने काम सरकारले गर्नुपर्ने किटान गरेको छ ।

४.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति नं. ३ मा दशकको उद्देश्यबारे जनजागरण विकास गर्न राष्ट्रिय क्षमताको सुढृढीकरण गर्ने; अपाङ्गहरु प्रति सकारात्मक धारणा बनाउन र अपाङ्गहरुको क्षमता अभिवृद्धि गर्दै अपाङ्गहरुलाई अन्य नागरिक सरह समान रुपमा व्यवहार गर्ने तर्फ लक्षित दिगो राष्ट्रिय अभियानको विकास गर्ने व्यवस्था गरेको छ ।

४.१.३. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा १८ मा अपाङ्गलाई आवश्यक सुविधा पुऱ्याउने तथा आत्मनिर्भर बनाउने विषयमा विभिन्न प्रविधिको अनुसन्धान मन्त्रालयले गर्न गराउन सक्ने उल्लेख छ ।

४.१.४. दशौं योजनाको अपाङ्ग सम्वन्धी मुख्य उद्देश्यमा “विभिन्न जनचेतनामूलक एवं प्रवर्द्धनात्मक कार्यहरुवाट अपाङ्गहरुलाई सामान्य नागरिक सरह जीवनयापन गर्ने वातावरण सृर्जना गर्दै उनीहरु कै सहभागितामा अपाङ्ग अधिकार संरक्षण एवं विकास कार्यहरु संचालन गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गराउने” भन्ने विषय समावेश गरिएको छ ।

४.१.५. सरकारी र गैरसरकारी संस्थाले बेला बेलामा शिक्षा एवं जानकारीमूलक प्रचार सामग्री छपाई गरेर वितरण गर्ने गरेको पाइन्छ। नेपाल सरकार लगायत अपाङ्ग सम्वन्धी संघ संस्थाले विभिन्न गोष्ठि अन्तरक्रिया छलफल, कार्यशाला, समन्वय बैठक आदिको माध्यमबाट जनचेतना एवं अपाङ्गता विषयमा

वकालत गरेको पाइन्छ । राष्ट्रिय अपाङ्ग महासंघ लगायत अपाङ्गद्वारा खोलिएका र अपाङ्गका लागि कार्य गर्ने सामाजिक संघ संस्था र समाजसेवीले अपाङ्गका हक हित र विकासको लागि  वकालत एवं प्रसार गरेका छन् । सरकारी गैरसरकारी निकायले संयुक्त रुपमा अन्तर्राष्ट्रिय अपाङ्ग दिवस डिसेम्बर ३ को माध्यमबाट जनचेतना एवं प्रचार प्रसार गर्दै आएका छन् ।

## ४.२. मुद्दा तथा समस्याहरु

४.२.१. अपाङ्गताका सम्वन्धमा जनचेतना जगाउने सम्वन्धी राष्ट्रिय कार्यक्रमहरु सिमीत रुपमा संचालित छन् । सरकारी, राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी सस्थाले गरेका जनचेतना सम्वन्धी कार्यक्रममा अपाङ्गको सहभागिता न्यून छ । साथै यस्ता कार्यक्रमहरु पनि समन्यात्मक र एकीकृत ढंगले संचालन हुन सकेका छैनन ।

४.२.२. अपाङ्गता भएका व्यक्तिमा नेतृत्व विकासको कमी रहेको ।

४.३.३. समुदाय स्तरमा जनचेतना जगाउने खालका प्रभावकारी तथा स्तरीय सामाग्रीहरुको विकास उत्पादन र वितरण र प्रयोगको कमि रहेको पाइन्छ ।

**४.३. उद्देश्यः** जनमानसमा अपाङ्गप्रति सकरात्मक धारणा अभिवृद्धि गराई उनीहरुको आधारभूत मानव अधिकारको प्रत्याभूत गराई जनचेतना र वकालतका कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

## ४.४. नीति

४.४.१. अपाङ्गप्रति घर परिवार र समुदायमा सकारात्मक धारणा स्थापित गर्नको लागि समन्वयात्मक ढंगले सरकारी, राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी र निजी क्षेत्रले राष्ट्रिय अभियानकै रुपमा अपाङ्गहरुलाई विकास लगायत विविध क्रियाकलाप समाहित गर्ने नीति लिइने छ ।

४.४.२. अपाङ्गहरुलाई विभिन्न तालिम मार्फत अधिवाचन र नेतृत्व विकासका निमित्त क्षमता अभिवृद्धि गराउने नीति लिइने छ ।

## ४.५. रणनीति

४.५.१. प्रचार प्रसार सामग्री (श्रव्य/दृष्य, जिंगल, पोष्टर आदि) उत्पादन गरी समन्वयात्मक ढंगले कार्यक्रम संचालन गरिने छ ।

४.५.२. अपाङ्गका सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न गै.स.स.लाई परिचालन गरी राष्ट्रिय कार्यक्रम संचालन गरिने छ ।

४.५.३. अपाङ्गता भएका व्यक्तिमा अधिवाचन गर्ने सीप र क्षमताको विकास गर्न तालिम कार्यक्रम संचालन गरिने छ ।

४.५.४. समुदाय स्तरमा प्रभावकारी जनचेतना जगाउन आवश्यक विविध प्रकृतिका स्तरीय जनचेतना सामाग्रीहरु विकास उत्पादन वितरण र प्रयोग सम्वन्धी तालिम उपलब्ध गराइने छ ।

४.५.५. सरकारी एवं निजि आम संचारका माध्यमबाट जनचेतनाका कार्यक्रम संचालन गरिने छ ।

## ४.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गहरु प्रति जनमानसमा सकारात्मक धारणा अभिबृद्धि गर्न राष्ट्रिय अभियानको रुपमा जनचेतनामूलक प्रचार कार्यक्रम संचालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, स्थानिय विकास मन्त्रालय | स्थानिय निकाय ILO, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सरकारी र निजी क्षेत्रका संचार माध्यम | दशौं योजना अवधि देखि निरन्तर | • संचालित कार्यक्रमको स्थिति । प्रकार |
| २. | अपाङ्गहरुका लागि अधिवाचन गर्ने सीप र क्षमताको विकास गर्न तालिम संचालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानिय विकास मन्त्रालय समाज कल्याण परिषद, राष्ट्रिय अपाङ्ग महासंघ | स्थानिय निकाय, WHO, ILO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु | दशौं योजना अवधि देखि निरन्तर | • संचालित तालिमहरु<br>• तलिम प्राप्त अपाङ्गको संख्या |
| ३. | समुदाय स्तरमा जनचेतना जगाउने प्रभावकारी सामाग्रीहरु विकास उत्पादन, वितरण र प्रचार प्रसार । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानिय विकास मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ | स्सूचना तथा संचार मन्त्रालय, राष्ट्रिय र अन्तरराष्ट्रिय गैर सरकारी संस्था, स्थानिय निकाय, नेपाल टेलिभिजन, रेडियो नेपाल निजि क्षेत्रका संचारका माध्यमहरु | २ वर्ष भित्र | • उत्पादित प्रचार सामग्री संख्या र गुणस्तर<br>• प्रचार प्रसार संख्या |

# ५. तालीम तथा रोजगार

## ५.१. भूमिका । वर्तमान स्थिति

५.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्वन्धी संयुक्त राष्ट्र संघियको प्रामाणिक नियमहरु १९९३ नियम ७ अनुसार अपाङ्गहरुको मानव अधिकारको उपभोग गर्न अपाङ्गलाई खासगरी रोजगारको क्षेत्रमा विशेष अवसर उपलब्ध गराइ ग्रामीण तथा शहरी क्षेत्रका श्रम वजारमा उत्पादनमूलक र लाभदायी रोजगारीको समान अवसर उपलब्ध गराउनु पर्दछ भन्ने उल्लेख भएको ।

५.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को दफा ७ ले अपाङ्गहरुको तालिम र रोजगारीको बारे व्याख्या गरेको पाइन्छ ।

५.१.३. विवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथमिक क्षेत्र भित्र तोकिएको क्ष्य नं. २ को १० र ११ मा निम्न व्यहोरा समावेश छः

५.१.३.१. कम्तिमा ३० प्रतिशत हस्ताक्षरकारी सरकारहरुले सन् २०१२ सम्ममा अन्तर्राष्ट्रिय श्रम संगठनको व्यावसायिक पुनर्स्थापन तथा रोजगारी (अन्य अपाङ्ग व्यक्तिहरु) महासन्धि (नं. १५९, सन् १९८३) अनुमोदन (Ratify) गर्ने छन् ।

५.१.१.३. सन् २०१२ सम्ममा सम्पूर्ण व्यावसायिक तालिम कार्यक्रम मध्ये घटीमा ३० प्रतिशत कार्यक्रममा अपाङ्ग व्यक्तिलाई समाहित गर्नु पर्ने, उनीहरुलाई उपयुक्त सहयोग र काममा लगाउने (Job Placement) वा व्यावसाय विकास सेवा प्रदान गर्नु पर्ने छ ।

५.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा ६ मा निःशुल्क शिक्षा तथा तालिम प्रदान गर्ने र दफा ८ (४) मा पच्चीस जना भन्दा बढी मजदुर नियुक्त गरिने कारखानाले जम्मा मजदुर संख्याको पाँच प्रतिशत क्षमता, तालिम, योग्यता र अनुभवको आधारमा उपयुक्त हुने काममा उपलब्ध भएसम्म अपाङ्गहरुलाई नियुक्ति गर्नु पर्ने गरी तोक्न सक्ने व्यवस्था गरेको छ । ऐनको दफा १७ मा सरकारी वा सरकारको स्वामित्वमा रहेका संगठित संस्थाहरुले शारीरिक स्थिति अनुकूलको काममा अपाङ्गलाई प्राथमिकता दिनु पर्ने र अपाङ्गता भएका कर्मचारी वा कामदार र अन्य कर्मचारी बीच पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरुको सम्वन्धमा कुनै किसिमको भेदभाव नगरिने उल्लेख छ । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा १५ (१) ले अपाङ्गलाई शिक्षा एवं तालिमको व्यवस्था गर्ने संस्थालाई सरकारले सहयोग उपलब्ध गराउने र दफा (५) मा प्राविधिक तथा व्यासायिक तालिम अपाङ्गहरुको निमित्त उपयोगी हुने भएमा त्यस्ता तालिममा उनीहरुको लागि पाँच प्रतिशत स्थान सुरक्षित गरिने छ र यस किसिमको तालिममा अपाङ्गहरुसंग कुनै किसिमको शुल्क लिइने छैन भन्ने उल्लेख छ ।

५.१.५. आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को दफा १७१ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट छ कोष भन्दा बढी दूरी भएको अर्को कार्यालयमा सरुवा, बढुवा वा कायम मुकायम भै जाने कर्मचारीले आफू र आफ्ना परिवारले दैनिक तथा भ्रमण भत्ता पाउने व्यवस्था छ । परिवारको हकमा कर्मचारीको संगोलमा रहेका बाबु, आमा, पति वा पत्नी र अठार वर्ष मुनिका दुईजना सन्तान लैजान लाग्ने खर्च उपलब्ध व्यवस्था भएकोमा शारीरिक रुपमा अशक्त र अपाङ्ग सन्तानको हकमा यो नियम अनुसारको उमेरको हद नलाग्ने व्यवस्था गरेको छ ।

५.१.६. महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयले क्षेत्रीय स्तरमा २०५८ सालदेखि आवसीय व्यावसायिक तालिम प्रदान गर्ने गरेको छ । विगत ४ वर्षमा गरी जम्मा ४१४ जना अपाङ्गलाई तालिम प्रदान गरेको छ । समाज कल्याण परिषदले स्वरोजगारका (व्यवसाय) लागि अपाङ्गहरुलाई बैंक व्याज

दरमा बिना धितो ऋण प्रदान गर्ने गरेको छ। यस्तै प्रकारले गैर सरकारी संस्थाहरुले आ-आफ्नो कार्यक्रम अन्तर्गत अपाङ्गकालागि केही तालिम संचालन गरेका छन्। सि.वि.आर. विधिमा कार्य गर्ने संस्थाहरुले अपाङ्गता भएका व्यक्तिहरुका लागि लघु ऋण (आय आर्जन) कार्यक्रम संचालन समेत गरेको पाइन्छ।

५.१.७. वि.सं. २०४७ सालदेखि हालसम्म शिक्षक कोटामा ४०० जना अपाङ्गहरु रोजगार छन्। विशेष शिक्षा शाखाद्वारा संचालित स्रोत कक्षाहरुमा कार्यरत शिक्षकको सट्टामा नयाँ शिक्षक भर्ना गर्नु पर्दा अपाङ्ग व्यक्तिलाई प्राथमिकताका साथ भर्ना गर्ने नीतिगत प्रावधान रहेको छ। निजी, गैर सरकारी, सरकारी, संस्थानहरुमा गरी लगभग ९०० भन्दा बढी अपाङ्गव्यक्तिहरुले रोजगार पाएका छन।

## ५.२. मुद्दा तथा समस्या

५.२.१. रोजगार दाताहरुले आपाङ्गता भएका व्यक्तिहरुको क्षमता कम आँक्ने गर्दछन्। कैयौं अपाङ्गव्यक्तिहरुले आफ्नो क्षमता, सीप र योग्यताको उपयोग गर्ने अवसर पाएका छैनन्।

५.२.२. अपाङ्गता भएका व्यक्तिलाई रोजगार प्रदान गर्ने कम्पनी, उद्योग र व्यवसायीद्वारा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली २०५१ ले प्रदान गरेको सुविधा सम्बन्धी सबै प्रावधान कार्यान्वयन हुन सकेको छैन। ऐन नियममा उल्लेखित पच्चीस जना भन्दा बढी मजदुर नियुक्त गरिने कारखानाले जम्मा मजदुर संख्याको पांच प्रतिशत अपाङ्गता भएका व्यक्तिलाई नियुक्ति गर्नुपर्ने र प्राविधिक तथा व्यासायिक तालिममा अपाङ्गहरुको निमित्त उपयोगी हुने भएमा त्यस्ता तालिममा उनीहरुको लागि नियमानुसार स्थान सुरक्षित गरिने भन्ने प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

५.२.३. सरकारी र गैर सरकारी निकायबाट अपाङ्गहरुलाई प्रदान गरीने तालिमहरु पर्याप्त स्वरोजगारीमूलक एवं व्यावसाय उन्मुख बनाउनु जरुरी छ। व्यवसायिक तालिम पश्चात रोजगारी वा व्यावसायको प्रबन्ध प्रणाली सुदृढ गरिनु आवश्यक छ।

**५.३. उद्देश्यः** शीपमूलक तालिमको व्यवस्था गरी अपाङ्गलाई ग्रामीण तथा शहरी दुवै क्षेत्रका श्रम वजारमा उत्पादनमूलक र लाभदायी रोजगार/स्वरोजगारको अवसर प्रदान गरिने छ।

## ५.४. नीति

५.४.१. सरकारी निकाय र गैर सरकारी संघ संस्थाहरुमा अपाङ्गहरुको तालिमको निमित्त सकारात्मक विभेदको माध्यमबाट छनौट गर्ने नीति लिईने छ।

५.४.२. तालिम दिने संस्थाको कुल संख्याको पाँच प्रतिशत सीटमा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशूल्क तालिम प्रदान गरिने छ।

५.४.३. हरेक क्षेत्रमा अपाङ्गलाई रोजगारको सुनिश्चिता गर्न उपयुक्त सकारात्मक विभेद/आरक्षणको नीति लिइने छ।

## ५.५. रणनीति

५.५.१. सरकारद्वारा संचालित प्राविधिक तथा व्यावसायिक शिक्षालयहरुमा अपाङ्गहरुलाई पनि तालिम कार्यक्रममा समाबेश गरिने छ।

५.५.२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तालिम दिने नयाँ संस्था खोल्न स्वीकृति वा सम्बन्धन दिंदा र भईरहेका संस्थाहरुमा कुल सीटमा बढीमा पाँच प्रतिशत सीटमा सकारात्मक

विभेदको नीति अनुरुप अपाङ्गलाई निःशूल्क तालिम प्रदान गर्ने प्रबन्ध मिलाईने छ । यसमा अपाङ्गता भएका महिलालाई प्राथमिकता दिनइने छ ।

५.५.३. विभिन्न मन्त्रालय, निकाय र गैर सरकारी संघ संस्थाहरुमा अपाङ्गहरुलाई तालिमको निमित्त पाँच प्रतिशत स्थान आरक्षण गर्ने नीति लिईने छ ।

५.५.४. अपाङ्गहरुको रोजगारीको स्थितिको Database तयारी र अद्यावधिक गरिनेछ ।

५.५.५. विशेष प्रकारका अपाङ्गका लागि तालिम केन्द्र स्थापना गर्ने नीति लिइने छ, भइरहेका प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरुको क्षमता अभिबृद्धिका गर्दै यीनलाई अपाङ्गता अनुकूल वनाउदै उपयोग गरिने छ ।

५.५.६. अपाङ्गलाई रोजगारीको सुनिश्चितता गर्न सरकारी, गैर सरकारी र निजी क्षेत्रमा पाँच प्रतिशत सीटमा भर्ना गर्न  सकारात्मक विभेद अनुरुप नीति नीति लिइने छ ।

५.५.७. अपाङ्गलाई रोजगारको लागि उमेरको हद बढाई ४० वर्ष पुर्‍याईने छ ।

५.५.८. अपाङ्गका लागि खोलिने प्राविधिक तालिम केन्द्रको लागि धरौटी शुल्कमा उपयुक्त सहुलियत प्रदान गरिने छ ।

## ५.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | सरकारी निकायका व्यावसायिक र रोजगारमूलक सीप विकास तालिम केन्द्रहरुमा पाँच प्रतिशत अपाङ्गलाई निःशुल्क तालिम ( छात्रवास सहित) प्रदान गर्ने । यसमा महिला अपाङ्गलाई प्राथमिकता दिने । | वातावरण विज्ञान तथा प्रविधि महिला, बालबालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, समाज कल्याण परिषद | स्थानीय निकाय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद | दशौं र एघारौ योजना अवधि | • अपाङ्गको तालिममा भर्ना दर<br>• महिलाको सहभागिता दर । संख्या |
| २. | पांचै विकास क्षेत्रमा एक/एक प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरुलाई अपाङ्गता अनुकूल बनाउँदै सुदृढ तुल्याउने । | शिक्षा तथा खेलकूद मन्त्रालय, अन्तर्राष्ट्रिय दातृ संस्था । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौ योजना अवधि | • सुदृढ र संचालित अपाङ्ग मैत्री प्राविधिक तथा व्यावसायिक केन्द्रको संख्या<br>• सेवाको प्रकार र स्तर |
| ३. | सबै निकाय (सरकारी गैर सरकारी र निजी ) मा अपाङ्गलाई ५ प्रतिशत रोजगारका निमित्त सकारात्मक विभेदको प्रावधान राख्ने र कार्यान्वयन क्रमशः गर्दै जाने | कानून न्याय तथा संसदीय व्यवस्था, महिला बालबालिका तथा समाज कल्याण, सामान्य प्रशासन, | अन्तर्राष्ट्रिय श्रम संगठन र राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समाज कल्याण परिषद | दशौं र एघारौ योजना अवधि | • अपाङ्गको रोजगार प्रतिशत<br>• सकारात्मक विभेदमा कानूनी तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | श्रम तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | | | नीतिगत प्रावधान |
| ४. | अपाङ्ग रोजगारीको विवरण/स्थिति को Database तयार गरी अद्यावधिक गर्ने । | श्रम तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय केन्द्रिय तथ्याङ्क विभाग | स्थानीय विकास, शिक्षा तथा खेलकूद मन्त्रालय, स्थानीय निकाय, गै.स.सं. हरु | दशौं योजना अवधि | • अद्यावधिक तथ्याङ्क विवरण |

# ६. पहूँच

## ६.१.१. भूमिका । वर्तमान स्थिति

६.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रामाणिक नियमहरु १९९३ नियम ५ मा सरकारले समाजका हरेक क्षेत्रमा अवसरको समानीकरणको प्रक्रियामा पहूंचको समग्र महत्वको पहिचान गरी कुनै पनि प्रकारको अपाङ्गका लागि राज्य सरकारले (क) भौतिक वातावरणमा पहूंच पुऱ्याउने कार्यक्रम लागू गर्ने र (ख) सूचना तथा सन्चारमा पहूंच पुऱ्याउने विधि अपनाउनु पर्ने उल्लेख छ ।

६.१.२. संयुक्त राष्ट्र संघको बिवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य इ (२) को १३ मा अपाङ्गको पहूंच वढाउन ग्रामीण । कृषिको सन्दर्भ लगायत सार्वजनिक सुविधा, पूर्वधारहरु र यातायातको स्तरयुक्त योजना बनाउने नीति अंगीकार गरी लागू गर्ने भनी उल्लेख छ ।

६.१.३. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति ५ मा नयां निर्माणका साथै जिर्णोद्धार र विस्तार (कार्यालय, आवासीय घर, सार्वजनिक भवन, भवन वरपरका क्षेत्र, सडक र यातायातको भौतिक पूर्वाधार सहित), शिक्षा, सूचना, तथा वाणिज्य जस्ता मुख्य क्षेत्रहरु सहित सार्वजनिक सेवाका सबै क्षेत्रमा अपाङ्गको पहुंच विस्तार हुने खालको भौतिक संरचना बनाउनु पर्ने उल्लेख छ ।

६.१.४. हरेक विद्यालयको भौतिक वातावरण, सार्वजनिकस्थल भवन निर्माण, सुधार सडक निर्माण सुधार गरिदा अपाङ्गता अनुकूल बनाउनु पर्ने नीतिगत व्यवस्था रहेको छ ।

६.१.५. नेपाल सरकारले सार्वजनिक भवन, आवास आदि निर्माण गर्ने सम्वन्धी नेपाल राष्ट्रिय भवन संहिता २०६० जारी गरेको छ ।

## ६.२. मुद्दा तथा समस्याहरु

६.२.१. नेपाल सरकारद्वारा स्थानीय निकाय र निजी क्षेत्रवाट भौतिक पूर्वाधार तयार गर्दा पर्याप्त मात्रामा अपाङ्गको पहुंचमा वृद्धि गर्ने गरी निर्माणको कार्यान्वयन भएको पाइदैन । यसबारे निर्माण कार्यमा संलग्न प्राविधि जनशक्तिमा चेतनाको कमि हुनु र पहुँच सम्वन्धी पर्याप्त विषय समेटिएको नीति नहुनु मुख्य कारणहरु हुन् ।

**६.३. उद्देश्यः** सार्वजनिक भवन, स्थल र क्षेत्रहरुमा अपाङ्गको पहुँच पुऱ्याउने नीति लिई कार्यक्रम संचालन गरिने छ ।

## ६.४. नीति

६.४.१. सार्वजनिक महत्वका भौतिक स्थल (अग्ला र ठूला भवन, चलचित्र हल, बैंक, विद्यालय, अस्पताल, कार्यालय, सडकपेटी आदि) निर्माणको लागि नक्सांकन गर्दा र स्वीकृति दिदां अपाङ्गहरुलाई पहुँच पुग्ने किसिमका अपाङ्ग मैत्री (Disabled Friendly) भौतिक संरचना निर्माण गर्ने गरी स्वीकृति दिने नीति अवलम्वन गरिने छ ।

६.४.२. सार्वजनिक यातायात (सडक, पेटी, ट्राफिक चिन्ह, बस, रेल, हवाईजहाज आदि) को व्यवस्थापन अपाङ्गता अनुकूल हुने गरी तयार गरिने छ ।

## ६.५. रणनीति

६.५.१. सार्वजनिक महत्वका भौतिक संरचना (अग्ला र ठूला भवन, चलचित्र भवन, बैंक, विद्यालय, अस्पताल, कार्यालय, सडकपेटी, घर आदि) निर्माण गर्दा अपाङ्गहरुको पहुँच हुने अपाङ्ग मैत्री किसिमको निर्माण मापदण्ड तयार गरी लागू गरिने छ ।

६.५.२. सार्वजनिक यातायाात (सडक, पेटी, ट्राफिक चिन्ह, बस, रेल, हवाइजहाज आदि) व्यवस्था गर्दा अपाङ्गताका प्रकृति अनुरुप हुने गरी मौजुदा नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुरुप निर्माण मापदण्ड तयार गरी लागू विषयलाई समावेश गरिने छ ।

६.४.३. ट्राफिक प्रहरीको तालिम प्याकेजमा अपाङ्गता विषय वस्तुलाई पन समावेश गरिने छ ।

६.५.४. स्थानीय निकाय लगायत अन्य संघ संस्थाले कार्यक्रम तय गर्दा अपाङ्गहरुको पहुँचलाई दृष्टिगत गरी तयार पार्ने व्यवस्था गर्ने र कार्यान्वयन स्थितिको अनुगमन गरिनेछ ।

## ६.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक महत्वका भौतिक संरचना निर्माण र पुर्ननिर्माण गर्दा मापदण्ड अनुरुप अपाङ्गको पनि पहुँच पुग्ने (Disabled Friendly) पुग्ने खालको संरचना वनाउने । | आवास तथा भौतिक योजना, श्रम तथा यातायात व्यवस्था, स्वास्थ्य, तथा जनसंख्या, शिक्षा तथा खेलकूद, स्थानीय विकास मन्त्रालय । | अन्तरराष्ट्रिय श्रम संगठन, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, इन्जिनीयरिङ्ग एशोसियशनहरु । | दशौं र एघारौं योजना अवधि | • पहुँच योग्य सार्वजनिक स्थल (भवन, क्षेत्र, सडक आदि) निर्माण गर्ने नीतिगत व्यवस्था<br>• पहुँचयोग्य भौतिक संरचना निर्माण संख्या |
| २. | अपाङ्ग व्यक्ति रहने घर परिवारले भवन निर्माण गर्दा मापदण्ड अनुरुप अपाङ्गलाई सुविधा पुग्ने गरी निर्माण गराउने । | स्थानीय विकास, भौतिक योजना तथा निर्माण मन्त्रालय | स्थानिय निकायहरु राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, राष्ट्रिय/अन्तरराष्ट्रिय गैरसरकारी संस्था | दशौं र एघारौं योजना अवधि | • नीतिगत व्यवस्था<br>• निर्माण संख्या । नमूना |
| ३. | ट्राफिक प्रहरीको तालिममा अपाङ्गता सम्वन्धी विषय वस्तु समावेश गरी संचालन गर्ने । | गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय | अन्तर्राष्ट्रिय श्रम संगठन, राष्ट्रिय अन्तरराष्ट्रिय गैर सरकारी संस्था | एक वर्ष भित्र | • संचालित तालिमको संख्या । |

# ७. संचार

## ७.१.१. भूमिका । वर्तमान स्थिति

७.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघिय प्रामाणिक नियमहरु १९९३ नियम ५ ख अनुसार अपाङ्गहरुलाई सूचना तथा संचारको पहुंच पुऱ्याउने सम्बन्धमा दृष्टिविहिन र दृष्टि दोषयुक्त भएका व्यक्तिहरुका लागि लिखित सूचना र लिखित दस्ताबेजको पहुंच पुऱ्याउन ब्रेल, टेप सेवाहरु, ठूला अक्षरका छापा तथा अन्य उपयुक्त प्रविधिको उपयोग गरिनु पर्ने; श्रव्य कमजोरी भएका अथवा बुझ्न कठिनाई हुने व्यक्तिहरुका लागि सूचनामा पहूंच पुऱ्याउन उपयुक्त प्रविधिहरु अपनाउनु पर्ने; बहिरा तथा अन्य व्यक्तिहरु बीच संचार सुविधा सजिलो पार्न सांकेतिक भाषा र दोभाषे सेवा वहिरा अन्धा (बहु अपाङ्ग) को लागि स्पर्श सांकेतिक भाषा र दोभाषे उपलब्ध गराउनु पर्दछ ।

७.१.२. अपाङ्गहरुका लागि एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति ५ मा अपाङ्गहरुलाई उनीहरुको अपाङ्गपनको प्रकृति अनुसार अवरोध मुक्त पहुंच र संचारको सेवाको व्यवस्था हुनु पर्नेबारे व्याख्या गरेको छ ।

७.१.३. विवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथमिक क्षेत्र भित्र तोकिएको लक्ष्य एफ (२) को १६ देखि २० सम्ममा निम्न व्यहोरा उल्लेख गरेको छः

- ७.१.३.१. यस क्षेत्रका देशहरुमा सन् २००५ सम्ममा विद्युतीय संजाल (Internet) र यस सम्वन्धी सेवाहरुमा जुन अनुपातमा अन्य नागरिकहरुको पहुँच पुग्छ त्यही अनुपातमा अपाङ्ग पनि पहुँच पुऱ्याउनु पर्दछ ।
- ७.१.३.२. सूचना, संचार र प्रविधि (Information, Communication and Technology- ICT) सम्वन्धी स्तरीयता कायम गर्ने जिम्मेवार अन्तर्राष्ट्रिय संस्थाहरु ( जस्तै; अन्तर्राष्ट्रिय दूर संचार संघ, मापदण्ड निर्धारण सम्बन्धी अन्तर्राष्ट्रिय संगठन, विश्व व्यापार संगठन, विश्व व्यापी वेभ कर्न्सोटियम, चलचित्र, इन्जिनियरिङ्ग समूह) ले सन् २००४ सम्ममा अन्तर्राष्ट्रिय स्तरको सूचना, संचार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरुको पहुंच पुऱ्याउन आवश्यक मापदण्डहरु तयार लागू गर्नु पर्दछ ।
- ७.१.३.३. सरकारले सन् २००५ सम्ममा राष्ट्रिय सूचना, संचार र प्रविधि (ICT) को नीतिमा अपाङ्गता भएका व्यक्तिहरुको पहुंच वढाउन विशेषगरी अपाङ्गलाई लक्षित लाभान्वित समूहको रुपमा मानी उपयुक्त प्रावधानहरु सहित सूचना, संचार र प्रविधि निर्देशिका तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।
- ७.१.३.४. हरेक देशका सरकारले स्तरीय सांकेतिक भाषा, ब्रेल स्पर्श सांकेतिक भाषाको विकास एवं समन्वय गरी सवै माध्यम (जस्तै प्रकाशन, सिडि रोम आदि) वाट सिकाउन लगायत यस सम्बन्धी सूचना प्रवाह गर्नु पर्दछ ।
- ७.१.३.५. हरेक देशका सरकारले सांकेतिक भाषाका दोभाषेहरु, ब्रेल ट्रान्सक्राइवरहरु, हस्त ब्रेल दोभाषेहरु र पढ्ने व्यक्तिहरुलाई तालिम दिने र रोजगारमा लगाउने प्रणालीको व्यवस्था गर्नु पर्ने छ ।

७.१.४. अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा ८(५) बेवारीसे असहाय अपाङ्गको बाबु आमा, नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनको निमित्त समाज कल्याण अधिकृत, अपाङ्ग घर प्रमुख वा प्रहरी कार्यालयले त्यस्तो अपाङ्गको हुलिया तथा फोटो सहितको सूचना कुनै पत्र पत्रिकामा प्रकाशित गराउन वा संचारको अन्य माध्यमबाट प्रसारण गराउनु पर्ने व्यवस्था गरेको छ ।

७.१.५. धनादेश (मनिअर्डर) नियमावली, २०३१ को नियम ८ (२) मा सुस्तमनःस्थितिको हकमा धनादेशबाट प्राप्त हुने रकम प्राप्तीकालागि संगै बस्ने अभिभावकले हस्ताक्षर गरेर प्राप्त गर्न सकिने उल्लेख छ ।

७.१.६. नेपाल टेलिभिजनले हप्ताको एकपटक आधाघण्टाको सांकेतिक भाषामा समाचार प्रसारण गर्ने गरेको छ ।

७.१.७. निजी क्षेत्रका संचार माध्यम र सरकारी, गैर संस्थाले आ-आफ्ना कार्यक्रम मार्फत अपाङ्गता सम्वन्धी विषयमा समाचार सम्प्रेषण गर्ने गरेका छन् ।

७.१.८. अपाङ्ग व्यक्तिहरुले केही मात्रामा कम्प्युटर, टेलिफोन तालिम र सुविधा उपयोग गरेको पाइएको छ ।

## ७.२. मुद्दा तथा समस्याहरु

७.२.१. संचारमा अन्य नागरिक सरह अपाङ्ग व्यक्तिको पहुंच पर्याप्त पुग्न सकेको छैन । नेपाल सरकारको संचार नीतिमा अपाङ्गताका प्रकृति अनुरुप अपाङ्गलाई सूचना दिने सम्वन्धमा स्पष्ट व्यवस्था उल्लेख भएको पाइन्न । अपाङ्ग सम्वन्धित विषय सर्वसाधारण लगायत सरकारोवालालाई सचेत पार्ने विषयका सामग्री र यसको प्रचार प्रसार गर्ने पर्याप्त कार्यक्रम रहेको पाइन्न ।

**७.३. उद्देश्यः** संचारको विविध क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको पहुंच वृद्धि गरिने छ ।

## ७.४. नीति

७.४.१. अपाङ्गताका प्रकृति अनुरुप अपाङ्गहरुलाई उपयुक्त सूचना दिने नीति लिइने छ ।

७.४.२. अपाङ्गसंग सम्वन्धित विषयलाई सर्वसाधारण लगायत सरकारोवालामा जनचेतना अभिवृद्धि गर्न आवश्यक प्रचार सामग्री उत्पादन एवं प्रचार प्रसार गर्ने गराउने नीति लिइने छ ।

७.४.३. वहिराहरुको संचारका लागि सांकेतिक भाषाको शब्दलकोष Dictionary को विकास गर्दै कानूनी मान्यता प्रदान गरिने छ ।

## ७.५. रणनीति

७.५.१. सरकारी र निजी क्षेत्रका संचार माध्यम (रेडियो, टेलिभिजन, छापा र इन्टरनेट) वाट अपाङ्गता सम्वन्धि विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

७.४.२. सरकारी र गैर सरकारी क्षेत्रवाट दिइने पत्रकारिता (छात्रवृत्ति सहित) लगायत संचारका विविध विषयमा कोटा सहित अपाङ्गहरु लाई तालिम प्रदान गरिने छ ।

७.४.३. नेपाल टेलिभिजनवाट साँकेतिक भाषाको समाचार प्रसारण समयलाई बढाउदै लगिने छ ।

७.४.४. नेपाल टेलिभिजनवाट वहिराका लागि सांकेतिक भाषामा गरिने समाचार प्रसारणलाई दैनिक रुपमा नहुन्जेल समाचार प्रसारणका साथै लेखेर (Capson) मा पनि देखाइने छ ।

७.४.५. योग्य अपाङ्गता भएका व्यक्तिलाई हुलाक टिकट विक्री, PCO संचालन, टेलिफोन अपरेटर कार्य र भविष्यमा स्थापित हुने बहुउद्देश्यीय संचार केन्द्र संचालन गर्न प्राथमिकता दिइने छ ।

७.४.६. वहिरा र सुस्त श्रवणका लागि सार्वजनिक महत्वका स्थानहरुमा दोभाषेको व्यवस्था, दृष्टि विहिनलाई व्रेल लिपिमा सार्वजनिक महत्वका सूचनाको व्यवस्था गरिने छ ।

७.४.७. अपाङ्गहरुलाई सूचना संचारका आधुनिक प्रविधि बारे तालीम दिइने छ । यसका लागि गैर सरकारी संस्थाहरुलाई परिचालन गरिने छ ।

७.४.८. अपाङ्गका लागि चाहिने संचार र प्रविधिका सामग्रीहरु झिकाउँदा भन्सार महसुल लगायत अन्य कर मिनाहा वा छुट दिइने नीतिगत व्यवस्था गरिने छ ।

## ७.६. कार्ययोजना

| सि.नं | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, सूचना तथा संचार, स्वास्थ्य तथा जनसंख्या, शिक्षा तथा खेलकूद मन्त्रालय, समाज कल्याण परिषद | ILO, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सरकारी र निजी क्षेत्रका संचार माध्यम । | दशौं योजना अवधि | • कार्यक्रमको संख्या |
| २. | टेलिभिजनबाट सांकेतिक भाषामा दैनिक समाचार प्रसारण गरिने र समाचार प्रसारण भएको वेला लेखेर (Capson) पनि देखाइने | सूचना तथा संचार मन्त्रालय, नेपाल टेलिभिजन । | महिला तथा बालबालिका तथा समाज कल्याण मन्त्रालय, गैर सरकारी संस्था, सरकारी र निजी क्षेत्रका संचार माध्यम । | दशौं र एघारौं योजना अवधि | • टेलिभिजन मा दैनिक समाचार प्रसारण साथ Capson देखाइनु |
| ३. | अपाङ्गलाई पत्रकारिता ( छात्रवृत्ति सहित) तालिम प्रदान गरिने छ । | सूचना तथा संचार मन्त्रालय, सूचना विभाग, प्रेस काउन्सील | गैर सरकारी संस्था, सरकारी र निजी क्षेत्रका संचार माध्यम | दुई वर्ष भित्र | • तालिममा अपाङ्गको भर्ना दर |
| ४. | वहिरा र सुस्त श्रवणका लागि सार्वजनिक महत्वका मुख्य स्थानहरुमा दोभाषेको व्यवस्था, दृष्टि विहिनलाई ब्रेल लिपिमा सार्वजनिक महत्वका सूचनाको व्यवस्था गर्ने । | महिला, वालवालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था, स्वास्थ्य तथा जनसंख्या, शिक्षा तथा खेलकूद, स्थानीय विकास मन्त्रालय | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, समाज कल्याण परिषद्, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, | दशौं योजना अवधि | • सूचनाको संख्या र समेटेको क्षेत्र<br>• दोभाषेको प्रवन्ध |
| ५. | अपाङ्गव्यक्तिहरुल प्रयोग गर्ने सूचना र आधुनिक प्रविधि बारे तालीम दिने | महिला, बालबालिका तथा समाज कल्याण, बिज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | शिक्षा तथा खेलकूद मन्त्रालय, समाज कल्याण परिषद्, गै.स.सं. हरु | दशौं योजना अवधि | • तालिम प्राप्त गर्नेको संख्या |
| ६. | अपाङ्गव्यक्तिहरुले प्रयोग गर्ने सूचना प्रविधिका सामग्रीमा कर छुट गर्ने | अर्थ मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण, सूचना तथा संचार, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, समाज कल्याण परिषद्, गै.स.सं. हरु | दशौं योजना अवधि | • नीतिगत व्यवस्था<br>• छुट पाउनेको संख्या |

# ८. यातायात

## ८.१. भूमिका । वर्तमान स्थिति

८.१.१. अपाङ्गका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघको प्रमाणिक नियमहरु १९९३ नियम ५क (१) मा उल्लेख भए अनुसार सरकारले आवास, भवन, सार्वजनिक यातायात सेवा तथा अन्य यातायात साधन, सडक तथा अन्य वाहिरी वातावारण जस्ता समाजका विभिन्न क्षेत्रमा पहूंच निश्चित गर्न प्रमाणिक स्तर र मार्गनिर्देशिका विकास गर्दै कानूनी व्यवस्था समेत लागू गर्नुपर्ने कुरा उल्लेख छ ।

८.१.२.. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक (१९९३–२००२) को कार्यान्वयनको बुंदा ५ को "ग" ले यातायात पूर्वाधार लगायत सार्वजनिक भौतिक संरचना वातावरणको निर्माण, मर्मत संभारमा संलग्न पेशागत प्राविधिकहरुको तालिमका लागि अयोजित कार्यक्रममा अपाङ्गहरुको सहयोग लिई पहुंच विस्तार सम्बन्धमा अनुशिक्षण गराउनु पर्ने व्यवस्था उल्लेख गरेको छ ।

८.१.३. विवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य इ (२) को १४ मा नयां, पुननिर्माण गरिने र भइरहेका सडक, जल तथा हवाई यातायात लगायत सवै सार्वजनिक यातायातका प्रणालीहरु (सवारी साधन, सवारी विसौनी र सवारी आउनेजाने) मा अपाङ्ग बृद्धहरुका लागि पूर्णरुपले पहूंच पु-याउने र यथाशीघ्र व्यावहारिक रुपमा उपयोग हुने गरी वनाउनु पर्ने व्यहोरा उल्लेख गरेको छ ।

८.१.३. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० को (३) मा कुनै अपाङ्गता भएको व्यक्तिलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरु कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए त्यस्तो एकजना व्यक्ति (सहायक) लाई यात्रु भाडाको आधा भाडा छुट दिन र दफा १० (१०) मा सार्वजनिक यातायातका साधनहरुमा अपाङ्गका लागि केही स्थान सुरक्षित राख्न सकिने व्यवस्था गरिको छ ।

८.१.४. सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १०७ ले अशक्त व्यक्तिका लागि ४ वटा र महिलाका लागि २ सीट सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।

८.१.५. केही होटल र काठमाण्डौंका केही चोक, बाटाहरुमा शारीरिक अपाङ्गका लागि अनुकूल Ramp (भिरालो आवागमन सजिलो) को निर्माण भएको छ ।

८.१.६. आधुनिक भवनमा एलिवेटर वा लिफ्ट वनाउन थालिएको छ भने सडक सडक यातायातमा पनि अपाङ्गता भएका व्यक्तिलाई सुविधा पुग्ने किसिमले निर्माण कार्य हुन थालनी भएको छ ।

## ८.२. मुद्दा तथा समस्याहरु

८.२.१. हाल सम्म देशमा निर्माण भएका र भइरहेका सार्वजनिक भवन लगायत यातायात (सडक, पेटी, बस, रेल, हवाईजहाज) का भौतिकपूर्वाधारहरु तयार गर्दा अपाङ्गता अनुकूल हुने गरी निर्माण गरिएको छैन ।

८.२.२. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा सार्वजनिक यातायातका सेवाहरु (बस, रेल, हवाईजहाज) मा अपाङ्ग र अपाङ्गका सहयोगीलाई दिइने आधा भाडा छुट र केही स्थान सुरक्षित राखिने प्रावधान छ तथापी यी सुविधाहरु व्यवहारमा कार्यान्वयन भएका छैनन् ।

८.२.३. सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १०७ र का प्रावधान अनुरुप सीट सुरक्षित राख्नु पर्ने अपेक्षित कार्यान्वयन हुन सकेको छैन ।

८.३. **उद्देश्यः** यातायातका सवै क्षेत्रमा अपाङ्गलाई सहज वातावरण वनाई यातायातमा छुट र आरक्षण व्यवस्था गरी उनीहरुको गतिशिलतामा वृद्धि गरिने छ ।

## ८.४. नीति

८.४.१. अपाङ्ग र यिनका सहयोगीलाई सार्वजनिक यातायातका साधनहरुमा भाडा निःशुल्क/छुट एवं स्थान सुरक्षितको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

८.४.२. सार्वजनिक यातायातका साधन र भौतिक वातावरणलार्य अपाङ्ग अनुकूल Disabled Friendly. Universal Designe बनाइने छ ।

## ८.५. रणनीति

८.५.१. अपाङ्ग र यिनका सहयोगीलाई सार्वजनिक यातायातका साधनहरुमा क्रमशः निःशुल्क र ५० प्रतिशत भाडा छुट र स्थान सुरक्षित गरिने छ ।

८.४.२. अपाङ्ग र यस्ता व्यक्तिका लागि सवारी साधन खरीद गर्दा वा झिकाउदा भन्सार तथा अन्य करमा छुट सुविधा दिइने छ ।

८.४.३. चिकित्सक र सवारी चालक तालिम प्रदान गर्ने प्रशिक्षकको सिफारिशमा अपाङ्गता भएका व्यक्तिलाई सवारी चालक अनुमति पत्र दिइने छ ।

८.४.५ सार्वजनिक यातायातका साधन र भौतिक वातावरणलाई अपाङ्ग अनुकुल बनाइने छ ।

## ८.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | बस, रेल, हवाईजहाज आदि जस्ता साधन र सार्वजनिक यातायाताका भौतिकपूर्वाधार तयार गर्दा अपाङ्गताका प्रकृति पहुँच Accessible हुने गरी व्यवस्थापन र निर्माण गर्ने । | भौतिक योजना तथा निर्माण, श्रम तथा यातायात व्यवस्था, गृह,संस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय विकास मन्त्रालय, | अन्तर्राष्ट्रिय श्रम संगठन, स्थानिय निकाय, राष्ट्रिय अपाङ्ग महासंघ गैर सरकारी संस्था, इन्जिनीयरिङ्ग एशोसियशन । | दशौं र एघारौं योजना अवधि | • पहुंच योग्य निर्माण संरचना<br>• सहज यातायात साधन |
| २. | अपाङ्ग यिनका सहयोगीलाई सार्वजनिक यातायातका साधनहरुमा ५० प्रतिशत भाडा छुट र स्थान सुरक्षित गर्ने । | श्रम तथा यातायात व्यवस्था, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल हवाई प्राधिकरण | राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, यातायात व्यवसायी महासंघ , यातायात सम्बन्धी युनियनहरु | एक वर्ष भित्र | • छुटको प्रावधान<br>• रिजर्भ सीटको व्यवस्था |
| ३.(क) | चिकित्सक र सवारी चालक तालिम प्रदान गर्ने प्रशिक्षकको सिफारिशमा अपाङ्गता भएका व्यक्तिलाई सवारी | गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, श्रम तथा यातायात व्यवस्था | स्वास्थ्य मन्त्रालय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर | दशौं योजना अवधि | • चालक अनुमतिको नीतिगत व्यवस्था<br>• अनुमति पाउनेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | चालक अनुमति पत्र दिने । | मन्त्रालय | सरकारी संस्था | | संख्या |
| (ख) | अपाङ्ग व्यक्तिहरुलाई सवारी चालक अनुमति पत्र उपलब्ध गराउन ऐनमा संशोधन⁄ परिमार्जन सम्बन्धी कार्य गर्ने | श्रम तथा यातायात व्यवस्था, गृह मन्त्रालय | कानून न्याय था संसदिय व्यवस्था मन्त्रालय, प्रहरी प्रधान कार्यालय, गैर सरकारी संस्थाहरु | २ वर्ष भित्र | • संशोधन कानून<br>• चालक अनुमति पाउनेको संख्या |

# ९. शिक्षा

## ९.१. भूमिका । वर्तमान स्थिति

९.१.१. संयुक्त राष्ट्र संघको मानव अधिकार सम्वन्धी घोषणा पत्र १९४८ को धारा २६ ले घटीमा प्राथामिक तहसम्म निःशुल्क शिक्षा अधिकारको रुपमा सबैले पाउनु पर्ने उल्लेख गरेको छ। १९९० को जोमटिएन घोषणा पत्रले "शिक्षा सवैका लागि हो" भनी प्रतिबद्धता देखाएको छ ।

९.१.२. संयुक्त राष्ट्र संघिय अपाङ्गहरुको दशक १९८३-१९९२, अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धी संयुक्त राष्ट्र संघिय प्रमाणिक नियमहरु १९९३ नियम ६ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्ग हरुको दशक सन् १९९४ को सालामान्का घोषणाले अपाङ्ग लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मूलधारमा समाहि गर्नुपर्ने कुरामा जोड दिएको छ ।

९.१.३. संयुक्त राष्ट्र संघको विवा सहश्राब्दी कार्य योजना, २००२ को कार्यान्वयन ढाँचाको प्राथमिक क्षेत्र भित्र तोकिएको लक्ष्य सि को नं. ३ को ६ र ७ मा निम्न व्यवस्था गरिएको छ ।

९.१.३.१. सन् २०१५ सम्ममा शत प्रतिशत अपाङ्ग वालवालिकाले प्राथामिक शिक्षा पाउनु पर्दछ ।

९.१.३.२.सन् २०10 सम्ममा कम्तिमा ७५ प्रतिशत विद्यालय जाने उमेरका अपाङ्ग वालवालिकाले प्राथामिक शिक्षा पाउनु पर्दछ ।

९.१.४. सन् २००० को डाकार सम्मेलनले विशेष आवश्यकता शिक्षाको लागि एशिया प्रशान्त क्षेत्रमा विविध कार्यक्रम संचालन गर्न गराउन कार्यक्रम बनाई पेश गरेको छ ।

९.१.५.शिक्षा ऐन २०२८ (सातौं संशोधन) को दफा ६क मा विशेष शिक्षाको संचालन साधारण शिक्षा सरह हुने भन्ने उल्लेख छ र शिक्षा नियमावली २०५९ को ६० मा दृष्टिविहिन, वहिरा, सुस्त मनस्थिति भएका वा शारिरीक कारणले अपाङ्गता भएका वालवालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने र दफा ६६ मा विशेष शिक्षा दिने संस्थालाई श्री ५को सरकारले निर्धारण गरे बमोजिम सुविधा दिइने उल्लेख छ। त्यस्तै शिक्षा नियमावली २०५९ को १५१(२) मा संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा पाँच प्रतिशत गरीव, अपाङ्ग, महिला, दलित र जनजाति⁄समुदायका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने नीति लिएको छ । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा १५ (१) र (२) ले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा एवं तालिमको व्यवस्था गर्ने संस्थालयलाई मन्त्रालयले सहयोग उपलब्ध गराउने, अपाङ्गका बढीमा दुई जना सन्ततिलाई कुनै निश्चितस्तर सम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्ने उल्लेख छ ।

९.१.६. हाल करीव १,३,५०० स्कुल जाने उमेरका अपाङ्गता भएका वालवालिकाले गैर सरकारी संस्था र निजी क्षेत्रबाट संचालित विद्यालयमा अध्ययन गर्ने अवसर पाइरहेका छन्। करिब ४० जना अपाङ्गले स्नातकोत्तर, ७५ जनाले स्नातक, करिब १००० जनाले एस. एल.सी र प्रमाणपत्र तह पास गरेको छ ।

९.१.७.

९.१.८. शिक्षा तथा खेलकुद मन्त्रालयले ७१ जना जिल्लका ३३० श्रोत कक्षा -दृष्टिविहिन बहिरा तथा सुस्त श्रवण र सुस्त मनःस्थिती( बाट संचालन, छात्रबृति वितरण र विशेष शिक्षा अर्न्तगतका कार्यक्रमबाट ९१०० जना अपाङ्गता भएका बालबालिकाले विद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन् । २००० प्राथमिक शिक्षकले विशेष शिक्षा सम्बन्धी जागरण तथा आधारभूत तालिम प्राप्त गरेका छन् । शिक्षा विभागले ७५ रै जिल्लामा अपाङ्गको लागि छात्रवृति प्रदान गरेको छ भने अपाङ्गता बालबालिकाहरुका लागि निःशुल्क पाठ्यपुस्तक शिक्षण र सहयोगी सामाग्री एवं उपकरणहरु वितरण गरेको छ । साथै ४७ जिल्लामा अपाङ्ग बालबालिकाका लागि लेखाजोखा केन्द्र (Assessment Centre) स्थापना भएको छ । समाहित शिक्षाको कार्यक्रम २२ जिल्लाका २१० विद्यालयमा संचालन भइरहेको छ ।

## ९.२. मुद्दा तथा समस्या

९.२.१. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१, शिक्षा ऐन २०२८ (सातौं संसोधन) र नियमावली २०५९ अपाङ्गता भएका बालबालिकाहरुलाई निःशुल्क शिक्षाको प्रावधान भएपनि वहुसंख्यक अपाङ्गता भएका वालवालिकाले सर्वसुलव र निःशुल्क (घर पायक पर्ने विद्यालयमा पढ्न नपाउनु) रुपमा पढ्ने अवसर पाएका छैनन् । यसका साथै अपाङ्गता भएका बालबालिकाहरुको शिक्षा अझै पनि अपेक्षित रुपमा अपाङ्ग अनकुल हुन सकेको छैन ।

९.२.२. शिक्षालाई अधिकारका रुपमा स्थापित गर्नु पर्ने अनिवार्य भएको परिप्रेक्ष्यमा नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष “सबैका लागि शिक्षा” (Education For All by 2015) पुऱ्याउने प्रतिवद्धता पनि जनाइसकेको छ । सो अनुरुप शिक्षा प्राप्त गर्ने अधिकार अपाङ्ग वालवालिकाको पनि रहन्छ । तथापी सरकारी, गैर सरकारी र निजी क्षेत्रवाट संचालित पूर्व प्राथमिक र शिशु कक्षा कार्यक्रममा अपाङ्ग वालवालिका समावेश समाहित हुन सक्ने प्रर्याप्त अनुकूल वातावरण तयार हुन सकेको छैन ।

९.२.३. प्राथामिक शिक्षा प्राप्त गरेका अपाङ्ग वालवालिकाको अन्य बालबालिका सरह माध्यामिका तहको शिक्षामा अपेक्षित संख्यामा सकेको छैन । सांकेतिक भाषाको दोभाषेको व्यवस्था र पर्याप्त साँकेतिक भाषाको शब्दावली (Vocabulary) नहुनाले बहिराहरुको उच्च शिक्षामा अपेक्षित मात्रामा पहुंच पुगेको छैन भने दृष्टिविहिनहरुका लागि ब्रेल पाठ्यपुस्तक तथा सुन्ने किताव (Talking Book) नहुनाले उच्च शिक्षा प्राप्त गर्नमा कठिनाई भइरहेको छ । अपाङ्गका लागि जीवन उपयोगी प्राविधिक र व्यावसायिक शिक्षाको पर्याप्त व्यवस्था हुन सकेको छैन ।

९.२.४. शिक्षा तथा खेलकूद मन्त्रालयद्वारा संचालित स्रोत कक्षाहरुमा रहेका अपाङ्गता बौद्धिक अपाङ्गता भएका वालवालिकाहरुले अन्य बालबालिका सरह कक्षोन्नोति हुन पाएका छैनन् । स्रोत कक्षाको वातावरण वालवालिकको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकास तथा पहुँचको दृष्टिले पर्याप्त अनुकूल हुन सकेको छैन । पर्याप्त तालिम प्राप्त शिक्षक नभएकाले अवस्था विद्यमान छ ।

९.२.५. विशेष तथा खेलकूद मन्त्रालय अन्तगर्त र गैर सरकारी संस्थाहरुद्वारा संचालित विशेष शिक्षाको कार्यक्रमहरु वीच अपेक्षित समन्वयको अभाव छ ।

९.२.६. अपाङ्गता क्षेत्र अनुकूल लचिलो पाठ्यक्रमको व्यवस्था नभएको अवस्था विद्यमान छ ।

९.२.७. दृष्टिविहिन, बहिरा अनुकूल परीक्षा प्रणाली नहुँदा कठिनाई भएको छ ।

९.२.८. समाहित शिक्षा अनुकूल तालिमको व्यावस्था पर्याप्त नभएको अवस्था रहेको छ ।

९.३. **उद्देश्यः** सबैको लागि शिक्षाको सन्दर्भमा अपाङ्गता भएका बालबालिकाहरुको लागि गुणात्मक शिक्षाको अवसरहरुमा पहुंच वढाउन विशेष व्यवस्था गरिने छ।

## ९.४. नीति

९.४.१. अपाङ्गता भएका वालवालिकालाई सर्वसुलभ एवं अपाङ्ग अनुकूल शिक्षा प्रदान गरिने छ।

९.४.२. अपाङ्गलाई पूर्व प्राथमिक र शिशु तहदेखि उच्च तहसम्म गुणस्तरयुक्त निशुल्क शिक्षा प्रदान गर्ने नीति लिइने छ।

९.४.३. शिशु एवं बालबालिकाहरुको अवस्था पहिचान, अविलम्ब परामर्श र सहयोग सम्वन्धी कार्य गरिने छ।

९.४.४. अपाङ्गहरुका लागि अनौपचारिक शिक्षा प्रदान गरिने छ।

९.४.५. अपाङ्ग बालबालिकाको अध्ययन अवसरमा अभिवृद्धि गर्न एवं गुणस्तरिय शिक्षाको लागि समाहित शिक्षा जोड दिइने छ।

## ९.५. रणनीति

९.५.१. प्राथामिक विद्यालयमा अपाङ्गता अनुकूल पूर्वाधार तयार पारी अपाङ्गता भएका वालवालिकालाई घर नजिकैको विद्यालयमा पढ्ने अवसर एवं समाहित शिक्षा कार्यक्रम क्रमशः लागू गरिने छ।

९.५.२. प्रत्येक जिल्लामा आवासीय सुविधा सहितको माध्यामिक विद्यालय (एकीकृत वा विशेष) को लागि पूर्वाधार तयार गरिने छ।

९.५.३. अपाङ्ग (दुवै खुट्टा नभएको, नेत्रहीन, सुस्तमनस्थिति, वहिरा तथा वहुअपाङ्ग) वालवालिकाका लागि पूर्व प्राथमिक। शिशु कक्षा देखि उच्च कक्षासम्म निःशुल्क (आवाशीय सुविधा सहित) शिक्षा प्रदान गरिने छ।

९.५.४. शिशुहरुको संस्थागत अविलम्ब अवस्था पहिचान र अविलम्ब परामर्श सहयोग सेवाका लागि संस्थागत व्यवस्था गरिने छ।

९.५.५. अपाङ्गता भएका बालबालिकाहरुका लागि अवरोधमुक्त भौतिक वातावरणको व्यवस्था गरिनेछ।

९.५.६. विशेष शिक्षाका शिक्षकलाई उपयुक्त तालिम प्रदान गरिने छ।

९.५.७. उपयुक्त र आवश्यक पाठ्यपुस्तक, शैक्षिक सामाग्री, सहायक सामग्री, सहयोगी व्यक्तिको पर्याप्त व्यवस्था गरिने छ।

९.५.८. पाठ्यपुस्तकहरुमा (औपचारिक र अनौपचारिक) अपाङ्गता सम्बन्धी जानकारी दिने विषयलाई समावेश गरिने छ र अपाङ्ग प्रति भेदभाव जनाउने आसयको सन्दर्भ र लेखहरु हटाईने छ।

९.५.९. जनक शिक्षा सामाग्री केन्द्र मार्फत अपाङ्गता भएका वालवालिकाको प्रकृति अनुसार आवश्यक पर्ने पाठ्यपुस्तकहरु उत्पादन एवं वितरण गरिने छ।

९.५.१०. अपाङ्गता भएका बालबालिकाहरुका लागि खोलिने विद्यालयको लागि नियमानुसारको धरौटी शुल्क लगायत अन्य छुट सहुलियत प्रदान गरिने छ।

## ९.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गता भएका शिशु बालबालिकाहरुको अविलम्ब अवस्था पहिचान र अविलम्ब परामर्श सेवा व्यवस्था गर्ने । | शिक्षा तथा खेलकूद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | स्थानीय विकास मन्त्रालय, शिक्षा विभाग, विशेष शिक्षा परिषद्, समाज कल्याण परिषद्, गै.स.सं हरु, अन्तर्राष्ट्रिय सहयोग नियोग | दशौं र एघारौं योजना अवधि | • अविलम्ब अवस्था पहिचान र परामर्श सेवाको स्तर र संख्या |
| २. | अविलम्ब अवस्था पहिचान एवं परामर्श सेवा सम्बन्धी तालीम संचालन दिने | शिक्षा तथा खेलकूद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा विभाग | स्थानीय विकास, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद्, गै.स.सं.हरु, दातृ नियोग । | दशौं र एघारौं योजना अवधि | • तालीमको प्रकार र स्तर<br>• तालीम प्राप्त गर्नेको संख्या |
| ३. | स्कूल जाने उमेरका ५०% भन्दा बढी अपाङ्गता भएका वालवालिकालाई निःशुल्क गुणस्तरीय प्राथमिक शिक्षा उपलब्ध गराउने । | शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, विशेष शिक्षा परिषद् | महिला, बालबालिका तथा समाज कल्याण, स्थानीय विकास मन्त्रालय, स्थानीय निकायहरु, समाज कल्याण परिषद्, UNICEF, UNESCO, राष्ट्रिय । अन्तराष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौं योजना अविधि (सन् २०१२ सम्ममा) | • विद्यालय जादै नजाने अपाङ्ग वालवालिकाको दर<br>• अपाङ्गता भएका बालबालिकाको भर्ना प्रतिशत । |
| ४. | विद्यालयहरुमा अवरोधमुक्त तथा पहूँच योग्य व्यवस्था मिलाउन े। | शिक्षा तथा खेलकूद मन्त्रालय | भौतिक योजना तथा निर्माण मन्त्रालय, समाज कल्याण परिषद्, अन्तर्राष्ट्रिय सहयोग नियोग, स्थानीय निकायहरु, गै.स.सं.हरु | दशौं र एघारौं योजना | • पहूँच योग्य विद्यालय संख्या<br>• भर्ना प्रशित |
| ५ | अपाङ्गता भएका बालबालिकालाई पूर्व प्राथमिक र वाल विकास कक्षामा भर्ना गर्न प्रोत्साहन गर्ने । | शिक्षा तथा खेलकूद मन्त्रालय | राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्था, स्थानीय निकायहरु | दशौं र एघारौं योजना अविधि | • कानूनी र नीतिगत व्यवस्था । प्रावधान<br>• भर्ना दर |
| ६. | उपयुक्त सुविधा सहित उच्च शिक्षामा अपाङ्गको पहुंच वृद्धि र विस्तार गर्न, उच्च शिक्षा निःशुल्क गर्ने । | शिक्षा तथा खेलकूद मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद, विश्व विद्यालयहरु, विशेष शिक्षा परिषद् | राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्था स्थानीय निकायहरु | दशौं योजना अविधि | • निःशुल्कताको व्यवस्था<br>• कक्षामा दोभाषेको सेवा<br>• उच्च शिक्षामा भर्ना संख्या |
| ७. | विशेष । स्रोत | शिक्षा तथा | गैर सरकारी संस्थाहरु, | दशौं योजना अविधि | • निशुल्क अध्ययनको |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षकलाई स्तरयुक्त तालिम संचालन गर्ने । | खेलकूद मन्त्रालय, शिक्षा विभाग, विशेष शिक्षा परिषद, विश्वविद्यालयहरु | अन्तर्राष्ट्रिय सहयोग नियोग | | व्यवस्था/ प्रावधान<br>• संचालित कार्यक्रम<br>• तालिम पाउनेको संख्या |

# १०. खेलकूद, सांस्कृतिक तथा मनोरन्जनात्मक क्रियाकलाप

## १०.१. भूमिका । वर्तमान स्थिति

१०.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघिय प्रमाणिक नियमहरु १९९३ नियम ६ मा सरकारले अपाङ्गहरुलाई होटेल, रंगशाला, व्यायामशाला, पर्यटन क्षेत्र,स्वयंसेवक संस्था आदि क्षेत्रहरुमा मनोरन्जन र खेलकूदमा समान अवसर उपलब्ध गराउन पर्ने उल्लेख छ ।

१०.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को कार्यसूचिको ११ (ग) मा अपाङ्गद्वारा सांस्कृतिक अभिव्यक्तिको लागि मार्ग खुल्ला गर्ने व्यवस्था गरेको छ ।

१०.१.३. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा १० (२) अनुसार कुनै अपाङ्गले खेलकूद, मनोरन्जन वा सांस्कृतिक प्रदर्शन इत्यादिमा भाग लिन चाहेमा सो कामको लागि सम्वन्धित संस्थामा उपयुक्त तालिम दिने, सिकाउने र सो कामको लागि प्राथमिकता दिन सकिने व्यवस्था रहेको छ ।

१०.१.४. विशेष शिक्षा परिषदले वार्षिक रुपमा अपाङ्गता भएका वालवालिका लागि खेलकूद तथा सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

१०.१.५. अपाङ्गता भएका व्यक्तिहरुको मानसिक विकासको निमित्त अवसर प्रदान गर्ने दशौं योजनाको नीति रहेको छ । दशौं योजनाको कार्यक्रममा अपाङ्गहरुका लागि खेलकुद विकासका निमित्त जनशक्ति विकास गर्ने कुरा उल्लेख छ ।

१०.१.६. सुस्तमनस्थितिका वालवालिका लागि सुस्तमनस्थिति कल्याण संस्थाले स्पेशल ओलम्पिक मार्फत नियमित कार्यक्रम संचालन गर्ने गरेको छ ।

१०.१.७. विशेष शिक्षा परिषदले वालवालिकाकालागि प्रत्येक वर्ष तीन दिनको खेलकुद तथा सांस्कृतिक कार्यक्रमको संचालन गर्ने गरेको छ ।

## १०.२. मुद्दा तथा समस्या

१०.२.१. राष्ट्रिय खेलकुद परिषदमा अपाङ्गको खेलकुद विकास गर्न नीति, एवं लक्षित कार्यक्रमको व्यवस्था समाबेश भएको पाइन्छ ।

१०.२.२. राष्ट्रिय खेलकुद् परिषदमा अपाङ्गता भएको व्यक्तिको प्रतिनिधित्व रहने नीतिगत व्यवस्था नरहेको ।

**१०.३. उद्देश्यः** अपाङ्गहरुको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकासको लागि विशेष खेलकूद, सांस्कृतिक र मनोरन्जनको व्यवस्था गरिको छ ।

## १०.४. नीति

१०.४.१. अपाङ्गको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकासको लागि खेलकूद, सांस्कृतिक एवं मनोरञ्जनात्मक कार्यक्रमहरु अपाङ्गताको प्रकृति अनुरुप संचालन गरिने छ र यस सम्वन्धी आवश्यक जनशक्ति विकास गरिने छ ।

१०.४.२. मनोरन्जन स्थल, उद्यान आदिमा अपाङ्ग व्यक्तिका लागि पनि पहुँच पुग्ने उपयुक्त व्यवस्था गरिने छ ।

## १०.५. रणनीति

१०.५.१. अपाङ्गका लागि खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गर्न गराउन प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

१०.५.२. राष्ट्रिय खेलकुद परिषदमा अपाङ्गको प्रतिनिधित्वको व्यवस्था लगायत अपाङ्ग खेलकूद सम्बन्धी विकासका लागि थप इकाइको प्रबन्ध गरिने छ ।

१०.५.३. अपाङ्गता भएका वालवालिका अध्ययन गर्ने शिक्षण संस्थाहरुमा प्रकृति अनुरुप खेलकूद तथा मनोरन्जनको व्यवस्थाका साथै यस सम्बन्धी आवश्यक सामग्रीहरु र सहयोगको व्यवस्था गरिने छ ।

## १०.६. कार्ययोजना

| सि.नं | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्ग वालवालिकाको लागि खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रमहरु संचालन गर्न गराउन शिक्षण प्रशिक्षण कार्यक्रम संचालन गर्ने । | शिक्षा तथा खेलकूद मन्त्रालय र राष्ट्रिय खेलकूद परिषद । | स्थानीय निकाय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | एघारौं योजना भित्र शुरु गरी निरन्तर | • शिक्षक प्रशिक्षणको संख्या<br>• खेलकूद तथा मनोरन्जनमा उपलब्ध सुविधा |
| २. | राष्ट्रिय खेलकुद परिषदमा अपाङ्ग प्रतिनिधित्व नीतिगत व्यवस्था लगायत अपाङ्गता भएका वालवालिकाको लागि अपाङ्ग खेलकुद इकाईको व्यवस्था गर्ने | शिक्षा तथा खेलकूद मन्त्रालय र राष्ट्रिय खेलकूद परिषद । | राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौ योजना अविधि | • स्थापित र संचालित संस्थागत व्यवस्था<br>• प्रतिनिधित्व व्यवस्था |
| ३. | विद्यालयहरुमा प्रकृति अनुरुप खेलकूद तथा मनोरन्जनका कृयाकलाप संचालन गराउने र आवश्यक सामग्रीहरु उपलब्ध गराउने । | शिक्षा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय खेलकूद परिषद । | स्थानीय निकाय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि | • खेलकूद तथा मनोरन्जनका सामग्री वितरणको (Delivery) प्रकार र मात्रा<br>• संचालित क्रियाकलाप |

# ११. अपाङ्गपनको कारणहरुको निरोध

## ११.१. भूमिका । वर्तमान स्तिथि

११.१.१. अपाङ्ग व्यक्तिहरुको लागि संयुक्त राष्ट्र संघ दशक १९८३–१९९३ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ ले अपाङ्गपनको रोकथाम गर्न नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको छ ।

११.१.२. विवाको सहश्राब्दी कार्य योजना २००० को कार्यान्वयन ढांचाको प्राथमिक क्षेत्र भित्र तोकिएको लक्ष्य नं. ३ को ८ र ९ मा निम्न व्यहोरा उल्लेख गरेको छः

११.१.२.१. सन् २०१२ सम्ममा जन्म देखि शिशुअवस्था (०-४ वर्ष) का सम्पूर्णका लागि समुदायमा आधारित पुनर्स्थापना सुधार अविलम्ब सहयोग सेवाहरुमा बालबालिकाहरुको पहुँच पुग्ने छ र सेवा प्राप्त गर्ने छन् यसले गर्दा बाल मृत्युदरमा कमि आउने छ ।

११.१.१.२. सरकारले वाल्य अवस्थामै बालबालिकामा हुने अपाङ्गपनको पहिचान (Detection of Childhood Disabilities) को सुनिश्चितता गर्नुपर्ने छ ।

११.१.४. अपाङ्गहरुका लागि अवसर समानिकारण सम्बन्धी संयुक्त राष्ट्र संघीय प्रमाणिक नियम २/२ एवं योजनामा अपाङ्गपन रोकथाम र न्यूनीकरण वारे नीतिगत व्यवस्था रहेको छ ।

११.१.३. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ दफा ७.१ र ७.२ ले अपाङ्गपन आइपर्ने अवस्थालाई यथासम्भव निराकरण गर्न नेपाल सरकारले पौष्टिक आहारमा बृद्धि, किटाणुजन्य रोगको नियन्त्रण वा उन्मूलन गर्ने र दुर्घटनाहरुको रोकथामका लागि आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था ।

११.१.४. अपाङ्गपन न्यूनिकरणका लागि निरोधात्मक तथा प्रतिरोधात्मक कार्यक्रमहरु नियमित रुपमा संचालित छ । सरकारद्वारा बाल तथा मातृस्वास्थ्यका लागि टिटनास, दादुरा, पोलियो, क्षयरोग आदि जस्ता नियमित खोप र भिटामिन ए वितरण, अन्धोपन र वहिरोपन निवारण, सुरक्षित मातृत्व, आयोडिनयुक्त नूनको वितरण, प्राथमिक स्वास्थ्य सेवा र गाउंघर क्लिनिक जस्ता कार्यक्रम राष्ट्रिय अभियानको रुपमा संचालन गरेको छ ।

११.१.५. अपाङ्गपन न्यूनीकरणका लागि निरोधात्मक तथा प्रतिरोधात्मक कार्यक्रमहरु नियमितरुपमा संचालित छ ।

११.१.६. प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व सेवा सम्बन्धी कार्यविधि नियमावलीको तर्जुमा, किशोर किशोरी अवस्थामा यौन शिक्षा तथा परामर्श दिने कार्यक्रम संचालन, कुष्ठ रोग, एचआइभी/एड्सबारे व्यापक प्रचार प्रसार गर्ने गरेको पाइन्छ । प्रत्येक जिल्लामा साधन-स्रोत सम्पन्न प्रसूति सेवा, महिलाको स्वास्थ्य अधिकार सम्बन्धमा संचार माध्यम मार्फत जनचेतनामा वृद्धि, पोषण सम्बन्धी चेतना र उपचार सम्बन्धी कार्यक्रमहरु संचालित छन् ।

## ११.२. मुद्दा तथा समस्या

११.२.१. अपाङ्गता हुने कारणबारेमा सामान्य नागरिकहरुमा पर्याप्त जानकारी छैन् । नेपालमा अपाङ्गता स्थिति विश्लेषण अध्ययन अनुसार ५०% भन्दा बढी मानिसहरु शिक्षा र जनचेतनाको अभावमा अपाङ्गपन हुने कारण भाग्य, र पूर्व जन्मको पापलाई मान्दछन् ।

११.२.२. अपाङ्गपन हुनवाट वचाउन लक्षित समूहका लार्गि संचालित कार्यक्रम पर्याप्त प्रभावकारी देखिएको पाइन्दैन । गर्भवती महिलालाई दिइने सेवा प्रभावकारी नहुनु, धेरै गर्भबती आमाहरुले घरैमा वच्चा

जन्माउनु तथा श्वास प्रश्वास सम्वन्धी रोगहरुको अतिरिक्त कुपोषण पनि अपाङ्ग हुने कारक तत्वको रुपमा रहेको छ ।

११.२.३. अपाङ्गपन हुने कारणको चेतना जगाउन, अपाङ्ग हुन नदिन, अपाङ्गताको पूर्व पहिचान गर्न र अपाङ्गताको दरलाई घटाउन, अपाङ्गप्रति सकरात्मक धारणा जगाउन र अपाङ्गपन हुनवाट वचाउन जनचेतना कार्यक्रम पर्याप्त र प्रभावकारी रुपमा ग्रामीणस्तरसम्म संचालन हुन सकेका छैनन् । अपाङ्ग हुने कारणहरु ज्यादै न्यून जनचेतना, आन्तरिक संघर्ष, घरेलु हिंसा, दुर्घटना आदि हुन् र अपाङ्ग हुने यी कारणको रोकथाम गर्ने वा न्यून गर्ने उपाय प्रभावकारी ढंगले संचालन गरिएको पाइएको छैन ।

११.२.३. विद्यालयका पाठ्यपुस्तकमा अपाङ्गपन हुने कारण सम्वन्धी विषय समावेश गरी पठन पाठन गराउने कार्यलाई व्यापक गर्न सकिएको छैन । यसले गर्दा वालवालिकामा अपाङ्गता रोकथाम सम्वन्धी ज्ञानको कमी रहेको छ ।

११.२.४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सवै तहका स्वास्थ्यकर्मीका लागि संचालन गर्ने तालिममा अपाङ्गता रोकथामको वारे पाठ्यसामग्री समावेश नगरिएकोले उनीहरुलाई अपाङ्गता रोकथामको वारेमा पर्याप्त ज्ञान छैन ।

**११.३. उद्देश्यः** देशको जनसंख्यालाई अपाङ्ग हुनमा वचाउन र अपाङ्गताको प्रतिशत घटाउनका लागि स्वास्थ्य सम्बन्धी विविध कार्यक्रमहरु संचालन गरिने छ ।

## ११.४. नीति

११.४.१. अपाङ्गताको रोकथाम एवं निरोधात्मक सुरक्षा उपायहरुबारे जनचेतना जगाइने छ ।

११.४.२. अपाङ्गपन हुने कारणको चेतना जगाउन, अपाङ्ग हुन नदिन, अपाङ्गताको पूर्व पहिचान गर्न र अपाङ्गताको दरलाई घटाउनका लागि अपाङ्गहरु समेतको सहभागितामा विशेष कार्यक्रम संचालन गरिने छ ।

११.४.३. विद्यालयका पाठ्यपुस्तकमा अपाङ्गता सम्वन्धी विषय वस्तु समावेश गरिने छ ।

११.४.४. स्वास्थ्यकर्मीलाई प्रदान गरिने तालिमको पाठ्यक्रममा अपाङ्गता विषयसमेत समावेश गरिने छ ।

## ११.५. रणनीति

११.५.१. अपाङ्गपन रोकथामका लागि अपाङ्गमुखी स्वास्थ्य शिक्षा, सूचना र संचारसम्वन्धी सामग्री तयार गर्ने र प्रचार प्रसार गरिने छ ।

११.५.२. विभिन्न प्रकारका खोपहरु, भिटामिन ए, आइरन चक्की र आयोडिनयुक्त नून सर्वसुलभ तरिकाले वितरण गर्ने जस्ता कार्यक्रम निरन्तर रुपमा संचालन गरिने छ ।

११.५.३. दुर्घटना रोकथामको लागि सचेतनाको विकास र स्वास्थ्य सुरक्षा सम्वन्धी आवश्यक मापदण्डको विकास गरिने छ ।

११.५.४. अपाङ्गताको रोकथाम पोषण र स्वास्थ्य पुनर्स्थापनाका वारेमा व्यापक कार्यक्रम साथ प्रचार प्रसार गरिने छ ।

## ११.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गपन रोकथामका लागि अपाङ्गमुखी स्वास्थ्य शिक्षा, सूचना र संचार सम्वन्धी सामग्री तयार गर्ने र व्यापक प्रचार प्रसार गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, स्वास्थ्य मन्त्रालय र स्थानीय निकाय । | WHO, UNICEF, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि | • अपाङ्गपनको दरमा कमि<br>• अपाङ्गमुखी स्वास्थ्य शिक्षा र सचेतना कार्यक्रमको संख्या । स्थिति |
| २. | अपाङ्गपन रोकथाम नहुन्जेलसम्म विभिन्न प्रकारका खोपहरु, भिटामिन ए, आइरन चक्की र आयोडिन युक्त नून वितरण जस्ता कार्यक्रम संचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय निकाय, र साल्ट ट्रडिङ्ग लि. | स्थानीय विकास मन्त्रालय, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था । | दशौं र एघारौ योजना अवधि | • सेवा पाउनेको संख्या<br>• संचालित कार्यक्रमको संख्या<br>• अपाङ्ग न्यूनीकरण |
| ३. | सुरक्षित मातृत्व अविलम्ब अवस्था पहचान र अविलम्ब सेवा परामर्श कार्यक्रम संचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि देखि निरन्तर | • मातृ शिशु मृत्यु दर कमि<br>• अपाङ्गपन न्यूनिकरण |

# १२ स्वास्थोपचार

## १२.१. भूमिका । वर्तमान स्थिति

१२.१.१. संयुक्त राष्ट्र संघ अपाङ्ग दशक १९८३-१९९२, अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय प्रमाणिक नियमहरु १९९३ नियम २ मा राज्य सरकारले अपाङ्गहरु चिकित्सक, अर्धचिकित्सकहरु र तालिम प्राप्त स्वास्थ्यकर्मीहरुलाई अपाङ्गहरुको उपचारका निमित्त उपयुक्त तालिम र प्रविधिको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख छ ।

१२.१.२. संयुक्त राष्ट्रको बिवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य सी को लक्ष्य नं. ३ को ७ मा जन्म देखि शिशुअवस्था (०-४ वर्ष) का अपाङ्ग वालवालिका लागि स्वास्थ्योपचारको लागि कार्यनीति वनाउनु पर्ने व्यहोरा उल्लेख गरेको छ ।

१२.१.३. बाल अधिकार महासन्धीको धारा २३ को उपधारा ३ मा सबै अपाङ्गता भएका बालबालिकाहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपचार पाउने उल्लेख गरिएको छ ।

१२.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ७ र नियमावली २०५१ नियम १६ मा नेपाल अधिराज्यका अस्पतालहरुमा अपाङ्गहरुको निःशुल्क परिक्षण, औषधोपचार, पचास भन्दा बढी शैया भएका सरकारी अस्पतालहरुमा अपाङ्गहरुको अपचारको निमित्त घटीमा दुई वटा निःशुल्क शैयाको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

१२.१.५. विश्व स्वास्थ्य संगठनको आल्माआटा घोषणा १९७८ ले सबैका लागि स्वास्थ्य अधिकारको प्रत्याभूति गरेको छ ।

१२.१.६. दशौं योजनामा अपाङ्गताको उपचारको लागि स्वस्थ्य केन्द्र तथा अस्पतालहरुमा आवश्यकता हेरी निःशुल्क उपचारको व्यवस्था गरिने र निरोधात्मक तथा उपचारात्मक उपाय अपनाइने व्यहोरा उल्लेख छ ।

१२.१.७. अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम १६ (४) ले नेपाल सरकारको पूर्व स्वीकृति लिई कुनै गैर सरकारी अस्पतालले अपाङ्गहरुको लागि निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क शैया वा औषधि उपचारको व्यवस्था गरेमा त्यस्तो अस्पताललाई सरकारले आवश्यक सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

१२.१.८. नेपाल अधिराज्यभरिका हरेक गा.वि.स.मा उपस्वास्थ्य चौकी संचालित छन् । सरकारी अस्पताल, स्वास्थ्य केन्द्र, आदिमा निःशुल्क स्वास्थ्योपचार सेवा उपलब्ध छ, केही गैर सरकारी संस्थाद्वारा संचालित यस्ता केन्द्रमा निःशुल्क वा सहुलियतमा स्वास्थ्योपचार सेवा उपलब्ध भएपनि यस्ता सेवाहरु अझ व्यापक र प्रभावकारी बनाउनु जरुरी छ ।

१२.१.९. एचआइभी/एड्सबाट प्रभावित महिलाको निमित्त सर्वसुलभ स्वास्थ्य सेवा तथा परामर्श सेवा, ४९ वर्ष भन्दा माथिका महिलाको लागि स्वास्थ्य सेवा तथा परामर्शको व्यवस्था छ ।

१२.१.१०.एक सर्वेक्षण अध्ययन अनुसार १५.३ प्रतिशत अपाङ्गले मात्र स्वास्थ्य सेवा, सुविधा उपयोग गरेको पाइएको छ ।

१२.१.११. कुष्ठ रोगको नियन्त्रण र उपचारका लागि निःशुल्क उपचार लगायत पुनर्स्थापनका कार्यक्रम संचालित छन् ।

## १२.२. मुद्दा तथा समस्या

१२.२.१. स्वास्थ्य सुविधा पाउनु सम्पूर्ण नागरिकहरुको नैसर्गिक अधिकार हो । अन्तराष्ट्रिय सन्धी, घोषणा एवं मुलुकको कानून नियमले पनि निःशुल्क उपचार दिने प्रावधान राखेको छ । तर अपेक्षित मात्रामा व्यक्तिहरुले यस्तो सुविधा पाउन सकेका छैन् । स्वास्थ्य सम्बन्धी नीति नियम र निर्देशनहरुमा स्पष्ट किटान नहुनुले पनि यो सुविधा असहज बनेको छ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा अपाङ्गलाई निःशुल्क स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गरिएको छ ऐन र नियमावलीमा व्यवस्था भएको यस प्रकारको बहु आयामिक Multidiciplinary विषयलाई सबैसंग समन्वय गरेर कार्यान्वयन गर्न सकिएको छैन् । साथै आवधिक योजनामा व्यवस्था गरिएका अपाङ्ग सम्बन्धी नीति र कार्यक्रम अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनु जरुरी हरेको छ ।

१२.२.२. आपाङ्गको प्रकृति अनुसार आपाङ्गहरुलाई निःशुल्क उपचार र स्वास्थ्य परीक्षणको लागि छुट्टै कार्यक्रम व्यवस्था उल्लेख भएको पाइदैन ।

१२.२.३. स्वास्थ्य सुविधा पाउनु सम्पूर्ण नागरिकहरुको नैसर्गिक अधिकार हो । अन्तर्राष्ट्रिय सन्धी, घोषणा एवं मुलुकको कानून नियमले पनि निःशुल्क उपचार दिने प्रावधान राखेको छ। तर विभिन्न कारणले अपाङ्गव्यक्तिहरुल यस्तो सुविधा लिन सकेका छैनन् । स्वास्थ्य सम्वन्धी नियम, परिपत्र र निर्देशनहरुमा स्पष्ट किटान नहुनुले पनि यो सुविधा असहज बनेको छ। स्वास्थ्य मन्त्रालय मातहत अञ्चल र केन्द्रीय अस्पतालहरु विकास समिति ऐन अन्तर्गत स्वायत्त रुपमा संचालित भएका हुनाले आफै आर्जन गरी संचालन गर्नु पर्ने नीतिगत व्यवस्थाबाट प्रेरित छन् । यहि कारणले पनि अपेक्षित मात्रामा अपाङ्गहरुले सहुलियत सेवा सुविधा पाउन सकेका छैनन् ।

१२.२.४. अपाङ्गसंग सम्वन्धित कार्य गर्ने धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु छन् । त्यति धेरै संस्थाहरुले कार्य गर्दा पनि अपाङ्गपन न्यूनिकरण वा अपाङ्गहरुको स्वास्थ्य स्थितिमा अपेक्षित सुधार आउन सकेको पाइएको छैन ।

**१२.३. उद्देश्यः** स्वास्थ्य सेवाको विस्तार गरी ग्रामीण एवं दुर्गम क्षेत्रसम्म अपाङ्गहरुको स्वास्थ्य सेवामा पहुंच पु-याइने छ ।

## १२.४. नीति

१२.४.१. आपाङ्गको स्वास्थ्योपचारको अधिकार सुनिश्चित गर्न वर्तमान ऐन नियममा सुधार गरिने छ ।

१२.४.२. आपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क उपचार र स्वास्थ्य परीक्षणको लागि राष्ट्रिय स्वास्थ्य नीति कार्यक्रम अनुरुप बजेट व्यवस्था गरिने छ ।

१२.४.३. अपाङ्गहरुका लागि सबै तहमा आधारभूत निःशुल्क स्वस्थ्योपचारको व्यवस्था गरिने छ र केन्द्रिय, क्षेत्रिय, जिल्लास्तरका अस्पतालमा क्रमशः छुट्टै शैयाको व्यवस्था गरिने छ

## १२.५. रणनीति

१२.५.१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवीच अपाङ्गहरुका लागि स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्न अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिलाई सक्रिय बनाइने छ ।

१२.५.२. अपाङ्गपनको निरोध, सचेतना एवं प्रचार प्रसार लगायत अपाङ्गहरुको उपचारको लागि केन्द्रिय, क्षेत्रीय र जिल्लास्तरका अस्पतालमा प्राथमिकताका साथ  निःशुल्क उपचार तथा स्वास्थ्य परीक्षणको सुनिश्चितताको लागि कार्यान्वयन संयन्त्र तयार गरिने छ ।

१२.५.३. केन्द्रिय, क्षेत्रीय र जिल्लास्तरका अस्पतालमा अपाङ्गहरुको स्वास्थ्य उपचारका लागि पहिलो प्राथमिकता दिइने छ।

१२.५.४.स्वास्थ्य सम्वन्धी नीति, नियम, निर्देशिकाहरुमा अपाङ्गको स्वास्थ्य उपचार सम्वन्धी प्रावधानहरु समाबेश गरिने  छ।

१२.५.५.विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रमा उपलब्ध अपाङ्गता सम्वन्धी विशेष उपचार सेवाहरुबारे सूचीकृत गरी ती निकायहरुमा निःशुल्क वा आंशिक शुल्क लिई उपचार सेवा पाउने व्यवस्था गरिने छ।

## १२.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गहरुलाई केन्द्रिय, क्षेत्रिय र जिल्लास्तरिय अस्पतालहरुमा निःशुल्क एवं प्राथमिकताका साथ स्वास्थ्य सेवा प्रदान गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, केन्द्रिय, क्षेत्रीय र जिल्ला  स्तरका अस्पताल, स्वास्थ्य केन्द्र, चौकी र उप चौकी | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्थानिय विकास मन्त्रालय, विश्व स्वास्थ्य संगठन राष्ट्रिय। अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र स्थानिय निकाय र निजी क्षेत्रका अस्पताल | दशौं र एघारौ योजना अवधि | • सहुलियत उपचारको संयन्त्र<br>• निशुल्क उपचारको प्रावधान |
| २. | अपाङ्गका लागि प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति मातहत एक उप समिति गठन गर्ने। | महिला, बालबालिका र समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र स्वावलम्वी संस्थाहरु।<br>गैर सरकारी संस्थाहरु | दुई वर्ष भित्र | • गठित उप-समिति |
| ३. | स्वास्थ्य सम्वन्धी नीति, नियम, र निर्देशनहरुमा अपाङ्गको स्वास्थ्य उपचार सम्वन्धि प्रावधानलाई समाबेश गरी कार्यन्वयन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र स्वावलम्वी संस्थाहरु। स्थानिय स्वस्थ्य निकायहरु | एक वर्ष भित्र | • नीतिगत व्यवस्था<br>• निःशुल्क स्वास्थ्य सेवा पाउनेको संख्या र स्तर |

# १३. पुनर्स्थापना, सशक्तिकरण र गरिवी निवारण

## १३.१. भूमिका । वर्तमान स्थिति

१३.१.१. अपाङ्गहरुको लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रमाणिक नियमहरु, १९९३ नियम ३ मा राज्य सरकारले अपाङ्गहरुको निजी स्वतन्त्रता र क्रियाकलाप उच्चतम तहसम्म पु-याई त्यसलाई दिगो बनाई राख्न तिनीहरुका निमित्त समुदायमा आधारित पुनर्स्थापन सेवाको सुनिश्चित गर्नुपर्ने व्यवस्थालाई जोड दिएको छ ।

१३.१.२. एसिया र प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३–२००२ मा पनि अपाङ्गहरुको विकासका लागि समुदायमा आधारित पुनर्स्थापना (Community Based Rehabilitation - CBR) कार्यक्रम संचालन गर्नुपर्ने प्रावधान रहेको छ ।

१३.१.३. संयुक्त राष्ट्र संघको बिवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य जी को लक्ष्य नं. २ को २१ मा सरकारले सन् २०१५ सम्ममा आय र उपभोग प्रति दिन एक डलर भन्दा कम भएका अपाङ्गको संख्या आधा पुऱ्याउनु लक्ष्य लिइएको छ ।

१३.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ८ मा अपाङ्गता भएका व्यक्तिलाई आर्थिक रुपमा स्वालम्वी बनाउन उपयुक्त तालिम तथा रोजगारीको व्यवस्था मिलाउने, निजहरुको अवस्था सुहाउदो वातावरणमा श्रमको उचित प्रतिफल पाउन सक्ने प्रकारको तालिम दिने व्यवस्था गर्न सकिने प्रावधान रहेको छ ।

१३.१.४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा अपाङ्गको पुनर्स्थापनाका लागि स्थापना भई कार्यक्रम कार्यान्वयन गर्ने निकाय, संस्थाहरुलाई आयकर तथा अन्य सबै प्रकारका करहरुबाट नेपाल सरकारले छुट दिन सक्ने व्यवस्था छ ।

१३.१.५. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा अपाङ्गको निमित्त तालीम दिने, रोजगारी दिने वा रोजगारीको व्यवस्था गरी दिने समाजिक संस्था, व्यपारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा बित्तिय संस्थाबाट सरल व्याज दरमा ऋण दिलाउने व्यवस्था उल्लेख छ ।

१३.१.६. समाज कल्याण ऐन, २०४९ को दफा ४ (क) मा नेपाल सरकारले वालक, वृद्ध, असहाय वा अपाङ्गको हित र कल्याण गर्न कार्यक्रमहरु संचालन गर्नुपर्ने प्रावधान छ ।

१३.१.६. दशौं पंचवर्षिय योजनामा अपाङ्गका लागि समुदायमा आधारित पुनर्स्थापनाको व्यवस्था गर्ने नीति रहेको छ ।

१३.१.७. २०२६ सालदेखि नेपाल अपाङ्ग अन्धा संघले पुनर्स्थापनाको कार्य शुरु गरेको पाइन्छ ।

१३.१.८. नेपालमा अपाङ्गका लागि समुदायमा आधारित पुनर्स्थापना क्रियाकलाप १९८० को दशकदेखि प्रारम्भ भएको पाईन्छ ।

१३.१.९. अपाङ्गहरुलाई तोकिएको संख्या (कोटा) वमोजिम स्थानीय निकायहरुबाट प्रति महिना रु.१५० का दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

१३.१.१०. गरिवी निवारणका लागि अपाङ्गहरुलाई शिक्षा, तालिम, रोजगारी, समान अवसरका कार्यक्रम लगायत बीना धितो ऋण व्यवस्था आदि जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् ।

१३.१.११. महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयद्वारा अपाङ्गहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिरहेका संस्थाहरुलाई प्रोत्साहन गर्न नियमित आंशिक अनुदान उपलब्ध गराउनुका साथै संस्थागत सुदृढीकरणको कार्यक्रम संचालन भैइरहेको छ । स्थानीय निकाय, गै.स.सं. र अन्य संस्थाहरुलाई पुनर्स्थापना CBR कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने गरेको छ ।

साथै नेपाल अन्धा कल्याण संघ र नेपाल नेत्रहिन संघ, अपाङ्ग संघ जोरपाटी, बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, सुस्तमनःस्थिति कल्याण संस्था शाखाहरु, मष्तिस्क पक्षाघात स्वालम्बन समूह, INF, आनन्दवन अस्पताल, कुष्ठरोग निवारण संघ, आदि संस्थाहरुले अन्तर्राष्ट्रिय गै.स.सं, र विकासका साझेदार संस्थाहरुसंगको सहयोगमा विभिन्न जिल्लाहरुमा पुनर्स्थापन कार्यक्रम संचालन गर्दै आएको पाईन्छ। त्यस्तै राष्ट्रिय बहिरा महासंघ र मानसिक रोगको क्षेत्रमा आशादिप पुनर्स्थापना केन्द्रहरु कार्यरत रहेको देखिन्छ। हाल सम्म विभिन्न संघ संस्थाहरु द्वारा ४८ भन्दा बढी जिल्लाहरुमा पुनर्स्थापन CBR कार्यक्रम संचालन भइरहेको भएपनि यसले ओगटेको क्षेत्र भने थोरै रहेको पाइएको छ।

## १३.२. मुद्दा तथा समस्याहरु

१३.२.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रमाणिक नियम १९९३ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३–२००२ मा समुदायमा आधारित पुनर्स्थापनाको स्पष्ट व्यवस्था भएको, तर अपाङ्ग संरक्षण तथ कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा अपाङ्ग घरको स्थापना तथा संचालन सम्बन्धी व्यवस्था उल्लेख भएपनि यसको कार्यान्वयन भएको छैन।

१३.२.२. अपाङ्गको पुनर्स्थापना र सशक्तिकरणको लागि (उपचार, जनचेतना, रोजगार, आय आर्जन, शिक्षा, नेतृत्व विकास तालिम आदि) का लागि पर्याप्त विशेष कार्यक्रम संचालन हुन सकेको छैन। अपाङ्ग संरक्षण तथ कल्याण ऐन, २०३९ र नियमावली, २०५१, एवं योजनामा अपाङ्गहरुलाई रोजगार दिने र यस्ता व्यक्तिहरुको पुनर्स्थापनाका लागि स्थापना भएका संस्थाहरुलाई आयकर तथा अन्य सबै प्रकारका कर छुट दिने उल्लेख भएपनि यस्तो छुट दिने छरितो व्यवस्था भएको छैन।

१३.२.३. समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम प्रभावकारी देखिए पनि आयोजना संचालन सहयोग समाप्त भएपछि कार्यक्रमको दिगोपनको लागि पर्याप्त र स्थायी व्यवस्था रहेको पाइन्न।

१३.२.४.स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्यकर्मीका लागि संचालन गर्ने तालिममा अपाङ्गको पुनर्स्थापना विषय बस्तु पाठ्यक्रममा समावेश नभएकोले उनीहरु पूनर्स्थापना वारेमा पर्याप्त जानकार छैनन्।

१३.२.५. दुर्गम क्षेत्रमा कार्य गर्ने स्वास्थ्यकर्मीहरुलाई पुनर्स्थापना र फिजियो थेरापीक सेवाहरु सम्वन्धी पर्याप्त ज्ञान नभएकोले अपाङ्ग पुनर्स्थापना कार्यमा कठिनाई भएको छ।

१३.२.६. पुनर्स्थापना र सशक्तिकरण (सामाजिक, आर्थिक र नेतृत्व विकास) को कार्यक्रम श्रोत साधनको अभावमा पर्याप्त मात्रामा संचालित छैनन्।

**१३.३. उद्देश्यः** देशको आर्थिक उन्नती र गरीवि निवारणको लक्ष्य हासिल गर्न अपाङ्गको उपचार, शिक्षा, रोजगार र पुनर्स्थापना जस्ता कार्यक्रमहरु संचालन गरी उनीहरुलाई सशक्त तुल्याइने छ।

## १३.४. नीति

१३.४.१. अपाङ्गहरुका लागि समुदायिक पुनर्स्थापना, सामाजिक सुरक्षा र दिगो जिविकोपार्जनको माध्यमबाट गरिबी निर्वारणको व्यवस्था गरिने छ।

१३.४.२. पुनर्स्थापना र सशक्तिकरण (सामाजिक, आर्थिक र नेतृत्व विकास) को नीतिगत लक्षित कार्यक्रम संचालन गरिने छ।

१३.४.३. अपाङ्गहरुलाई विविध क्षेत्रमा पाँच प्रतिशत स्थान सकारात्मक विभेदको माध्यमबाट सुनिश्चित गरिने छ ।

१३.४.४. अपाङ्गको सामाजिक सुरक्षा र आर्थिक सम्वर्द्धनका लागि राष्ट्रियस्तरमा ऐन बमोजिम एक अपाङ्ग संरक्षरण कोष स्थापना एवं संचालन गरिने छ ।

१३.४.५. अपाङ्गहरुको सर्वोपरि विकासका लागि स्थापित विभिन्न कोषहरुको सुदृढीकरण गरिने छ ।

१३.४.६. अपाङ्ग र तिनका परिवारको स्वास्थ्य बीमा प्रणालीको अवधारणा तयार गरिने छ ।

१३.४.७. अपाङ्गहरुलाई आवास आयोजनामा घर, जग्गा र आवासका लागि सहुलियत ऋण व्यवस्था सम्भाव्यताबारे अध्ययन गरिने छ ।

१३.४.८. मौजुदा सामाजिक सुरक्षा पुनरावलोकन गरी गम्भिर प्रकृतिका अपाङ्गलाई प्राथमिकताका साथ भत्ता दिइने छ ।

## १३.५. रणनीति

१३.५.१. अपाङ्कका लागि समुदायमा आधरित पुनर्स्थापनाको व्यवस्था गर्न संस्थागत प्रोत्साहन गरिने छ ।

१३.५.२. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ संशोधन गरी अपाङ्गहरुको पुनर्स्थापना सम्बन्धी नीतिगत व्यवस्था गर्दै कार्यान्वयन गरिने छ ।

१३.५.३. अपाङ्ग सशक्तीकरण लागि शीपमूलक प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था गरिने छ ।

१३.५.४. सशक्तीकरण सम्बन्धी (सामाजिक, आर्थिक र राजनैतिक) को लक्षित कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ ।

१३.५.५ हरेक जिल्लामा असहाय र अशक्त अपाङ्गताहरुको लागि हेरचाह केन्द्र/अपाङ्ग घरको व्यवस्था गरिने छ । हरेक जिल्लामा अपाङ्गहरु , जेष्ठ नागरिकलाई वृद्ध आश्रममा उपयुक्त आश्रयको व्यवस्था गरिने छ । यसका लागि स्थानीय निकाय, गै.स.सं.लाई परिचालन गरिने छ । अपाङ्ग भत्ता (सामाजिक सुरक्षा भत्ता) कोटाको पुनरावलोकन गरी जिल्लाको जनसंख्याको आधारमा तोकिने छ ।

१३.५.६. अपाङ्ग स्वास्थ्य बीमा प्रणाली बारे अध्ययन गरी लागू गरिने छ ।

१३.५.७.सामुदायिक पुनर्स्थापन सम्बन्धी उपयुक्त जनशक्ति विकास गरिने छ ।

## १३.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्ग पुनर्स्थापना र थेरापेटिक सेवाहरु संचालन गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अस्पताल, स्वास्थ्य केन्द्र, चौकी र उप चौकी, समुदायमा आधरित पुनर्स्थापना केन्द्र | WHO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, CBR National Network Nepal | दशौं र एघारौ योजना अवधि | • संचालित पुनर्स्थापना कार्यक्रम संख्या र सेवा सुविधाको व्यवस्था<br>• कार्यक्रम संचालित जिल्ला गा.वि.स./न.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | अपाङ्ग शसक्तिकरण लागि आवश्यक प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था गरिने छ। | महिला, महिला बालबालिका तथा समाज कल्याण, शिक्षा तथा खेलकूद मन्त्रालय, समाज कल्याण परिषद | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, WHO, ILO, राष्ट्रिय। अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौ योजना अवधि | • तालिमको संख्या किसिम<br>• सहभागिताको संख्या |
| ३. | गरीवि निवारण र सशक्तिकरणका लागि आय आर्जन, स्वरोजगार, समाजिक सुरक्षाका लागि विशेष प्याकेज (सीप मूलक तालिम, निर्व्याजी ऋण) कार्यक्रम संचालन गर्ने। | महिला वालवालिका तथा समाज कल्याण, उद्योग वाणिज्य तथा आपूर्ति र स्थानिय विकास मन्त्रालय, समाज कल्याण परिषद | विकास र वाणिज्य बैंकहरु, CBR National Network Nepal राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र स्वावलम्वी संस्थाहरु। | दशौं र एघारौ योजना अवधि | • सामाजिक सुरक्षाको प्याकेज<br>• प्रवाहित ऋणको मात्रा<br>• स्वरोजगारको संख्या |
| ४. | अपाङ्ग र जेष्ठ नागरिकका लागि वृद्ध आश्रममा आश्रयको व्यवस्था गर्ने र अपाङ्ग भत्ता कोटा जिल्लाको जनसंख्याको आधारमा तोकिने। | स्थानीय विकास मन्त्रालय महिला वालवालिका तथा समाज कल्याण, | WHO, ILO, राष्ट्रिय। अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वृद्धा आश्रमहरु | दशौं र एघारौ योजना अवधि | • स्थापित र संचालित आश्रम र सुविधा<br>• संशोधित भत्ता व्यवस्था |
| ५. | अपाङ्ग व्यक्ति र यिनका परिवारको स्वास्थ्य बीमा प्रणाली बारे अध्ययन र बीमा प्रणाली लागू गर्ने। | महिला बालबालिका तथा समाज कल्याण , अर्थ मन्त्रालय, समाज कल्याण परिषद | श्रम तथा यातायात व्यवस्था, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, विकास एवं वाणिज्य बैंकहरु, अन्तर्राष्ट्रिय सहयोग नियोग, ILO, WHO, UNICEF, गै.स.सं. हरु | दशौ योजनाको अन्तिम वर्षदेखि | • अध्ययन प्रतिवेदन<br>• बीमाको प्रकार र स्तर<br>• बीमितको संख्या |
| ६. | अपाङ्ग सम्बन्धी राष्ट्रिय कोषहरुको सुदृढीकरण एवं विकास गर्ने | महिला बालबालिका तथा समाज कल्याण, अर्थ मन्त्रालय, समाज कल्याण परिषद | कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरु | २०६३ बाट शुरु गर्ने | • सुदृढकोष<br>• कोषद्वारा संचालित कार्यक्रमको स्तर र सेवा विस्तार |
| ७. | सामुदायिक पुनर्स्थापन | महिला | सामान्य प्रशासन मन्त्रालय, | दशौ | • तालिम सहभागि हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | लगायत अन्य जनशक्तिको विकास गर्ने | बालबालिका तथा समाज कल्याण, राष्ट्रिय योजना आयोग | ILO, WHO, UNICEF, गै.स.सं.हरु | योजना देखि निरन्तर | को संख्या<br>• संचालित कार्यक्रमको स्तर |
| ८. | अपाङ्ग घरको व्यवस्था र संचालन गर्ने | महिला बालबालिका तथा समाज कल्याण, राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय गैर सरकारी संस्था | २०६५ शुरु गर्ने | • अपाङ्ग गृहको स्थापना |
| ९. | सामाजिक सुरक्षा भत्ता बारे पुनरावलोकन गर्ने | स्थानिय विकास, महिला, बालबालिका तथा समाज कल्याण । अर्थ मन्त्रालय | गृह मन्त्रालय, जिल्ला विकास न.पा. गा.वि.सं. महासंघहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु | २०६३ सालबाट | • अध्ययन प्रतिबेदन<br>• लाभान्वित संख्या |

# १४ सहायक साधन र सहायता सेवाहरु

## १४.१. भूमिका । वर्तमान स्थिति

१४.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रमाणिक नियमहरु १९९४ का नियम ४ र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३–२००२ को बुँदा १० मा अपाङ्गहरुका लागि सहायक सामाग्री र सहयोग सेवा सम्बन्धि नीतिहरु बनाई उनीहरुलाई सहायता पु-याउने सरसामानको विकास तथा आपूर्ति निश्चित गर्नुपर्ने उल्लेख छ ।

१४.१.२. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १० (४) आयोगले प्रयोग गर्नुपर्ने सहायक साधन, उपकरण/औजार तथा अपाङ्गको रोजगारीको लागि प्रयोग गरिने मालसामान यन्त्र/पूर्जा तथा कच्चा पदार्थमा भन्सार, अन्तशुल्क, विक्रीकर, स्थानीयकर, सरचार्ज र अन्य दस्तुर समेत नेपाल सरकारले सम्पूर्ण वा आंशिक रुपमा छुट दिन सक्ने व्यवस्था गरेको छ ।

१४.१.३. अन्तराष्ट्रिय अपाङ्ग वर्ष १९८१ को उपलक्ष्यमा स्थापित अपाङ्ग सहायता कोष (Disabled Relief Fund) ले नेपाल सरकार समाज कल्याण परिषद र अन्तराष्ट्रिय गैर सरकारी संगठनको सहयोगमा निःशुल्क सहायता सामाग्री Assistive Devices उत्पादन एवं वितरण गर्दछ ।

१४.१.४. नेपाल सरकारद्वारा अपाङ्गका लागि आवश्यकतानुसार वार्षिक रुपमा सहायक सामग्री क्षेत्रिय स्तरमा निःशुल्क वितरणको व्यवस्था गर्ने गरेको छ। साथै यस्ता सामग्री उत्पादन वितरण गर्ने केहि संस्थाहरुको सुदृढीकरण समेतको कार्य गर्ने गरेको छ ।

## १४.२. मुद्दा तथा समस्याहरु

१४.२.१. अपाङ्ग विषयसंग सम्वन्धी कार्य गर्ने गैर सरकारी संस्था, अस्पताल, निजी संस्था तथा अन्य सामाजिक क्लवहरुले सःशुल्क वा निःशुल्क सहायक सामग्री (साधन) वितरण गर्ने गरेका छन् तर माग अनुरुप आपूर्ति हुन सकेको छैन। यस प्रयोजनको लागि विभिन्न सामाजिक संघ संस्थालाई महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालयले आर्थिक सहयोग गर्ने गर्दछ। हालसम्म कूल मागको १५% भन्दा कम मात्र सहायक सामग्रीको आपूर्ति हुन सकेको अनुमान छ ।

१४.२.२. सहायता सामाग्रीको निःशुल्क वा सहुलियतमा वितरण गर्ने सरकारी एवं संस्थागत व्यवस्था भए पनि यस सम्बन्धी प्रभावकारी प्रणाली नभएकोले यसैलाई उन्नत बनाउनु जरुरी छ ।

१४.२.३ अपाङ्गले प्रयोग गर्नुपर्ने सहायक साधन, उपकरण तथा अपाङ्गहरुको रोजगारीको लागि प्रयोग गरिने मालसामान यन्त्र पूर्जा तथा कच्चा पदार्थमा भन्सार, अन्तशुल्क, विक्रीकर, स्थानीयकर, सरचार्ज र अन्य दस्तुरमा सम्पूर्ण वा आंशिक रुपमा छुट दिन सकिने व्यवस्थाको कार्यान्वयन प्रभावकारी एवं समन्वयात्मक रुपमा संचालन गर्न सकिएको छैन ।

१४.२.४.सहायता सामाग्री उत्पादन एवं वितरण गर्ने कार्यक्रमलाई व्यापक र विस्तार गर्न सकिएको छैन ।

**१४.३. उद्देश्यः** अपाङ्गहरुलाई सहायक साधन र सहायता सेवाहरु प्रदान गरी उनीहरुको गतिशिलता र कार्यकुलता वढाइने छ ।

## १४.४. नीति

१४.४.१. अपाङ्गका लागि आवश्यक पर्ने सहायक साधन उत्पादन गरी निःशुल्क/सहुलियत मूल्यमा वितरण गर्ने व्यवस्था गरिने छ ।

## १४.५. रणनीति

१४.५.१.सहायक सामाग्रीको पहिचान, सुधार, अनुसन्धान, विकासलाई सुगम बनाउन उपयुक्त संयन्त्रको विकास गरिने छ । सहायता सामाग्रीको निःशुल्क वा सहुलियत दरमा वितरण गर्ने प्रणालीको विकास गर्ने गराइने छ । सहायता सामाग्री उत्पादन गर्न र वितरण गर्न विशेष कार्यक्रम संचालन गरिने छ । स्वदेशी श्रोत साधन एवं नीजि क्षेत्रलाई उपयोग गरी यस्ता सामाग्री उत्पादन र मर्मत गर्न सक्ने जनशक्ति विकास गरिने छ ।

१४.५.२.वहिरा तथा सुस्त श्रवण भएका व्यक्तिका लागि सुस्त श्रवण यन्त्र र प्रकृति अनुसारका अन्य अपाङ्गलाई समेत सहायता सामग्रीको व्यवस्था गरिने छ ।

१४.५.३. हरेक अन्चल अस्पतालमा क्रमशः अर्थोपेडिक वर्कशप स्थापना एवं संचालन गरिने छ ।

## १४.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | सहायक साधनको पहिचान, सुधार, अनुसन्धान र विकासको कार्यक्रम संचालन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद, सामुदायिक पुनर्स्थापना केन्द्र । | WHO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (सहयोग नियोग) | दशौं र एघारौ योजना अवधि | • सहायक साधनको पहिचान<br>• अध्ययन प्रतिबेदन<br>• सुधारको सहायक साधनहरु |
| २. | स्थानीय श्रोत साधनको उपयोग गरी सहायक सामग्रीको उत्पादन एवं निःशुल्क वा सहुलियतमा वितरण गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा तथा खेलकूद र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, समाज कल्याण परिषद अस्पतालहरु । | WHO, ILO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, गै.स.सं.हरु CBR National Network Nepal नीजि क्षेत्र | दशौं र एघारौ योजना अवधि | • उत्पादित सहायक साधनको प्रकार र संख्या<br>• निःशुल्क तथा सहुलियतमा वितरण गरिएका साधन पाउनेको संख्या । |
| ३. | वहिरा तथा सुस्त श्रवण भएका अपाङ्गका लागि श्रवण यन्त्र उपलब्ध गराउने । | महिला, बालबालिका तथा समाज कल्याण, शिक्षा तथा खेलकूद र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, समाज कल्याण परिषद, अस्पतालहरु, सामुदायिक पुनर्स्थापना केन्द्र । | WHO, ILO, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र स्वावलम्वी संस्थाहरु । | दशौं र एघारौ योजना अवधि | • साधन उपलब्ध गराउने पद्दतिको विकास<br>• साधन प्राप्त गर्नेको संख्या |
| ४. | सहायक साधन | राष्ट्रिय योजना आयोग, | स्वास्थ्य तथा | दशौं र एघारौ | • तालिम प्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | Assistive Device उत्पादन मर्मत गर्ने जनशक्ति विकास गर्ने | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | जनसंख्या मन्त्रालय, समाज कल्याण परिषद, विश्व स्वास्थ्य संगठन, अन्तराष्ट्रिय श्रम संगठन, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु | योजना अवधिमा निरन्तर | गर्नेको संख्या |
| ५. | अर्थोपेडिक वर्कशपहरुको स्थापना र संचालन | राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | समाज कल्याण परिषद, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु | दशौं र एघारौ योजना अवधिमा निरन्तर | • स्थापित वर्कशपको संख्या |

# १५. स्वावलम्वी संस्थाहरु

## १५.१. भूमिका । वर्तमान स्थिति

१५.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रमाणिक नियमहरु १९९४ नियम १८ मा सरकारले अपाङ्गहरुका संगठन (DPOs) हरुलाई राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय तहमा अपाङ्गहरुको प्रतिनधित्व गर्न पाउने अधिकारको मान्यता दिनु पर्ने र त्यस्ता संस्थालाई सरकारले आर्थिक र अन्य प्रकारका सहयोग दिनु पर्ने उल्लेख छ।

१५.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ को नीति नं. ११ ले अपाङ्गको हक हित हेर्न अपाङ्गका स्वावलम्वी संस्थाहरुको स्थापना र सुढ़ढीकरणका लागि नीति, कार्यक्रम तथा स्रोत सहायताको व्यवस्था गर्ने आदि उल्लेख छ।

१५.१.३. बिवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य ए २ मा निम्न व्यहोरा उल्लेख गरेको छः

१५.१.३.१. सरकार, अन्तर्राष्ट्रिय दातृ संस्था र गैर सरकारी संस्थाहरुले सन् २००४ सम्ममा अपाङ्गको स्वावलम्वी संस्थाहरुको गठन र विकासका लागि नीति सहित सबै क्षेत्रमा आवश्यक श्रोतको व्यवस्था र निकासा गरी विशेषरुपमा गरीवी क्षेत्र (Slum) र ग्रामीण क्षेत्रका लागि जोड दिई सहयोग गर्नुपर्ने छ।

१५.१.३.२. सरकारले २००५ सम्ममा स्थानीय तहमा अपाङ्गका अभिभावकको संस्था खोल्न प्रोत्साहन गर्ने र सन् २०१० सम्ममा तिनीहरुको राष्ट्रिय महासंघ स्थापनाको सुनिश्चित गर्ने छ। सन् २००५ सम्ममा सरकार निकाय र नागरिक समाजका संगठनहरुले अपाङ्गका स्वावलम्वी संस्थाहरुलाई यस्ता नागरिकहरुको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्ने निर्णय प्रक्रियामा संलग्न गराई योजना र कार्यान्वयन तहमा समेत उनीहरुलाई समुचित सहभागि गराउने छ।

१५.१.४. अपाङ्गका स्वाबलम्वी संस्थाहरु सम्बन्धी व्यवस्था छुट्टै ऐन कानूनमा नभएपनि अपाङ्गपनका प्रकृति अनुसारका स्वावलम्वी संस्थाहरु र सवै प्रकृतिका अपाङ्गपनलाई समेटने स्वावलम्वी संस्थाहरु सरकारका सम्वन्धित निकायमा दर्ता भई नेपाल अधिराज्यका विभिन्न स्थानहरुमा संचालित छन्। आ-आफ्ना प्रकृति अनुरुपका स्वावलम्वी संस्थाहरु विभिन्न जिल्लामा स्थापना भई संचालन भएका

छन् । स्वावलम्वी संस्थाहरुको छाता संस्थाको रुपमा १६० वटा संस्थाहरु सम्मिलित राष्ट्रिय अपाङ्ग महासंघ नेपालको स्थापना भएको छ ।

१५.१.५. समुदायमा आधारित पुनर्स्थापन कार्यक्रममा एकरुपता, अनुभव आदान प्रदान, सहकार्य गर्नका निमित्त CBR National Network Nepal संस्था स्थापना भई संजालको माध्यमबाट कार्यक्रम संचालित छ । यस्मा ३८ वटा संस्था आवद्ध छन् ।

१५.१.६. राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अन्य केही महासंघ लगायत जिल्लाका केही संस्थाहरुलाई नेपाल सरकार र दातृ संस्थाहरुले कार्यक्रम संचालन एवं संस्थागत सुदृढीकरणका लागि आंशिक रुपमा आर्थिक सहयोग उपलब्ध गराउने  गरेको छ ।

१५.१.७. स्थानिय स्तरका स्वावलम्बी संस्थाहरुलाई सुदुढीकरण गर्दै महिला विकास कार्यालयहरुसंग समन्वय गरी १८ जिल्लाहरुमा सामुदायिक पुनर्स्थापना कार्यक्रम संचालन भइरहेका छन् ।

### १५.२. मुद्दा तथा समस्या

१५.२.१. स्वावलम्वी संस्थाहरुको विभिन्न जिल्लामा स्थापना तथा विस्तार भएपनि यी संस्थाहरुको संस्थागत विकास (आर्थिक, भौतिक र प्राविधिक) र सुदृढीकरणका लागि सरकारी, स्थानीय निकाय, निजी क्षेत्र र गैर सरकारी संस्थाहरुको सुदृढीकरणका लागि पर्याप्त कार्यक्रम छैनन्। नीति निर्माण, योजना र कार्यान्वयनको सवै तह र निकायमा अपाङ्गहरुका पर्याप्त संस्थालाई सहभागी गराउन सकिएको छैन।

१५.२.२. स्वावलम्वी संस्थाहरुको विकास (आर्थिक, भौतिक र प्राविधिक) र सुदृढीकरणका लागि संयुक्त राष्ट्रसंघीय निकाय र दातृ संस्थाहरुले सहयोग व्यवस्था गरेको पाइएको छैन।

**१५.३. उद्देश्यः** स्वावलम्वी संस्थालाई अपाङ्ग समुदायको चेतना अभिवृद्धि एवम् समुदायिक विकासका क्षेत्रमा क्रियाशील गराई उनीहरुको दिगो विकासको साझेदार निकायको रुपमा विकास गरिनेछ।

### १५.४.नीति

१५.४.१. अपाङ्गका स्वावलम्वी संस्था खोल्नका लागि अभिप्रेरित र प्रोत्साहन गर्न, त्यस्ता संस्थाको संस्थागत विकास र सुदृढीकरण गर्नका लागि आर्थिक, भौतिक र प्राविधिक सहयोग गरिने छ।

१५.४.२. स्वावलम्वी संस्थाको कार्यालय र अन्य प्रयोजनका लागि केन्द्रदेखि स्थानीय निकायहरुबाट आवश्कतानुसार निःशुल्क जग्गा उपलब्ध गराउने व्यवस्था गरिने छ।

१५.४.३. अपाङ्गका अभिभावकहरुलाई समेत संस्था खोल्न प्रोत्साहन गरिने छ। स्वालम्बी संस्थाहरुको दर्ता र नविकरणमा सरलता ल्याई नविकरण गर्ने प्रावधानमा सरलता र छुट दिइने छ।

### १५.५. रणनीति

१५.५.१. जिल्ला, गाउँ विकास समिती, नगरपालिकामा स्वालम्बी संस्थाहरु खोल्न अभिप्रेरित र प्रोत्साहन गरिने छ। संस्थाहरुको विवरण तयार गरी प्रकाशित गरिने छ।

१५.३.२. स्वावलम्वी संस्थाको कार्यालय र अन्य प्रयोजनका लागि केन्द्रदेखि स्थानिय निकायहरुबाट आवश्यकतानुसार निःशुल्क जग्गा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

१५.५.३. केन्द्रदेखि स्थानीय तहसम्मका विकास योजना र कार्यक्रम कार्यान्वयन र अनुगमन मूल्यांकनमा स्वावलम्वी संस्थाहरुलाई सहभागीता अभिबृद्धि गराइने छ।

१५.५.४. स्वावलम्वी संस्थाहरुको क्षमता विकास कार्यक्रममा राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाजलाई परिचालन गरिनेछ।

१५.५.५. उपयुक्त अभिभावक संस्थाहरु खोल्न संस्था एवं नागरिक समाजलाई प्रोत्साहन गरिने छ।

### १५.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | स्वावलम्वी संस्थाहरुको संस्थागत विकास र सुदृढीकरणका लागि आर्थिक, भौतिक र प्राविधिक  सहयोग गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, समाज कल्याण परिषद् । | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय सहयोग नियोगहरु । | दशौं योजना अवधि | ● सुदृढ स्वावलम्वी संस्थाको संख्या<br>● स्वावलम्वी संस्थाको क्षमता विकास अवस्था<br>● सहयोगको किसिम र स्थिति |
| २. | केन्द्रदेखि स्थानीय तहसम्मका विकास योजना र कार्यक्रम कार्यान्वयनमा स्वावलम्वी संस्थाहरुलाई सहभागी गराउने । | महिला, बालबालिका तथा समाज कल्याण, स्थानीय विकास मन्त्रालय र समाज कल्याण परिषद,। | सम्बद्ध मन्त्रालयहरु, ILO, स्थानीय निकायहरु, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, सरकारी संस्था | दशौं योजना अवधि | ● सहभागी संस्थाको संख्या<br>● संचालित अभियानको प्रकृति । किसिम |
| ३. | अपाङ्ग अभिभावक संस्थाहरुको संस्था स्थापना एवं संचालन गर्ने । | समाज कल्याण परिषद राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | गृह मन्त्रालय, राष्ट्रिय /अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, गैर सरकारी संस्थाहरु | दशौं योजना अवधि | ● स्थापित एवं संचालित संस्थाको संख्या र किसिम |
| ४. | अपाङ्ग सम्बन्धी क्षेत्रमा कार्य गर्ने संस्थाहरुको विवरण र डाटाबेस तयार गर्ने । | समाज कल्याण परिषद | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु | दशौं र एघारौं अवधिमा २ पटक | ● संस्थाको विवरण पुस्तिका डाइरेक्टरी प्रकाशन |

# १६. महिला र अपाङ्गता

## १६.१. भूमिका । वर्तमान स्थिति

१६.१.१. संयुक्त राष्ट्र संघ बिवाको सहश्राब्दी कार्ययोजना २००२ को कार्यान्वयन ढांचाको प्राथमिक क्षेत्र भित्र तोकिएको लक्ष्य वी (२) को ३, ४ र ५ मा सरकारले महिला विरुद्ध लैगिंक भेदभाव हुन नदिन र अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्नुपर्ने, राष्ट्रिय स्तरका अपाङ्गका स्वावलम्वी संस्थाहरुले अपाङ्गता भएका महिलाहरुलाई व्यवस्थापन, संगठनात्मक तालिम र वकालत अधिवाचन जस्ता क्रियाकलापहरुमा पूर्ण सहभागिता र समान प्रतिनिधित्व गर्ने नीति लिनु पर्ने । महिलाका राष्ट्रियस्तरका संघ संस्थालाई मूलधारमा समाहित गरी नेतृत्वदायी संस्थाको कार्य समितिमा समावेश गर्दै गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छः

१६.१.२. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को समानताको हकमा महिलाहरुको हित र संरक्षण तथा कल्याणका लागि विशेष कानूनी व्यावस्था गर्न सकिने व्यवस्था गरेको छ ।

१६.१.३. समाज कल्याण ऐन, २०४९ को दफा ४ (ख) मा नेपाल सरकारले विकासका लागि सहभागिता बढाउन र महिला हक हितको संरक्षण र संवर्द्धन गर्न कार्याक्रमहरु संचालन गर्ने उल्लेख छ ।

१६.१.४. नेपाल सरकारले हरेक प्रथामिक विद्यालयमा घटीमा एकजना महिला शिक्षिका नियुक्त गरिने तथा तालिम दिने नीति लिएको छ । आधारभूत तथा प्राथामिक शिक्षा विकास आयोजनाको दोश्रो चरणमा महिला तथा वालिकाहरुलाई शिक्षा प्रदान गर्न छुट्टै कार्यक्रम संचालन गरिने उल्लेख छ । महिला शिक्षिका लागि सहुलियतपूर्ण शिक्षा, विशेष अनौपचारिक शिक्षाको प्रवन्ध, शिक्षामा प्रोत्साहनका लागि निःशुल्कता, छात्रवृत्ति, शैक्षिक सामग्रीको प्रवन्ध गरिने भनी उल्लेख भएको छ ।

१६.१.५. सरकारद्वारा राष्ट्रिय महिला आयोग गठन भई कार्यरत रहेको छ ।

१६.१.६. स्वावलम्वी संस्थाहरुमा अपाङ्गता भएका महिलाहरुको प्रतिनिधित्व थोरै संख्यामा हुने गरेको छ ।

१६.१.७. महिलाहरुको सशक्तीकरण एवं लैङ्गिक समताको मूल प्रवाहिकरण सम्बन्धी नेपाल सरकारको संयुक्त कार्यक्रम रहेको छ ।

## १६.२. मुद्दा तथा समस्या

१६.२.१. महिला अधिकार र विकासका लागि ऐन र नियमहरु कार्यान्वयनमा आएका छन् । तर ती ऐन र नियममा अपाङ्गता भएका महिला र वालिकाको विषय पर्याप्त समावेश हुन सकेका छैनन् ।

१६.२.२. सरकारको लैगिंक विरुद्ध भेदभाव अन्त्य गर्ने नीति रहेको छ । तर हरेक क्षेत्र र कार्यक्रममा अपाङ्गता भएका महिला र वालिकाका मुद्दा र विषय पर्याप्त समावेश भएको पाइदैन । त्यस्तै महिलाका लागि कार्य गर्ने संस्थाहरुले पनि अपाङ्ग महिलालाई कार्य समितिका पदहरुमा समाबेश गराएको पाइदैन ।

१६.२.३. अपाङ्ग महिलाहरुको क्षमता विकास र सशक्तिकरणको लागि पर्याप्त तालिम एवं रोजगारका छुट्टै ( विशेष) व्यवस्था वा कार्यक्रमहरु रहेको पाइदैन ।

**१६.३. उद्देश्यः** अपाङ्गता भएका महिला र बालिकालाई विभेद गर्ने आशयका ऐन नियमका प्रावधानलाई संशोधन गरी सबै तहका नीति योजना र कार्यक्रममा यस्ता वर्गको उपयुक्त सहभागिता र प्रतिनिधित्व गराउने नीति लिइने छ ।

## १६.४. नीति

१५.४.१. अपाङ्गता भएका महिला र वालिका विरुद्ध विभेदपूर्ण विभिन्न ऐन नियमहरुलाई संशोधन गरी सवै तहका नीति, योजना र कार्यक्रममा यस्ता महिलाको उपयुक्त सहभागी र प्रतिनिधित्व गराउने नीति लिइने छ ।

१५.४.२. अपाङ्गता भएका महिलालाई शिक्षा तालिम र रोजगारीको विशेष प्रवन्ध गरी आर्थिक एवं समाजिक रुपमा सशक्त तुल्याइने छ ।

## १६.५. रणनीति

१६.५.१. अपाङ्गता भएका महिला र वालिकालाई विभेद गर्ने आशयका ऐन नियमलाई अध्ययन गरी अपाङ्गता एवं लैङ्गिक संवेदनशील हुने गरी संशोधन गरिनेछ ।

१६.५.२. केन्द्रदेखि स्थानीय तह सम्मका सरकारी गरै सरकारी निकायका योजना र विकास निर्माण कार्यक्रम कार्यान्वयन लगायत यसको अनुगमन, मूल्याङ्कनका कृयाकलापमा अपाङ्गता भएका महिलालाई उचित प्रतिनिधित्व र सहभागि गराइने छ ।

१६.५.३. अपाङ्गता भएका महिलाहरुको नेतृत्व विकास सम्बन्धी तालीम संचालन गरिने छ ।

१६.५.४. अपाङ्ग महिलाहरुका लागि शिक्षा, तालिम र रोजगारीका लागि विशेष व्यव्स्था गरिनेछ ।

## १६.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गता भएका महिला र वालिका प्रभाव पार्ने विभिन्न ऐन नियमलाई अपाङ्ग अनुकुल हुने गरी संशोधन गर्ने । | महिला, बालबालिका तथा समाज कल्याण, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि | • संशोधित कानूनी प्रावधान<br>• सिफारिस प्रतिबेदन |
| २. | महिला सहभागिता हुने केन्द्रदेखि स्थानीय तह सम्मका सरकारी निकायका योजना कार्यक्रम कार्यान्वयन लगायत अनुगमन मूल्यांकनमा अपाङ्गता भएका महिलालाई उचित प्रतिनिधित्व र सहभागि गराउने । | महिला, बालबालिका र समाज कल्याण, समाज कल्याण परिषद, स्थानीय निकाय । | राष्ट्रिय महिला आयोग, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, राष्ट्रिय । अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं र एघारौ योजना अवधि | • कार्यक्रम । आयोजनाका सवै चरणहरुमा सहभागिताको अवस्था |
| ३. | अपाङ्गता भएका महिलाहरुको लागि नेतृत्व विकास तालीम संचालन गर्ने । | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | स्थानीय विकास मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | दशौं योजना अवधि | • संचालित कार्यक्रम संख्या र स्तर<br>• तालीममा सहभागी संख्या । |
| ४. | अपाङ्ग महिलाका लागि शिक्षा तालिम र रोजगारी तथा सरक्षणको विशेष व्यवस्था गर्ने | महिला बालबालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था, शिक्षा तथा खेलकुद मन्त्रालय, | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय राष्ट्रिय महिला आयोग, नेपाल उद्योग | दशौं योजना अवधि | • स्वीकृत नीतिगत व्यवस्था<br>• शिक्षा, रोजगारी र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | बाणिज्य महासंघ र अन्य निजी क्षेत्र | | तालिम तथा सरक्षण पाउनेको संख्या |

# १७. अन्तर्राष्ट्रिय ⁄ क्षेत्रीय सहयोग

## १७.१. भूमिका । वर्तमान स्थिति

१७.१.१. अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धि संयुक्त राष्ट्र संघीय प्रमाणिक नियमहरु १९९४ नियम २२ मा अपाङ्गहरुका लागि अवसर समानीकरणका नीतिहरु सम्बन्धी काममा अन्तर्राष्ट्रिय सहयोगमा सरकार सक्रियरुपले सहभागी हुनु पर्ने कुरा उल्लेख छ ।

१७.१.२. एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३-२००२ मा क्षेत्रीय समन्वय कार्य तालिका अनुरुप राष्ट्रिय कार्यक्रमको कार्यान्वयनसंग सम्बन्धित निकाय तथा संस्थाहरुको संजाल (नेटवर्क) बनाई कार्य गर्ने कुरा उल्लेख छ ।

१७.१.३. विवाको सहश्राब्दीको कार्य योजना २००० को कार्यान्वयन ढांचाको प्राथामिक क्षेत्र भित्र तोकिएको लक्ष्य इ (२) को १५ मा आधारभूत संरचना विकासका लागि लगानी गर्ने सवै अन्तराष्ट्रिय र क्षेत्रीय संस्थाहरुले ऋण । अनुदान प्रदान गर्दा सबैका लागि अनुकुल हुने खालको डिजाइन अवधारणालाई समहित गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छ ।

१७.१.४.अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग अदान प्रदान तथा विस्तारको लागि नेपाल सरकार सम्वद्ध मन्त्रालय लगायतका विभिन्न गैरसरकारी संस्थाहरुले सहकार्य गरिरहेका छन् ।

## १७.२. मुद्दा तथा समस्या

१७.२.१. अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग अदान प्रदान तथा विस्तारको लागि नेपाल सरकार र राष्ट्रिय अपाङ्ग महासंघ लगायतका विभिन्न गैर सरकारी संस्थाहरुले कार्य गरिरहे पनि अपाङ्गतालाई प्राथमिकता दिएर नेपालमा अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग विस्तार र संवर्धन गर्ने राष्ट्रिय कार्यक्रम वनेको पाइन्न ।

१७.२.२. अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग अन्तर्गत नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको विकासका लागि विभिन्न सहयोग कार्यक्रमहरु संचालित छन् । तथापी कार्यक्रमहरु अपेक्षित रुपमा प्रभावकारी बन्न सकेको पाइन्दैन ।

**१७.३. उद्देश्यः** अपाङ्गहरुको विकास प्रवर्द्धन र सशक्तिकरणको लागि अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोगको विस्तार र समन्वय गरिने छ ।

## १७.४. नीति

१७.४.१. अपाङ्गहरुको विकास र सशक्तिकरणलाई जोड दिएर नेपालमा अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग विस्तार र संवर्धन गर्ने नीति लिईने छ ।

## १७.५. रणनीति

१७.५.१. मुलुकमा अपाङ्गहरुको सबै पक्षको विकासलाई केन्द्रित गरी अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग विस्तार र संवर्धन गर्ने राष्ट्रिय कार्यक्रम वनाइने छ ।

१७.५.२. अन्तराष्ट्रिय संस्थाहरुका कार्यक्रममा अपाङ्गहरुलाई समावेश गर्दै कार्यक्रम संचालन गरिने छ ।

## १७.६. कार्ययोजना

| सि.नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १. | अपाङ्गहरुलाई केन्द्रित गरी नेपालमा अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग विस्तार र संवर्धन गर्ने राष्ट्रिय कार्यक्रम वनाइने छ। | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, परराष्ट्र , अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | शिक्षा तथा खेलकूद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत सम्बद्ध मन्त्रालयहरु , समाज कल्याण परिषद्, राष्ट्रिय /अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु। | दशौं र एघारौ योजना अवधि | • अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोगको किसिम र मात्रा (आर्थिक, भौतिक र प्राविधिक)<br>• राष्ट्रिय कार्यक्रम |

## १८. कार्यान्वयनको व्यवस्था, अनुगमन र मूल्याङ्कन

**१८.१. कार्यान्वयनको व्यवस्था :** यो दश वर्षे अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको कार्यान्वयन केन्द्रियस्तरमा सम्बद्ध मन्त्रालयहरु, संयुक्त राष्ट्रसंघीय व्यवस्था, दातृ निकाय, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरुद्वारा हुनेछ। जिल्ला ता ता गाउँस्तरमा अपाङ्गसंग सम्बन्धी गैर सरकारी संस्थासंग समन्वय गरी विषय अनुरुपका सम्बन्धीत मन्त्रालय र यस मातहतका निकायले कार्यान्वयन गर्ने छन्। यसका लागि सम्बद्ध सरकारी निकाय, गैरसरकारी संस्था, विकासका साझेदार संस्थाले श्रोतको व्यवस्था गर्नेछन्।

**१८.२. अनुगमन तथा मूल्याङ्कन व्यवस्था :** अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति, सम्बद्ध मन्त्रालयहरुले अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने छन्। यस कार्यका लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सम्बद्ध निकायहरुसंग समन्वय गरी गोष्ठी एवं समिक्षाको माध्यमद्वारा समेत अनुगमन तथा मूल्याङ्कनको कार्य गर्ने छ। जिल्लास्तरमा महिला विकास कार्यालयले यस्तो समन्वयकारी भूमिका निर्वाह गर्ने छ।

१८.३. यो दश वर्षे योजना लागू भएको प्रत्येक चार वर्षमा यस्को कार्यान्वयन स्थितीको मूल्याङ्कन गर्न सम्बद्ध सबै पक्ष सम्मिलित समितिद्वारा मध्यावधि मूल्याङ्कन गरिने छ। मूल्याङ्कन संयन्त्रमा मानवअधिकार सम्बन्धी संस्था, स्वतन्त्र पर्यवेक्षक, अपाङ्ग र यिनका प्रतिनिधी संस्था र विज्ञको समेत सहभागिता रहने छ। यसका लागि उपयुक्त मूल्याङ्कन प्रविधि प्रस्तुत सुचक र अन्यउ उपयुक्त साधन पनि तयार गरिने छ।

१८.४. प्रस्तुत दश वर्षे कार्य योजना यर्थाथ कार्यान्वयन स्थिती सम्बन्धमा प्राप्त नियमित अनुगमन मूल्याङ्कनको परिणामका आधारमा नीति तथा कार्ययोजनाका कार्यनीति परिमार्जन गर्न सिफारिस समेत गर्न सक्ने छ।

अनुसूची - १

# राष्ट्रिय अपाङ्ग नीति तथा कार्ययोजना निर्माणमा संलग्न समिति र निकायहरु

## १. निर्देशक समिति

| सि.नं. | पदाधिकारीको नाम थर | पद | पद र संस्थाको नाम |
|---|---|---|---|
| १. | डा. युवराज खतिवडा | अध्यक्ष | मा. सदस्य, राष्ट्रिय  योजना आयोग |
| २. | डा. पुष्पा श्रेष्ठ | अध्यक्ष | मा. सदस्य, राष्ट्रिय  योजना आयोग |
| ३. | श्री राम कृष्ण तिवारी | सदस्य | सह सचिव, मानव संसोधन विकास, रा.यो.आ. को सचिवालय |
| ४. | श्री श्याम सुन्दर शर्मा | सदस्य | सह-सचिव महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ५. | सदस्य सचिव | सदस्य | समाज कल्याण परिषद् |
| ६. | प्रमुख, योजना महाशाखा | सदस्य | शिक्षा तथा खेलकूद मन्त्रालय |
| ७. | प्रमुख, योजना महाशाखा | सदस्य | स्थानिय विकास मन्त्रालय |
| ८. | प्रमुख, योजना महाशाखा | सदस्य | श्रम तथा यातायात व्य. मन्त्रालय |
| ९ | प्रमुख, योजना महाशाखा | सदस्य | उद्योग बाणिज्य तथा आपूर्ति |
| १०. | प्रमुख, योजना महाशाखा | सदस्य | भौतिक योजना तथा निर्माण मन्त्रालय |
| ११. | प्रमुख, योजना महाशाखा | सदस्य | सूचना तथा संचार मन्त्रालय |
| १२. | प्रमुख, योजना महाशाखा | सदस्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १३. | श्री गणेश प्रसाद उपाध्याय | सदस्य | उप सचिव, महिला बालबालिका ता समाज कल्याण मन्त्रालय |
| १४. | श्री ज्ञानेन्द्र श्रेष्ठ | सदस्य | उपसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| १५. | अध्यक्ष | सदस्य | नेपाल अन्धा कल्याण संघ, त्रिपुरेश्वर |
| १६. | अध्यक्ष | सदस्य | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल |
| १७. | अध्यक्ष | सदस्य | नेपाल बहिरा तथा सुस्तश्रवण संघ |
| १८. | अध्यक्ष | सदस्य | राष्ट्रिय बहिरा तथा सुस्तश्रवण संघ |
| १९. | अध्यक्ष | सदस्य | नेपाल राष्ट्रिय शारीरिक अपाङ्ग संघ |
| २०. | अध्यक्ष | सदस्य | सुस्तमनःस्थिति अभिभावक संघस |
| २१. | अध्यक्ष | सदस्य | नेपाल अपाङ्ग महिला संघ |
| २२. | अध्यक्ष | सदस्य | नेपाल ल्यारेङ्टोमी संघ |
| २३. | निर्देशक | सदस्य | पुर्नस्थापना र विकास लागि श्रोत केन्द्र भक्तपुर |
| २४. | अध्यक्ष | सदस्य | नेपाल नेत्रहिन संघ |
| २५. | अध्यक्ष | सदस्य | सि.वि.आर. राष्ट्रिय नेटवर्क नेपाल |
| २६. | अध्यक्ष | सदस्य | जिल्ला विकास समिति महासंघ |
| २७. | प्रतिनिधि | सदस्य | गाउँ विकास समिति महासंघ |
| २८. | प्रतिनिधि | सदस्य | नगरपालिका संघ |
| २९. | श्री लोकनाथ भुषाल | सदस्य | शाखा अधिकृत, रा. यो आ. को सचिवालय |

## २. वाह्य विकास सहभागीहरु (External Development Partners)

| सि.नं. | संस्थाको नाम |
|---|---|
| १. | DANIDA/PAT Advisor-Special Needs Education |
| २. | Handicapped International-Nepal |
| ३. | UNICEF-Nepal |
| ४. | International Labour Organization |
| ५. | Save the Children Alliance |
| ६. | Action Aid Nepal |
| ७. | Plan Nepal |
| ८. | DSI Denmark |
| ९. | UNDP Nepal |

## ३. विज्ञहरु (Experts)

| सि.नं. | विज्ञहरुको नाम |
|---|---|
| १. | डा. लक्ष्मी नारायण प्रसाद |
| २. | डा.शिव राज लोहनी |
| ३. | माधव प्रसाद अर्याल |
| ४. | राजेन्द्र कार्की |

## ४. कार्य समिति (Working Committee)

| सि.नं. | नाम | पद | कार्यालय | |
|---|---|---|---|---|
| १. | गणेश प्रसाद उपाध्याय | उपसचिव | महिला,वालवालिका तथा समाज कल्याण मन्त्रालय | संयोजक |
| २. | ज्ञानेन्द्र श्रेष्ठ | उपसचिव | राष्ट्रिय योजना आयोग | सदस्य |
| ३. | रेणु लोहनी | प्रतिनिधि | डि.एस.आई, डेनमार्क | सदस्य |
| ४. | मुनिश्वर पाण्डे | अध्यक्ष | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | सदस्य |
| ५. | डा. शिव राज लोहनी | विज्ञ | | सदस्य |

अनुसूची - २

## विषगत समूह १: राष्ट्रिय समन्वय

| राष्ट्रिय समन्वय | नाम | पद | कार्यालय | विषय तथा क्षेत्र |
|---|---|---|---|---|
| संयोजक | श्री मुनिश्वर पाण्डे | अध्यक्ष | रा. अ. म. संघ | • राष्ट्रिय समन्वय<br>• कानून |
| सदस्य | श्री विष्णु कुंवर | उपाध्यक्ष | राष्ट्रिय अपाङ्ग महिला संघ | • महिला र अपाङ्गता |
| सदस्य | श्री कैलाश सुवेदी | उप-सचिव | कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालय | • अन्तर्राष्ट्रिय/क्षेत्रीय सहयोग |
| सदस्य | श्री काशी राज आचार्य | उप-सचिव | भौतिक योजना तथा निर्माण मन्त्रालय | • स्वावलम्वी संस्थाहरु |
| सदस्य | श्री गोविन्द प्र. घिमिरे | उप-सचिव | स्थानीय विकास मन्त्रालय | • पहूँच |
| सदस्य | श्री लोक प्र. भुसाल | शाखा अधिकृत | रा. यो. आ. सचिवालय | |
| सदस्य | श्री शिव हरि अधिकारी | | राष्ट्रिय महिला आयोग | |
| सदस्य | श्री संजय वान्तवा | उपाध्यक्ष | NAPD | |
| सदस्य | श्री वावु कृष्ण महर्जन | उपाध्यक्ष | NFDN | |
| सदस्य | श्री राघव ध्वज जोशी | अध्यक्ष | NFDH | |
| सदस्य | श्री सुवर्ण केशरी क्षेत्री | अध्यक्ष | Sungava Vocational Training for MR Girls | |

## विषगत समूह २: शिक्षा

| शिक्षा | नाम | पद | कार्यालय | विषय तथा क्षेत्र |
|---|---|---|---|---|
| संयोजक | श्री गणेश प्र. उपाध्याय | उप-सचिव | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | • शिक्षा |
| सदस्य | श्री गणेश प्र. पौडेल | शाखा अधिकृत | शिक्षा विभाग सानो थिमी | • खेलकूद, सांस्कृतिक तथा मनोरन्जनात्मक क्रियाकलाप |
| सदस्य | श्री गोपाल अधिकारी | शाखा अधिकृत | श्रम तथा रोजगार विभाग | • तालीम तथा रोजगार |
| सदस्य | श्री अच्युत प्र. पौडेल | शाखा अधिकृत | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| सदस्य | श्री शिव शंकर घिमिरे | स्वास्थ्य संयोजकसंयोजक | प्राविधिक शिक्षा तथा व्यवसायक तालिम परिषद् | |

| | | | | |
|---|---|---|---|---|
| सदस्य | श्री नर व. लिम्बू | अध्यक्ष | Nepal Association of Blind (NAB) | |
| सदस्य | श्री शरयु शेरचन | अध्यक्ष | नेपाल बहिरा महासंघ | |
| सदस्य | श्री तारा कोइराला | अध्यक्ष | अपाङ्ग सहायता कोष | |
| सदस्य | श्री रमा ढकाल | सदस्य | NFDN | |
| सदस्य | श्री निर्मला श्रेष्ठ | सदस्य | MR | |

**विषगत समूह ३: स्वास्थ**

| स्वास्थ | नाम | पद | कार्यालय | विषय तथा क्षेत्र |
|---|---|---|---|---|
| संयोजक | श्री ज्ञानेन्द्र श्रेष्ठ | उप-सचिव | रा. यो. आ. सचिवालय | • स्वास्थोपचार |
| सदस्य | श्री मेघ राज ढकाल | उप-सचिव | स्वाथ्य तथा जनसंख्या मन्त्रालय | • अपाङ्गपनको कारणहरुको निरोध |
| सदस्य | श्री सूर्य भक्त प्रजापति | कार्यकारी निर्देशक | RCRD, Bhaktapur | • पुनर्स्थापना, सशक्तिकरण र गरिवी निवारण |
| सदस्य | श्री सरला तण्डुकार | सदस्य | Parents Association for MR (PAFMR) | सहायक साधन र सहायता सेवाहरु |
| सदस्य | श्री वीरेन्द्र पोखरेल | अध्यक्ष | NAB, Kath Branch | |
| सदस्य | श्री दीपावली शर्मा | सदस्य | काठमाण्डौ बहिरा संघ | |

**विषयगत समूह ४: संचार**

| संचार | नाम | पद | कार्यालय | विषय तथा क्षेत्र |
|---|---|---|---|---|
| संयोजक | श्री रेणु लोहनी | आवासीय प्रतिनिधि | DSI, Denmark | • संचार |
| सदस्य | श्री रामहरि न्यौपाने | शाखा अधिकृत | सूचना तथा संचार मन्त्रालय | • सूचना तथा अनुसन्धान |
| सदस्य | | प्रतिनिधि | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | • यातायात |
| सदस्य | श्री निर्मल देवकोटा | अध्यक्ष | राष्ट्रिय बहिरा ता सुस्तश्रवण संघ | • जनचेतना र अधिवाचन |
| सदस्य | श्री निर्मल देवकोटा | सदस्य | NFDN | |
| सदस्य | श्री आनन्द राम पौडेल | सदस्य | विज्ञान तथा प्रविधि मन्त्रालय | |
| सदस्य | श्री टेक नाथ न्यौपाने | सदस्य | NFDN | |

# सन्दर्भ सूचीहरु (List of Referrences)


China (1997). *Regulations on the Education of persons with Disabilities.*

China (2001). *Work program for disabled persons during the 10th five-year plan period* (2001-2005).

.....*Comprehensive disability policy framework for KOSOVO.*

Desai, HJM. (1984). *United Nations Concern for the Disabled.* Bombay 1984.

Girls Education (2003). *GCE Action Week for Education*. Kathmandu. South Asia Regional Secretariat

Helander, E. Dignity: *An Introduction to Community-Based Rehabilitation,* New York: United Nations Development Program.

H (2056). *Gattzed Notice dated 2056.9.5.* Kathmandu: Author

HMG/ Ministry law and justice (2058). *Education Act (Seventh Amendment) 2028.* Kathmandu: Author

HMG/ National Planning Commission (2002). *Tenth Plan*. Kathmandu: Author

HMG/Ministry of law and justice. *Children Act, 2049*. Kathmandu: Author

HMG/Ministry of law and justice. *Disable protection and welfare Act 2039 and Regulation 2051*. Kathmandu: Author

HMG/Ministry of law and justice. *Labor Act, 2056*. Kathmandu: Author

HMG/Ministry of law and justice. *Local Self -Government Act, 2056*. Kathmandu: Author

HMG/National Planning Commission (1997). *Ninth Plan (1997-2002).* Kathmandu: Author

HMG/National planning commission (1999) *Report on the Nepal Labor Force Surveys 1998/99* Kathmandu: Author

Hospital and Rehabilitation Center for Disabled Children. (2002). Annual Report. Kathmandu. Author.

ILO (2002): Code of practices in Nepal: Kathmandu. Author.

Impact Nepal (1998). Report Disability Survey in Sindhuli District Nepal. Kathmandu: Author

Mbeki, T. M. (1997). White paper on an Iintegrated National Disability strategy. Johannesburg. Office of the Deputy president 1997.

Ministry of Health (2001). Health Information Bulletin 2001. Kathmandu: Author

Ministry of Women, Children & Social Welfare (2058) Brief Information of Disability and Directory of Related Organization in Nepal. Kathmandu: Author

National Disability Council: Annual Report April 1998 to March 1999. London: Author.

National Federation of Disabled -Nepal/ National Planning Commission. (2003). Proposed Policy paper on Disability (Draft) Nepal. Kathmandu. Author.

National Planning Commission & UNICEF (2001). A Situation Analysis of Disability in Nepal. Kathmandu: Author

Nepal Disabled Association (2001). A Decade with CBR. Kathmandu: Author

NFD-Nepal (15Nov. 2002). A report on workshop on Employment for PWDs.

NFD-Nepal (January 6th 2003) Meeting on policy paper on Disability,

Project document (1994). Support to the Nepalese Deaf and Hard of Hearing people 1994-1997. Agreement between Kathmandu Association of the Deaf and Federation of hard of Hearing people, Denmark.

Research Center for Educational Innovation and Development, (1995). Disabled People of Nepal: An Analysis of the Survey Data. Kathmandu: Author

Royal Norwegian, Embassy Kathmandu & NORAD. (2001). A Review of Norwegian Support to NGOs in Nepal; case studies. Kathmandu:Author

Save the Children, UK (2001). Interaction on Education 2000. Kathmandu: Author.

Special Education Council MOES; Special Education policy 2053. Kathmandu: Author

T .M. Mbeki (1997), While paper on Integrated National Disability Strategy for South Africa. South Africa: Office of the Deputy President.

The Danish Council of originations of Disable people (2001). DSI mini-program agreement: Country strategy Nepal. Hvidovre: Author.

The Danish Disability Council (2002). Danish Disability policy, Publisher. Denmark: Author.

UNESCO Nepal. (1995). Sub Regional Seminar on policy planning and organization of special needs education (Draft Final Report) Kathmandu. Author.

United Nations. (1993). Asian and Pacific Decade of Disabled Persons, 1993-2002 Mandates for Action. New York. Author.

United Nations. (1994). The standard Rules on the Equalization of Opportunities for Persons with Disabilities. New York. Author.

UNESCO/UNICEF: Draft Final Report : Sub-Regional Seminar on policy, Planning and organization of Special Needs Education, Kathmandu, Nepal, 1-5 August 1995.

United Nation. (1994). The Standard Rules on the Equalization of opportunities for persons with Disabilities. New York: Author

United Nation Asian and Pacific Decade of Disabled persons, 1993-2002: Mandates for Action. New York: Author.

United Nations (1986). United Nations Decade of Disabled Persons, 1983-1992: Disability situation, strategies and policies. New York: Author

United Nations (1994). Social Development, including questions Relating to the world social situation and to youth, Ageing, Disabled persons and Family. New York: Author

United Nations (1995). Hidden Sisters: Women and Girls with Disabilities in the Asian and pacific Region. New York; Author.

UN Economic and Social Council, Economic and Social Commission for Asia and the Pacific High- Level Intergovernmental meeting to conclude the Asian and Pacific Decade of Disabled Person, 1993-2002, 25-28 October 2002, Shiga, Japan.

# अनुसूची - २

यस अपाङ्ग नीति र कार्य योजन तयार गर्ने क्रममा निम्न बमोजिमका सन्दर्भ सामाग्रीहरु अध्ययन गरिएको थियो :

- ❖ मुलुकी ऐन २०२० । नेपाल अधिराज्यको संविधान, २०४७
- ❖ अपाङ्ग कल्याण तथा संक्षरण २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१
- ❖ अपाङ्ग सेवा राष्ट्रिय नीति २०५३
- ❖ शिक्षा ऐन तथा नियमावलीहरु
- ❖ विशेष शिक्षा नियमावली २०५३
- ❖ नवौं योजनाको अपाङ्ग सम्वन्धी नीति
- ❖ अपाङ्गका लागि अन्तराष्ट्रिय अपाङ्ग वर्ष तथा एशिया प्रशान्त क्षेत्रीय दशक (१९९३-२००२) कार्ययोजना, संयुक्त राष्ट्र संघ/महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
- ❖ संयुक्त राष्ट्र संघको अवसर समानीकरणको मान्य नियम १९९३
- ❖ अपाङ्गको लागि विश्व कार्य योजना १९८२ अपाङ्ग दशक (१९८३-१९९२)
- ❖ वाल अधिकार महासन्धि १९८९
- ❖ विश्व श्रम संगठनको अपाङ्गका लागि व्यवसायिक पुनर्स्थापना र रोजगार सम्वन्धी भेला १९८३ र अपाङ्गलाई कार्य स्थलमा व्यवस्थापनसम्वन्धी आचारसहिंता २००१
- ❖ एशिया प्रशान्त क्षेत्र विस्तारित अपाङ्ग दशक २००३-२०१२
- ❖ अपाङ्गका लागि अन्य देशले तयार पारेका नीतिपत्र तथा श्वेतपत्रहरु
- ❖ अपाङ्गसम्वन्धी विभिन्न संघ संस्थाले गरेको अध्ययन प्रतिवेदनहरु
- ❖ अपाङ्गपन निर्धारण र मापदण्ड (वर्गिकरण) सूचना, नेपाल राजपत्र भाग-३, २०५६, श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।
  - ❋ विद्यमान अपाङ्गता सम्बन्धी ऐनको विश्लेषण तथा आवश्यक सुधारको रणनीति युनिसेफ/राष्ट्रिय अपाङ्ग महासंघ नेपालको कार्यशाला गोष्ठीको प्रतिवेदन २०५६ असार जावलाखेल ।
  - ❋ अपाङ्ग परिचयपत्र वितरण निर्देशिका २०५७, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।
  - ❋ Asian and Pacphi Decade of Disabled Persons, 1993-2002 Mandates for Action, U. N.
  - ❋ The standard Rules on the Equalization of Oppeptunities for Persons with Disabilities. 1994 U. N.
  - ❋ United Nations concern For the Disabled. HJM Desai, Bombay 1984.
  - ❋ White paper on an interated Bational Disability strategy Office of the Deputy president T M Mbehi, 1997.
  - ❋ अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति नीति पत्र तयारी कार्यदल, संयोजक – नर बहादुर लिम्बु, २०५९ साल
  - ❋ Hospital and Rehabiletation Centre for Disabled Children. Annual Report 2002

- ❈ स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यक्रमहरुको एक झलक स्वास्थ्य मन्त्रालय, काठमाण्डौं २०५७ जेठ
- ❈ काम गर्ने ठाउंमा अपाङ्गता सम्बन्धी विषयहरुको व्यस्थापन गर्ने आचार संहिता अन्तराष्ट्रिय श्रम संगठन
- ❈ सी. वी. आर. समाचार –CBR National Network — Nepal 1996.
- ❈ Proposed Policy paper on Disability (Draft) Nepal. 2003
- ❈ Sub Regional Seminar on policy planning and organization of special needs education (Draft Final Report) Kathmandu 1995
- ❈ आधारभूत तथ प्राथमिक शिक्षा परियोजना - दोश्रो लैङ्गिक अध्ययन शिक्षा तथ खेलकुद मन्त्रालय, शिक्षा विभाग - २००२ मे.
- ❈ अपाङ्गहरुका लागि अवसर समानीकरण सम्बन्धी प्रामाणिक नियमहरु दशौं अन्तराष्ट्रिय अपाङ्ग दिवशको अवसरम प्रस्तुत कार्यपत्र डा. लक्ष्मी नारायण प्रसाद, २००१
- ❈ एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक (१९९३ - २००२) को समीक्षात्मक मूल्यांकन सम्बन्धी कार्यपत्र – सुरेन्द्र बहादुर बस्नेत २०५९ साल
- ❈ Girls Education - GCE Action Week for Education 2003, South Asia Regional Secretariant Kathmandu

- ❖ उद्योग वाणिज्य महासंघ अन्तर्गत गठित कल्याणकारी समितिमा अपाङ्गहरुकोप्रतिनिधित्व हुनुपर्ने ।
- ❖ China (1997). Regulations on the Education of persons with Disabilities.
- ❖ China (2001)Work program for disabled persons during the 10th five-year plan period (2001-2005)
- ❖ Helander, E. Dignity: *An Introduction to Community-Based Rehabilitation,* New York: United Nations Development Program.
- ❖ HMG (2056). *Gattzed Notice dated 2056.9.5.* Kathmandu: Author
- ❖ HMG/ Ministry law and justice (2058). *Education Act (Seventh Amendment) 2028.* Kathmandu: Author
- ❖ HMG/ National Planning Commission (2002). *Tenth Plan approach paper*. Kathmandu: Author
- ❖ HMG/Ministry of law and justice. *Children Act, 2049*. Kathmandu:
- ❖ HMG/Ministry of law and justice. *Disable protection and welfare Act 2039 and Regulation 2051*. Kathmandu: Author
- ❖ HMG/Ministry of law and justice. *Local Self -Government Act, 2056*. Kathmandu: Author
- ❖ HMG/Ministry of law and justice. *Labor Act, 2056*. Kathmandu: Author
- ❖ HMG/National Planning Commission (1997). *Ninth Plan (1997-2002).* Kathmandu: Author
- ❖ HMG/National planning commission (1999) *Report on the Nepal Labor Force Surveys 1998/99* Kathmandu: Author

- Impact Nepal (1998). *Report Disability Survey in Sindhuli District Nepal.* Kathmandu: Author
- ILO (2002): Code of practices in Nepal: Kathmandu Office ILO
- Ministry of Health (2001). *Health Information Bulletin 2001*. Kathmandu: Author
- Ministry of Women, Children & Social Welfare (2058) *Brief Information of Disability and Directory of Related Organization in Nepal.* Kathmandu: Author
- National Disability Council: *Annual Report April 1998 to March 1999*. London: Author.
- National Planning Commission & UNICEF (2001). *A Situation Analysis of Disability in Nepal.* Kathmandu: Author
- NFD-Nepal (15Nov. 2002). A report on workshop on Employment for PWDs.
- NFD-Nepal (January 6th 2003) Meeting on policy paper on Disability,
- Nepal Disabled Association (2001). *A Decade with CBR.* Kathmandu: Author
- Project document (1994). *Support to the Nepalese Deaf and Hard of Hearing people 1994-1997. Agreement between Kathmandu Association of the Deaf and Federation of hard of Hearing people*, Denmark.
- Research Center for Educational Innovation and Development, (1995). *Disabled People of Nepal: An Analysis of the Survey Data.* Kathmandu: Author
- Royal Norwegian, Embassy Kathmandu & NORAD. (2001). A Review of Norwegian Support to NGOs in Nepal; case studies. Kathmandu:Author
- Special Education Council MOES; *Special Education policy 2053*. Kathmandu: Author
- Save the Children, UK (2001). Interaction on Education 2000. Kathmandu: Author.
- T .M. Mbeki (1997), *While paper on Integrated National Disability Strategy for South Africa. South Africa:* Office of the Deputy President.
- The Danish Council of originations of Disable people (2001). DSI mini-program agreement: Country strategy Nepal. Hvidovre: Author.
- The Danish Disability Council (2002). *Danish Disability policy, Publisher.* Denmark: Author.
- .Comprehensive disability policy framework for KOSOVO
- UNESCO/UNICEF: *Draft Final Report : Sub-Regional Seminar on policy, Planning and organization of Special Needs Education,* Kathmandu, Nepal, 1-5 August 1995.
- United Nation. (1994). *The Standard Rules on the Equalization of opportunities for persons with Disabilities.* New York: Author

- United Nation Asian and Pacific Decade of Disabled persons, 1993-2002: Mandates for Action. New York: Author.
- United Nations (1986). *United Nations Decade of Disabled Persons, 1983-1992: Disability situation, strategies and policies.* New York: Author
- United Nations (1994). *Social Development, including questions Relating to the world social situation and to youth, Ageing, Disabled persons and Family.* New York: Author
- United Nations (1995). *Hidden Sisters: Women and Girls with Disabilities in the Asian and pacific Region.* New York; Author.
- UN Economic and Social Council, Economic and Social Commission for Asia and the Pacific High- Level Intergovernmental meeting to conclude the Asian and Pacific Decade of Disabled Person, 1993-2002, 25-28 October 2002, Shiga, Japan.
- श्रेष्ठ, ज्ञाइन्द्रबहादुर. (२०५८) मुलुकी ऐनः एक टिप्पणी, काठमाण्डौं: पैरवी प्रकाशन


C:\Bijaya\Plan of Action June 25.doc